सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० माघ २०८०, शनिबार (3 Feb 2024, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २८५ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

झन् नयाँ

दुई कविको
दोस्ताना



सम्बन्ध

चार दशकदेखि सँगै रहेका कवि विमल निभा र श्यामलले सहरमा कति जोर जुत्ता फटाए लेखाजोखा छैन । तर, चप्पल लगाउनेहरूका बारेमा कविता भने लेखिरहे ।

दीपक बज्राचार्यलाई
छोरी चेरिसाको प्रश्न



'मन मगन'मा नेपाली मौलिक बाजा किन प्रयोग गर्नुभयो ?

ड्रम र गितारमा मात्रै म्युजिक गर्‍यो भने आफ्नो पहिचान गुम्छ । मैले आजभन्दा १० वर्षअघि जुन कुरा महसुस गरेको थिएँ, हिजोआज अरू म्युजिसियनले पनि सोच्न थालेका छन् । म्युजिकमा आफ्नोपन चाहिन्छ भन्ने सबैले बुझेका छन् । यो ट्रेन्ड अब हट्नेवाला छैन ।

सगरमाथाको अर्थतन्त्र

सन् २०२३ मा करिब १३ अर्ब आम्दानी । आरोही र पदयात्रीले तिर्ने रोयल्टी, सगरमाथा राष्ट्रिय निकुञ्ज प्रवेश शुल्क, होटेलको बसाइ, इन्स्योरेन्स, हवाई भाडा, माउन्टेन फ्लाइट, गाइड, सहयोगी, इक्विपमेन्ट अलाइन्सलगायत आम्दानीका स्रोत ।

- सगरमाथामा आरोहीको रोयल्टीसहित दुई अर्ब १३ करोड ४१ लाख, ट्रेकर्सबाट १० अर्ब ४७ करोड ६५ लाख र हेलिकोप्टरबाट ३० करोड कारोबार
- सन् २०२३ मा पर्यटन विभागले ४७८ आरोहीलाई आरोहणको अनुमति दिएर ६६ करोड ६४ लाख २१ हजार रुपैयाँ उठायो रोयल्टी
- २०१७ यता आरोहीबाट दुई अर्ब ८३ करोड ३४ लाख रुपैयाँ रोयल्टी उठ्यो

(सन् २०२० मा कोभिडका कारण एउटै आरोहण भएन)

नवीन अर्याल/नयाँ पत्रिका

उचाइअनुसार नै सर्वोच्च शिखर सगरमाथाको विश्वभर पहिचान छ । आरोहण गर्न र नजिकैबाट नियाल्न संसार नै लालायित देखिन्छ । तैपनि न ठूलो संख्यामा पर्यटक भित्र्याउन सकिएको छ, न सगरमाथालाई अर्थोपार्जनको गतिलो माध्यम बनाई लाभ लिन सकिएको छ । यद्यपि, सगरमाथा क्षेत्रमा आउने पर्यटकबाट हुने आम्दानी भने विगतको तुलनामा बढ्दै गएको छ ।

३ जुन १९५० मा फ्रेन्च नागरिक मोरिस हर्जोग र लुइस लेचेनलले अन्नपूर्णको शिखर चुमे । आठ हजार मिटरभन्दा अग्लो शिखरमा पहिलो मानव पाइला परेपछि संसारभर नेपालबारे हल्लीखल्ली मच्चियो । त्यसको ठ्याक्कै तीन वर्षपछि २९ मे १९५३ मा न्युजिल्यान्डका एडमन्ड हिलारी र नेपालका तेन्जिङ नोर्गे शेर्पाले विश्वकै अग्लो सगरमाथा चुचुरोमा पाइला टेके । त्यो खबर संसारभर यसरी फैलियो कि 'नेपाल हिमालयको देश' भनेर चिनियो ।

संयोगले त्यतिवेला न्युजिल्यान्डमै रहेका स्व. सत्यमोहन जोशीले आफ्नो 'न्युजिल्यान्डमा पहिलो नेपाली' पुस्तकमा लेखेका छन्, 'त्यो समाचारले न्युजिल्यान्डका सञ्चारमाध्यम तताएको थियो । तेन्जिङ नोर्गेको गाउँले भनेर न्युजिल्यान्डवासीले मलाई भव्य सत्कार गरेका थिए ।' सगरमाथामा सफल आरोहणको विश्वभर चर्चासँगै नेपाल

» पृष्ठ २ मा क्रमशः



सगरमाथा चढे ८,२७२ आरोही

न्युजिल्यान्डका एडमन्ड हिलारी र नेपालका तेन्जिङ नोर्गे शेर्पाले २९ मे १९५३ मा सफल आरोहण गरेपछि सन् २०२३ सम्म आठ हजार २७२ जनाले सगरमाथाको चुचुरो चुमिसकेका छन् । जसमध्ये पाँच सय ८० जना महिला आरोही छन् । पछिल्लो १० वर्षको तथ्यांक हेर्दा सन् २०१४ मा ६, २०१५ मा शून्य, २०१६ मा ४५१, २०१७ मा ४२६, २०१८ मा ५६०, २०१९ मा ६४४, २०२० मा शून्य, २०२१ मा ४५९, २०२२ मा ६५८ र २०२३ मा ६४६ आरोही (गाइडसहित) सगरमाथा चुचुरोमा पुगेका थिए । २०१४ र २०१५ विनाशकारी भूकम्प र २०२० मा कोभिड महामारीका कारण हिमाल आरोहण रोकिएको थियो ।

पृष्ठ २

- सगरमाथा आरोहण गर्न विदेशीले ११ हजार डलर र नेपालीले ७५ हजार रुपैयाँ तिर्छन् रोयल्टी
- एक विदेशीले खर्चिन्छन् २५ हजारदेखि ५० हजार अमेरिकी डलर
- विदेशी पदयात्रीले औसतमा १५ सय डलर र नेपालीले ७० हजार रुपैयाँ गर्छन् खर्च
- सगरमाथा क्षेत्रमा हजारभन्दा बढी होटेल
- विश्वकै डरलाग्दो लुक्ला विमानस्थल, जहाँ सिजनमा दिनमै ४१२ वटासम्म उडान
- सगरमाथामा ३२८ जनाले ज्यान गुमाए, ३० प्रतिशत शव अझै अलपत्र
- नेपाली पदयात्री पहिले बेवास्ता, अहिले रोजाइमा
- एउटा आरोहीबाट २६ जनालाई रोजगारी

सगरमाथा विश्वकै 'आइकन' हो, तर अपेक्षित लाभ लिन चुकेका छौं



चक्रबहादुर बुढा,
महानिर्देशक, पर्यटन विभाग

विश्वकै सर्वोच्च शिखर सगरमाथा नेपालमै हुनु हाम्रा लागि अहोभाग्य र गौरव पनि हो । सगरमाथा सर्वोच्च शिखर र विश्वसम्पदा सूचीमा हुँदा यसै मार्केटिङ भइरहेकै हुन्छ । तैपनि हामी सगरमाथाबाट अपेक्षित लाभ लिन चुकेका छौं । हिमाली भेगमा पर्यटक तान्न व्यवस्थित ट्रेकिङ रुट, सुरक्षित यात्रा, खाने-बस्ने सुविधा, मौसम बिग्रिँदा, हिमपहिरो जाँदा र लेक लाग्दा यथाशीघ्र रेस्क्यु गर्ने व्यवस्था हुनुपर्छ । आरोहीले ज्यान गुमाउँदा शव ल्याएर आफन्तलाई बुझाउन सक्नुपर्छ । सगरमाथा क्षेत्रमा ट्रेकिङ रुट र खान-बस्न सुविधासम्पन्न होटेल खुलिसकेका छन् । तर, रेस्क्यु अझै प्रभावकारी हुन सकेको छैन । आरोहीको शव व्यवस्थापनमा पनि समस्या भइरहेको छ । सरसफाइ अर्को चुनौती बनेको छ । हामी आधार शिविरभन्दा माथि अनुगमनका लागि जान सक्दैनौं । आरोहणमा आउने पर्यटक खर्चालु हुन्छन् । हामीसँग यति धेरै हिमाल छन्, ती हिमालमा धेरै आरोही भित्र्याउन सक्नुपर्छ ।

खुम्बु क्षेत्रले देशको पर्यटन र अर्थतन्त्रमा ठूलो टेवा पुऱ्याएको छ



आङछिरिङ शेर्पा
पूर्वअध्यक्ष, नेपाल पर्वतारोहण संघ

सगरमाथाले खुम्बु क्षेत्रलाई समृद्ध बनाएको छ नै, देशलाई विश्वसामु चिनाउने काम गरेको छ । देशको पर्यटन र अर्थतन्त्रमा ठूलो टेवा दिइरहेको छ । सगरमाथा खुम्बुका बासिन्दाका लागि वरदान नै हो । त्यहाँका स्थानीयले पर्यटनबाट ठूलो लाभ लिइरहेका छन् । सम्पदाबाट अपेक्षित लाभ लिन अझै सकिएको छैन । अहिले पूर्वाधार मजबुत भएन । पर्यटन पूर्वाधार विकासमा ध्यान दिनुपर्छ । राष्ट्रिय नीति पनि पर्यटनमैत्री नहुँदा पर्यटकीय मुलुकमा धेरै पर्यटक ल्याउन सकेनौं । युरोपदेखि अमेरिकासम्म सीधा फ्लाइट हुनुपर्छ । अहिले मान्छे थोरै समयमा धेरै घुम्न खोज्छ । राष्ट्रिय ध्वजावाहक जबसम्म मजबुत हुँदैन, तबसम्म पर्यटनमा दिगो विकास सम्भव छैन । यदि अहिले नेपाल वायुसेवा निगमसँग १५ वटा वाइडबडी जहाज हुन्थे भने ४० लाख पर्यटक पुऱ्याउन असम्भव थिएन ।

राम्रो अभिनेता बन्न
समाज बुझ्नैपर्छ



सिने-संवाद

माओत्से गुरुङ
अभिनेता तथा चलचित्र निर्देशक

म्युनिख ओलम्पिकको त्यो त्रासद बिहान

संस्मरण



जितबहादुर केसी
म्याराथन धावक

■ बाँसबारी जग्गा प्रकरण

पब्लिक कम्पनीको समझदारी, निजी कम्पनी बनाएर हिनामिना

नयाँ पत्रिका

बाँसबारी छाला तथा जुत्ता कारखानाको जग्गा हिनामिना गर्दा चौधरी समूहले पब्लिक कम्पनी बनाउने समझदारी गरी निजी कम्पनी बनाएर ठगी गरेको प्रहरीले जनाएको छ । सरकारी कम्पनीलाई च्याम्पियन फुटवेयर कम्पनीमा सेयर हाल्न लगाउँदा २४ प्रतिशत सर्वसाधारणलाई दिने भनेर समझदारी गरेकोमा त्यो सेयरको विवरण नै भेटिएको छैन ।

जुत्ता उत्पादनमा सरकारी कम्पनीलाई सहयोग गर्न भन्दै च्याम्पियन फुटवेयरले प्रस्ताव गरी १० रोपनी जग्गा लिएको थियो । सो कम्पनीमा चौधरी परिवारको ५१ प्रतिशत, बाँसबारी कारखानाको २५ र बाँकी २४ प्रतिशत सर्वसाधारणलाई दिने भनेर पब्लिक कम्पनी बनाउने समझदारी भएको थियो ।

तर, जग्गा लिएपछि सो कम्पनीका सञ्चालकहरूले पब्लिक कम्पनीलाई किर्ते गरी निजी कम्पनी बनाएको सिआइबीका वरिष्ठ प्रहरी उपरीक्षक (एसएसपी) दिनेश आचार्यले बताए । सिआइबीले चौधरी समूहका व्यवसायी अरुण चौधरी,



अरुण चौधरी

तत्कालीन छाला तथा जुत्ता कारखानाका अध्यक्ष अजितनारायणसिंह थापा र हाल व्यवसायी चौधरीका साझेदार सञ्जय ठाकुरलाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ । सो जग्गामा हाल चौधरी समूहले चाँदवाग विद्यालय सञ्चालन गर्दै आएको छ ।

सरकारी कम्पनीलाई ठगी गरी त्यहाँको १० रोपनी जग्गा हत्याएको आरोपमा प्रहरीले अनुसन्धान गरेको हो । तीन महिनाभन्दा लामो अनुसन्धानपछि आरोपीलाई पक्राउ गरिएको सिआइबीले जनाएको छ ।

सुरुमा सस्तो मूल्यमा ६ रोपनी जग्गा सो कम्पनीले लिएको र पछि सेयरबापत थप चार रोपनी लिएको थियो । तर, तीन वर्षमै च्याम्पियन फुटवेयर बन्द भएको थियो । ०५४ मा चौधरीले नै बाँसबारी कारखानाको २५ प्रतिशत सेयर पनि हात पारी कम्पनीको नाम परिवर्तन गरेका थिए । जसमा जालसाजी भएको प्रहरी दाबी छ । सिआइबीले शुक्रबार पत्रकार सम्मेलन गरी सो जग्गा प्रकरणबारे सार्वजनिक गरेको हो ।

सरकारी जग्गा बेचबिखन गर्ने कुनै अधिकार नभए पनि तत्कालीन अध्यक्ष थापाले चौधरी समूहको प्रभावमा परी कानुनविपरीतको निर्णय गरेको प्रहरी दाबी छ । प्रहरीले किर्ते र ठगीसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाएको छ । देशका प्रभावशाली व्यापारी पक्राउ परेपछि सकेसम्म मुद्दा नचलाउने र चलाएपछि केही दिनभित्रै अनुसन्धान टुंग्याउन विभिन्न निकायबाट सिआइबीमाथि दबाब परेको छ ।

संसद् अब क्यालेन्डरमा

प्रतिनिधिसभाको तीन हप्ताको कार्यतालिका, राष्ट्रिय सभाको फागुन मसान्तसम्मकै सेड्युल



संसद्को आउँदो हिउँदे अधिवेशनका सन्दर्भमा प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे राजनीतिक दलका प्रमुख सचेतक तथा सचेतकसँग शुक्रबार छलफल गर्दै

कमलराज भट्ट/नयाँ पत्रिका

संघीय संसद्को हिउँदे अधिवेशन क्यालेन्डरमा सञ्चालन हुने भएको छ । विधेयक अधिवेशनका रूपमा रहेको यो अधिवेशनलाई कानुन निर्माणमा उपलब्धिमूलक बनाउन संसद् र सरकार क्यालेन्डर लागू गर्न तयार भएका छन् ।

संसद् सचिवालयका अनुसार प्रतिनिधिसभाले प्रारम्भमा तीन हप्ताको क्यालेन्डर बनाएर कार्यान्वयनमा लैजानेछ भने राष्ट्रिय सभाले शुक्रबार फागुन मसान्त अर्थात् पाँच महिनाको क्यालेन्डर कार्यव्यवस्था तथा परामर्श समितिबाट स्वीकृत गरिसकेको छ । प्रतिनिधिसभातर्फ सचिवालयले प्रस्तुत गरेको क्यालेन्डरमा सभामुख देवराज घिमिरेले शुक्रबार साँझ दलका प्रमुख सचेतकबाट सुझाव लिएका छन् । सुझावका आधारमा प्रस्तावित क्यालेन्डर संशोधन गरेर माघ अन्तिम साता, फागुन पहिलो र दोस्रो साता गरेर तीन हप्ताको क्यालेन्डर कार्यान्वयनमा आउने संसद् सचिवालयका कार्यवाहक महासचिव पद्मप्रसाद पाण्डेयले जानकारी दिए ।

राष्ट्रिय सभाको क्यालेन्डर स्वीकृत

सुझाव समेटेर संसद् सचिवालयले क्यालेन्डर तयार पारेपछि कार्यव्यवस्था तथा परामर्श समितिले स्वीकृत गर्नेछ । पाण्डेयका अनुसार दलहरू हप्तामा तीन दिन सदन र तीन दिन संसदीय समिति चलाउन सहमत भएका छन् । यसैगरी, संसदीय प्रक्रियामा रहेका विधेयकलाई पनि क्यालेन्डरमा राख्न सरकार र संसद्मा प्रतिनिधित्व गर्नेहरू तयार भएका छन् । तीन

» पृष्ठ २ मा क्रमशः

■ प्रचण्ड-ओली भेट

शान्ति प्रक्रियासहित अड्किएका विधेयक केन्द्रित छलफल

संक्रमणकालीन न्यायसँग जोडिएको सत्य निरूपण, मेलमिलाप तथा बेपत्ता छानबिनसहित संसदीय समितिमा अड्किएका एक दर्जनभन्दा बढी विधेयक अगाडि बढाउने विषयमा कुराकानी

सभामुख र अध्यक्षले भेटे प्रधानमन्त्री, बजेट बढाउने प्रतिबद्धता

भेटमा प्रधानमन्त्री प्रचण्डले बजेट अभावले संसद् सञ्चालनमा परेको असरबारे जानकार रहेको र आगामी बजेटमा आवश्यक बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाए

■ कांग्रेस बैठक

संसद् र समितिमा क्रियाशील हुन सांसदलाई निर्देशन

'संसद्को अधिवेशन चालू रहेको समयमा अत्यावश्यकबाहेकका अवस्थामा राजधानीबाहिर नजानू'

गैरसरकारी विधेयकको तयारीमा रास्वपा

संसदीय दलको बैठकमा विचाराधीन विधेयक पारित गराउन सशक्त भूमिका खेल्ने र नयाँ विधेयक लाने निर्णय

■ लम्बिँदो रुस-युक्रेन युद्ध

सामेल छैन नेपाल, तर सामेल नेपालीको बेहाल



शुक्रबार काठमाडौंमा रुसी सेनामा कार्यरत रहँदा मृत्युवरण गरेका, बेपत्ता र असहज अवस्थामा रहेका नेपालका परिवारजनको भेला

पर्शुराम काफ्ले/नयाँ पत्रिका

रुस र युक्रेनसँग नेपालको कूटनीतिक सम्बन्ध छ, तर दुई वर्षदेखि जारी उनीहरूबीचको युद्धसँग नेपालको कुनै साइनो छैन । तर, युद्धमा सामेल नेपालीको भने अवस्था बेहाल छ ।

युद्धमा नेपाल सामेल नभए पनि नेपाली रुसी सेनामा भर्ती भएका छन् । युद्धमा बढ्दो मानवीय क्षति सम्बन्धित परिवार र सरकार दुवैका लागि गम्भीर चिन्ताको विषय हुँदै छ । रुसी सेनामा कार्यरतमध्ये हालसम्म एक दर्जन नेपालीको निधन भइसकेको छ । चारजना नेपाली युक्रेनमा युद्धबन्दी छन् । अहिले सबैभन्दा ठूलो समस्या रुसी सेनामा कार्यरत नेपालीमाथि छ ।

लम्बिँदो युद्ध र नेपाली युद्धको पहिलो पंक्तिमा परेर मृत्युवरण गरिरहेको, घाइते भएको र बेपत्ता भएको समाचारले नेपालमा रहेका उनीहरूका परिवारलाई बेचैन बनाएको छ । रुसी सेनामा भर्ना भएकाहरू चाहेर पनि फर्कन सकेका छैनन् ।

शुक्रबार काठमाडौंको अनामनगरमा रुसी सेनामा कार्यरत रहेर मृत्युवरण गरेका, बेपत्ता अवस्थामा रहेका र असहज अवस्थामा रहेका नेपालका परिवारजन भेला भएका थिए । कष्टसाथ भागेर स्वदेश आइपुगेका व्यक्ति पनि त्यहाँ थिए । पत्रकारिता गरेर राजनीतिमा होमिएकी कृतु भण्डारीले पीडित परिवारलाई भेला पारेर

» पृष्ठ २ मा क्रमशः

लेबनानमा नेपाली शान्ति सैनिकको मृत्यु

काठमाडौं/ संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति स्थापना कार्यका लागि लेबनानमा तैनाथ शान्ति सैनिकको मृत्यु भएको छ । पुरानो गोरख गण (शान्ति सेना) ६४औं डफ्फामा कार्यरत सिपाही सुवास थापाको बिहीबार मृत्यु भएको हो ।

दोलखाका थापा गण हे.क्वा.को बंकरमा स्ट्यान्डबाई ड्युटीमा रहँदा आर्फैले बोकेको हतियारबाट गोली लागेर घाइते अवस्थामा फेला परेको र त्यहीं अस्पतालमा उपचारका लागि लाने क्रममा मृत्यु भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ । 'स्वर्गीय सिपाही सुवासको पार्थिव शरीर स्वदेश ल्याउन आवश्यक समन्वय भइरहेको छ,' सेनाको विज्ञप्तिमा छ ।

हाल उक्त मिसन तैनाथ रहेको लेबनानको सीमावर्ती इलाकामा लडाइँ चलिरहेको छ । त्यसको मनोवैज्ञानिक असर वा अन्य कुनै कारणबाट उक्त घटना घटेको हो भन्नेबारे बुझ्ने कार्य भइरहेको सेनाले जनाएको छ । त्यहाँ कार्यरत शान्ति सैनिक फागुन दोस्रो साता स्वदेश फर्किने तयारीमा छन् ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

काठमाडौंका क्यासिनोमा बेटिङदेखि सुन तस्करीको पैसा शुद्धीकरणसम्म



अनलाइन बेटिङलगायत अवैध गतिविधि सञ्चालन गरेको अभियोगमा पक्राउ परेका दरबारमार्गस्थित क्यासिनो प्यालेस सञ्चालकसहित

नयाँ पत्रिका

काठमाडौंका क्यासिनोमा हुने अवैध आर्थिक अपराधको प्रहरीले अनुसन्धान थालेको छ। क्यासिनोभित्र अनलाइन बेटिङदेखि सुन तस्करीको पैसाको कारोबारसमेत हुने गरेको पछिल्ला अनुसन्धानले देखाएको छ।

दरबारमार्गस्थित क्यासिनो प्यालेसमा काठमाडौं प्रहरीले बिहीबार छापा हानी अनलाइन बेटिङलगायत अवैध गतिविधि सञ्चालन गरेको अभियोगमा सञ्चालकसहित तीनजनालाई पक्राउ गरेको छ। भारतको पञ्जाबका रिसव पावा, गुलाव सिंह र गौरव सिंहलाई प्रहरीले पक्राउ गरेको हो। उनीहरूबाट एक करोड आठ लाख चार सय ४५ रुपैयाँबराबर विभिन्न देशका मुद्रासमेत बरामद भएको काठमाडौं परिसरले जनाएको छ। पक्राउ परेकामध्ये पावा क्यासिनो सञ्चालक हुन्। क्यासिनोबाट अवैध अनलाइन जुवा खेलाउने विद्युतीय उपकरणहरूसमेत प्रहरीले बरामद गरेको छ। अनलाइन जुवाकै लागि क्यासिनोको अन्डरग्राउन्डमा उनीहरूले छुट्टै कोठा बनाएका थिए।

अनलाइन सफ्टवेयर नै राखेर उनीहरूले अवैध अनलाइन बेटिङ चलाउँदै आएको पाइयो,' काठमाडौं परिसरका प्रमुख एसएसपी भूपेन्द्र खत्रीले भने, 'क्यासिनोबाट अनुमतिविना ठूलो मात्रामा विदेशी मुद्राको कारोबार गरेकाले नेपाल राष्ट्र बैंक ऐन २०५८ को अपराध गरेकोमा पनि अनुसन्धान थालेका छौं।' उनीहरूले क्यासिनोबाटै हुन्डीको कारोबारसमेत गर्दै आएको सूचनाका आधारमा प्रहरीले अनुसन्धान अघि बढाएको छ।

यसअघि ठमेलस्थित क्यासिनो वाल्डोमा सुन तस्करीको पैसा शुद्धीकरण गरेर मकाउ पठाइएको खुलेको छ। सुन तस्करीमा पक्राउ परेका एलेक्स भनिने यावो पुचेङले १३ करोड रुपैयाँबराबरको हारजित देखिएको थियो। सुन कारोबारको रकम आफूले सोही क्यासिनोमार्फत क्यासिनोको सहयोगमा मकाउ पठाएको उनले स्वीकार गरेका थिए। सो क्यासिनो हङकङका व्यापारीले सञ्चालन गर्दै आएका छन्। स्रोतका अनुसार उनीहरूको मकाउमा पनि क्यासिनो छ। उक्त क्यासिनोको नेपालमा उनीहरूले आफ्नो ब्यालेन्स देखाई मकाउबाट निकाल्ने गरेका थिए।

सो विषयमा सिआइबीले सो क्यासिनोका चिनियाँ कर्मचारीहरू हावो सुइहङ र टेरेन्स सेसँग विस्तृत सोधपुछ पनि गरेको थियो। सुन तस्करीमा संलग्न चिनियाँले ठूलो मात्रामा जुवा खेल्ने गरेको उनीहरूको भनाइ थियो। यस विषयमा सिआइबीले दोस्रो चरणमा अनुसन्धान गर्ने बताए पनि थप अनुसन्धान हुन सकेको छैन। सो क्यासिनोमा थप आपराधिक गतिविधि हुने आशंकामा केही दिनअघि काठमाडौं प्रहरीले पनि छापा हानेको स्रोत बताउँछ। 'अन्य क्यासिनोहरूमा पनि शंकास्पद गतिविधिको सूचनाका आधारमा अनुसन्धान अघि बढाएका छौं,' काठमाडौं परिसरका एक अधिकारीले भने।

नेपालको कानुनअनुसार क्यासिनोमा विदेशीले मात्र जुवा खेल्न पाउँछन्। तर, नेपालीलाई पनि जुवा खेलाउने गरेकोमा क्यासिनो विवादमा पर्दै आएका छन्। नागपोखरीस्थित डेल्टन क्यासिनोले नेपाली नागरिकलाई नक्कली भारतीय परिचयपत्र बनाएर जुवा खेलाउने गरेको दुई महिनाअघि खुलेको थियो। जहाँ प्रहरीले छापा हानी नेपालीलाई पक्राउ गरेको थियो।

क्यासिनोमा हुने कारोबार पारदर्शी नहुँदा नेपालमाथि अन्तर्राष्ट्रिय रूपमा पनि प्रश्न उठ्दै आएको छ। क्यासिनो कालो धन शुद्धीकरण गर्ने क्षेत्र भएको आरोप लाग्दै आएको छ। सम्पत्ति शुद्धीकरणको नियमन गर्ने अन्तर्राष्ट्रिय निकाय वित्तीय कारबाही कार्यदल र यसको क्षेत्रीय संस्था एसिया प्रशान्त समूह (एपिजी) ले नेपालमा क्यासिनो क्षेत्रलाई सम्पत्ति शुद्धीकरणको जोखिमपूर्ण क्षेत्र रहेको औंल्याउँदै आएको छ। सोही आधारमा सरकारले पर्यटन ऐन संशोधन गरी क्यासिनोलाई कडाइ गर्ने प्रावधान राख्न लागेको छ। तर, त्यससम्बन्धी विधेयक लामो समयदेखि संसद्मा रोकिएको छ।

सगरमाथाको...

पृष्ठ १ बाट क्रमशः

आउने विदेशीको संख्या बढ्न थाल्यो। अन्नपूर्ण र सगरमाथा आरोहणले विश्वको ध्यान खिचेको नेपाल माउन्टेनियरिङ एसोसिएसन (एनएमए)का पूर्वअध्यक्ष आङछिरिङ शेर्पा बताउँछन्। 'त्यतिखेर नेपालमा व्यावसायिक पर्यटनको सुरुवात मात्र भएन। नेपाल माउन्टेन टुरिजमको गेटवेकै रूपमा प्रमोट भयो,' उनले भने। पाँच दशकदेखि पर्यटन व्यवसायमा सक्रिय वसन्त मिश्र पनि अन्नपूर्ण र सगरमाथा आरोहणपछि बल्ल नेपालमा पर्यटन सुरुवात भएको मान्छन्।

सगरमाथा चुचुरोमा मानव पाइला परेको ७० वर्ष पुगिसकेको छ। यसबीचमा नेपालीसहित आठ हजार २७२ जनाले सगरमाथाको शिखर चुमिसकेका छन्। आरोहीको सगरमाथा शिखर चुम्न ताँती लाग्ने गर्छ। कैयौं आरोहीले सगरमाथा चढेरै विभिन्न रेकर्ड बनाई संसारभर नाम कमाएका छन्। अहिलेसम्म सगरमाथामा सर्यौं रेकर्ड बने होलान्। नयाँ-नयाँ रेकर्ड राख्ने र तोड्ने क्रम अहिले पनि जारी नै छ।

वर्षमा कति हुन्छ आम्दानी ?

पर्वतारोहीले बुझाउने रोयल्टी, खुम्बुमा होटेलको बसाइ, इन्स्योरेन्स, फ्लाइट, गाइड, सहयोगी, इक्विपमेन्ट अलाइन्स, सगरमाथा राष्ट्रिय निकुञ्ज प्रवेशका लागि पदायात्रीले तिर्ने शुल्कलगायत त्यस क्षेत्रमा हुने आम्दानीका स्रोत हुन्।

सन् २०२३ (०७९/८०) को पर्यटक र पदयात्रीको तथ्यांकका आधारमा एक वर्षमा करिब १३ अर्ब आम्दानी भएको छ। २०२३ मा सगरमाथा आरोहीबाट मात्रै ६६ करोड ६४ लाख रुपैयाँ रोयल्टी संकलन भएको छ। ४७८ आरोहीबाट रोयल्टीसहित करिब दुई अर्ब १३ करोड ४१ लाख र पदयात्रीबाट करिब १० अर्ब ४७ करोड ६५ लाख रुपैयाँ आम्दानी भएको छ। २०२३ मा सगरमाथा चढ्न अनुमति लिएका विभिन्न देशका ४७८ आरोहीबाट ६६ करोड ६४ लाख २१ हजार रुपैयाँ रोयल्टी उठेको पर्यटन विभागले जनाएको छ। खुम्बु क्षेत्रमा होलिकोप्टर कम्पनीले करिब ३० करोडको बिजनेस गरेको अल्टिच्युड एयरका सञ्चालक प्रतापजंग पाण्डेले बताए।

सगरमाथा आरोहणका लागि वसन्त ऋतु सबैभन्दा उपयुक्त सिजन हो। अन्य सिजनमा सगरमाथा आरोहण नगन्य हुने गर्छ। तर, ट्रेकिङ (पदयात्रा)का लागि भने वसन्त, शरद र विन्टर सिजन उपयुक्त मानिन्छन्।

पर्यटकले कति तिर्छन् रोयल्टी ?

सगरमाथा आरोहणका लागि विदेशी नागरिकका हकमा प्रतिआरोही नर्मल रुटको वसन्त सिजनमा ११ हजार डलर, शरदमा ५५ सय डलर र विन्टर/बर्सातमा सिजनमा २७ सय ५० डलर अमेरिकी तिर्नुपर्ने हुन्छ। यस्तै, अन्य रुटबाट सगरमाथा चढ्नेले स्प्रिङमा १० हजार, शरदमा पाँच हजार र हिउँद/बर्सातमा २५ सय डलर तिर्नुपर्छ।

यस्तै, नेपाली आरोहीको हकमा वसन्त ऋतुमा नर्मल रुटको ७५ हजार रुपैयाँ र अन्य रुटको ६० हजार रुपैयाँ तिर्नुपर्छ। शरद सिजनमा चढ्न नर्मल रुटको ३७ हजार पाँच सय रुपैयाँ र अन्य रुटका लागि ३० हजार तथा हिउँद र बर्सातको सिजनमा चढ्न नर्मल रुटको १८ हजार २५० र अन्य रुटको १५ हजार रुपैयाँ रोयल्टी तिर्नुपर्छ।

निकुञ्ज प्रवेशका लागि नेपालीले प्रतिव्यक्ति सय, सार्क देशका नागरिकले १५ सय र तेस्रो देशका नागरिकले तीन हजार रुपैयाँ शुल्क तिर्नुपर्ने हुन्छ। आर्थिक वर्ष ०७९/८० मा ५७ हजार ६९० पदयात्री सगरमाथा ट्रेकिङमा गएका थिए, जसमध्ये ६ हजार ८०८ नेपाली, ६ हजार ४६९ सार्क र ४४ हजार ४१३ तेस्रो देशका थिए। यी पदयात्रीबाट १४ करोड ३६ लाख रुपैयाँ प्रवेश शुल्क उठेको सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयका सूचना अधिकारी मनोजकुमार मण्डलले बताए।

चालू आवको पहिलो पाँच महिनामा २७ हजार ६१ जनाले सगरमाथा ट्रेकिङ गरेका छन्, जसबापत ६ करोड ३२ लाख ४० हजार रुपैयाँ उठेको छ।

एक आरोहीले २५ हजारदेखि ५० हजार अमेरिकी डलरसम्म खर्च गर्छन्

व्यवसायीका अनुसार सगरमाथा चढ्न विदेशीले औसतमा ३५ हजार अमेरिकी डलर (करिब साढे ४५ लाख रुपैयाँ) र नेपालीले २० लाख रुपैयाँ खर्च गर्छन्। अधिकांशले वसन्त सिजनमै सगरमाथा आरोहण गर्छन्, जसबापत विदेशीले प्रतिव्यक्ति ११ हजार डलर (१४ लाख ६३ हजार रुपैयाँ) र नेपालीले ७५ हजार रुपैयाँ रोयल्टी तिर्नुपर्छ।

आरोहण क्षेत्रमा ६० वर्षदेखि सक्रिय एसियन ट्रेक्सका अध्यक्ष आङछिरिङ शेर्पा भन्छन्, 'एउटा विदेशीले रोयल्टी र लजिस्टिक खर्चसहित न्यूनतम २५ हजारदेखि ५० हजार अमेरिकी डलरसम्म खर्च गर्छन्। आङछिरिङ, सेभेन समिट ट्रेक्सका अध्यक्ष मिङ्मा शेर्पालगायत अग्रणी आरोहण व्यवसायीका अनुसार सगरमाथा चढ्न विदेशीले औसतमा ३५ हजार अमेरिकी डलर (करिब साढे ४५ लाख रुपैयाँ) र नेपालीले २० लाख रुपैयाँ खर्च गर्छन्।

सन् २०२३ मा सगरमाथा चढ्न अनुमति लिएका चार सय ७८ जनामध्ये चार सय ६२ आरोही विदेशी थिए। उनीहरूले औसत प्रतिव्यक्ति साढे ४५ लाख रुपैयाँका दरले दुई अर्ब १० करोड २१ लाख रुपैयाँ खर्च गरेका छन्। यस्तै, १६ नेपाली आरोहीले औसतमा २० लाख रुपैयाँका दरले तीन करोड २० लाख रुपैयाँ खर्च गरेका छन्।

यो खर्चमा भिसा शुल्क, काठमाडौं बसाइ, हवाई भाडा, खुम्बु क्षेत्रमा लजिङ-फुडिङ, इन्स्योरेन्स, गाइड, सहयोगी स्टाफ, इक्विपमेन्ट अलायन्स, बेसक्याम्पमा ४० दिनसम्मको खाने-बस्ने सुविधा, हाई अल्टिच्युड टेन्ट, अक्सिजन, रोप फिक्सिङ (डोरी टाँगेर बनाइएको बाटो) शुल्कलगायत पर्ने नेपाल माउन्टेनियरिङ एसोसियसन (एनएमए)का अध्यक्ष निमानुरु शेर्पा बताउँछन्।

एउटा पदयात्रीले औसतमा १५ सय डलर खर्चिन्छन्

कोभिडयता खुम्बु क्षेत्रमा भारतीय र नेपाली पदयात्रीको भिड हुन थालेको छ। आरोहणमा पनि नेपाली र भारतीयको उपस्थिति बाक्लिँदै छ। त्यसैले त सगरमाथाको प्रवेशद्वार लुक्लामा २०२३ मा हवाई यात्रु २३.८४ प्रतिशतले बढेका हुन्। आव ०७९/८० मा सगरमाथा निकुञ्जभित्र ५७ हजार ६९० यात्रु प्रवेश गरेका थिए। जसबाट १४ करोड ३६ लाख रुपैयाँ रोयल्टी उठेको थियो। यस वर्षको पहिलो पाँच महिनामा २७ हजार ६१ जनाले ६ करोड ३२ लाख ४० हजार रुपैयाँ रोयल्टी तिरेका छन्।

सगरमाथा ट्रेकिङ जानेले १० देखि २० दिनसम्म बिताउने गर्छन्। विदेशी पदयात्रीले १५-१६ दिनमा न्यूनतम हजारदेखि तीन हजार डलरसम्म खर्च गर्ने गरेको कोरा टुर्सका सञ्चालक विजय अमात्य बताउँछन्। थामसेर्कु ट्रेकिङ कम्पनीका मिङ्मा शेर्पाले पनि विदेशीलाई १४ सयदेखि तीन हजारसम्मको प्याकेज बिक्री गर्ने गरेको बताए। एउटा विदेशी पदयात्रीले सगरमाथा ट्रेकिङ जाँदा औसतमा १५ सय डलर खर्च गर्ने आङछिरिङको भनाइ छ। अरू ट्रेकिङ व्यवसायीको पनि यही आकलन छ। एनएमएका अध्यक्ष निमानुरु शेर्पा खुम्बु क्षेत्रमा पदयात्रीले दैनिक ५० देखि सय डलर खर्च गर्ने बताउँछन्। विदेशीका लागि लुक्लाको हवाई भाडा मात्रै दुईतर्फी चार सय डलरहाराहारी रहेको छ।

गत आवमा ५० हजार ८८२ विदेशी पदायात्रीले सगरमाथा निकुञ्ज प्रवेश गरेको तथ्यांक छ। उनीहरूले प्रतिव्यक्ति औसतमा १५ सय डलरका दरले १० अर्ब र ६ हजार ८०८ नेपाली पदयात्रीबाट औसतमा ७० हजारका दरले ४७ करोड ६५ लाख गरी १० अर्ब ४७ करोड ६५ लाखभन्दा बढी रकम खर्च गरेका छन्। नेपाली ट्रेकर्सले दैनिक औसतमा चार हजारका दरले खर्च गर्ने बताइन्छ। नेपालीले १३-१४ हजार रुपैयाँमै लुक्ला आवतजावत गर्न पाउँछन्।

'पदयात्रीको पहिलो रोजाइ र चाहना सर्वोच्च शिखर हेर्न जाने नै हुने रहेछ,' आङछिरिङ शेर्पाले भने, 'पदयात्राका क्रममा आमादब्लम, पुमोरी, नुप्त्से, लोत्सेलगायत हिमाल देखिन्छन्, फेरि शेर्पा कल्चर भनेपछि पर्यटक हुरुक्कै हुन्छन्।'

एनएमएका अध्यक्ष निमानुरु भन्छन्, 'पदयात्रा जाने कतिपय स्याङ्बोचेसम्म पुगेर पनि फर्किन्छन्। लुक्लाबाट नाम्चे हुँदै रेन्जोला पास, गोक्यो लेक, चोला पास, कालापत्थर, बेसक्याम्प पुग्ने धेरै हुन्छन्। कतिपय पदयात्री बेसक्याम्प पुगेपछि साना पिक पनि चढेर फर्किने गर्छन्। जसमा आइल्यान्ड पिक, लोबुचे पिक, मेरा पिक, पिसाङलगायत रोजाइमा पर्छन्।

एउटा आरोहीले २६ जनालाई रोजगारी

पर्यटनले रोजगारीमा ठूलो योगदान दिइरहेको छ। एउटा सगरमाथा आरोहीले २६ जनालाई रोजगारी दिने आङछिरिङको दाबी छ। 'आरोहणमा जानेलाई एक्स्पिडिसन कम्पनीदेखि गाइड, कुक, किचन ब्वाय, भरिया, हेल्पर चाहिन्छ। अप्रत्यक्ष रूपमा अझ धेरैले लाभ लिएका हुन्छन्,' उनले भने, 'फेरि माउन्टेनियरिङ पेसा अत्यन्तै संवेदनशील हुन्छ। एउटा गाइडको हत्केलामा आरोहीको लाइफ एन्ड डेथको सवाल रहन्छ।'

रोयल्टीबापत कति भयो आम्दानी ?

सगरमाथा आरोहणको ७० वर्षे इतिहासमा कति रोयल्टी संकलन भयो भन्ने विषयमा पर्यटन विभागसँग व्यवस्थित तथ्यांक छैन। विभागसँग पछिल्लो ६-७ वर्षको मात्रै मोटामोटी रोयल्टी संकलनको तथ्यांक छ। पर्यटन विभागले दिएको विवरणअनुसार २०१७ यता सात वर्षमा आरोहीबाट दुई अर्ब ८३ करोड ३४ लाख २० हजार रुपैयाँ रोयल्टी उठेको छ। सन् २०२० मा कोभिड महामारीका कारण एउटै आरोहण नभएको हुनाले रोयल्टी संकलन पनि शून्य रहेको छ।

सगरमाथामा ३२८ जनाले ज्यान गुमाए, ३० प्रतिशत शव अझै अलपत्र

कुनै पनि हिमाल आरोहण अत्यन्तै जोखिमपूर्ण मानिन्छ। सगरमाथा आरोहणका क्रममा हालसम्म ३२८ जनाले ज्यान गुमाएको पर्यटन विभागको तथ्यांक छ। जसमध्ये ४० भन्दा बढी शेर्पा रहेका छन्। गत वर्षको वसन्त याममै सगरमाथा चढ्न गएकामध्ये १२ जनाको ज्यान गएको थियो।

१९२२ मा सातजना शेर्पा आरोहीले आरोहणकै क्रममा ज्यान गुमाएको बताइन्छ। २०२४ मा दुई विदेशी आरोहीले ज्यान गुमाएका थिए। १९९६ मा आएको हिउँआँधीमा परेर १५ जनाले ज्यान गुमाएका थिए। मृतकमध्ये झन्डै ७० प्रतिशत लास व्यवस्थापन भइसकेको र ३० प्रतिशत लास सगरमाथाको काखमै हुनुपर्ने आङछिरिङको ठम्याइ छ।

तर, मृतकबारे पर्यटन विभागसँग विस्तृत विवरण भेटिँदैन। हिउँमा पुरिएको शव सङ्दैन। उनले भने, 'पुरानो शव तल झार्न त्यति सजिलो छैन, आइसमा जमेको हुनाले लासको तौल नै १६० किलोसम्म पुगेको हुन्छ। आइससँगै शव निकाल्नुपर्छ। शेर्पाले आफ्नो जीवन नै जोखिममा राखेर शव तल झार्ने हुन्,' उनले भने।

हजारभन्दा बढी होटेल

आङछिरिङका अनुसार सगरमाथा राष्ट्रिय निकुञ्जभित्र सन् १९७० तिर नाम्चेमा एउटा मात्र लज थियो। अहिले मोन्जो गाउँभन्दा माथि निकुञ्जभित्र मात्रै स्तरीय होटेल, लज, साधारण होटेल र गेस्टहाउस गरी ६ सयभन्दा बढी पुगेका छन्। खुम्बु पासाङ ल्हामु गाउँपालिकाको (लुक्ला-खरीखोलासम्म) चार सयभन्दा धेरै होटेल छन्। सगरमाथा क्षेत्रमा होटेल तथा रिसोर्टको संख्या हजार नाघेको अनुमान छ। लुक्ला, फाक्दिङ, नाम्चे, गोक्यो, खुम्जुङ, लोबुचे, गोरकसेपलगायत ठाउँ-ठाउँमा लक्जरी होटेल सञ्चालनमा छन्।

विश्वकै अग्लो ठाउँमा खुलेको एभरेस्ट भ्यु होटेल २००४ मा गिनिज बुकमा दर्ज भएको थियो। अहिले त्योभन्दा पनि अग्लो कोङ्देमा होटेल सञ्चालनमा आइसकेका छन्, जहाँ खर्चालु पर्यटक काठमाडौंबाट हेलिकोप्टर चढेर सगरमाथा हेर्दै ब्रेकफास्ट खान जाने गर्छन्। हेलिकोप्टर चढेर सगरमाथामा ब्रेकफास्ट गर्न जाने पर्यटकले मनग्ये खर्च गर्ने कोरा टुर्स एन्ड ट्राभल्सका सञ्चालक विजय अमात्य बताउँछन्। उनी भन्छन्, 'यो यात्रा पर्यटकलाई जिन्दगीभर यादगर रहन्छ, हामी पनि क्वालिटी सर्भिस दिन्छौं, एउटा पर्यटकले कम्तीमा १५ सय डलर खर्च गर्छन्।'

'खुम्बु क्षेत्रमा पहिला पर्दा राखेर पार्टेसन गरिएका होटेल थिए, त्यसपछि प्लाइउडको पार्टेसन हुँदै अहिले अट्याच बाथरुमसहितका लक्जरी होटेल खुलेका छन्,' एनएमए अध्यक्ष निमानुरु शेर्पाले भने, 'होटेल व्यवसाय पुस्तौनी बनेको छ, हजुरबुबाले त्यहीं कमाइ गरे, त्यहीं लगानी गरे, छोराले पनि त्यस्तै गरे, अहिले नयाँ पुस्ता पनि त्यसै गर्दै छ।'

एसियन ट्रेक्सले तेङ्बोचे र फाक्दिङमा लाँकुरी भञ्ज्याङको 'दी टेरेसेस'कै स्टायलको लक्जरी रिसोर्ट बनाइरहेको छ। खुम्जुङ र गोक्योमा पहिल्यै होटेल सञ्चालनमा छन्। दुवै होटेल ०८१ भित्र सञ्चालनमा ल्याउने तयारी छ। 'अब खर्चालु पर्यटक टार्गेट गरेर होटेल बनाइरहेका छौं,' उनले भने। खुम्बु क्षेत्रमा थप आठवटा होटेल थपेर १३ वटा पुऱ्याउने उनको लक्ष्य छ। यस्तै, यती ग्रुपका मात्रै सगरमाथा क्षेत्रमा सातवटा होटेल सञ्चालनमा छन्। हेली एभरेस्टका सञ्चालक फुर्वा शेर्पाले पनि फाक्दिङ, कोङ्देलगायत ठाउँमा होटेल चलाइरहेका छन्।

सिजनमै दुईपटक चढ्न कसरी सम्भव भयो ?

प्रथम आरोही तेन्जिङ र हिलारीले सगरमाथा आरोहण गर्न ६ महिना लगाएका थिए। तर, कामीरिता शेर्पा र पासाङ दावा शेर्पाले गत स्प्रिङ सिजनमा दुईपटक हिमाल चढे। अहिले हप्ता दिनमै दुईपटक सगरमाथा आरोहण गर्न सम्भव हुन थाल्यो।

यो कसरी सम्भव भयो ? आङछिरिङ भन्छन्, 'यो सबै प्रविधिको चमात्कार हो।' उनले कारण सुनाए, 'मेरो बुबाहरू चढ्दा छालाको बुट हुन्थ्यो, जुन हिउँले भिजेर पाँच किलोसम्म हुन्थ्यो, अहिलेका जुत्ता एक किलो पनि हुँदैनन्, डाउन ज्याकेज पनि हलुका हुन्छ। पहिला बनेपाबाट हिँडेर जिरी हुँदै लुक्ला भएर बेसक्याम्प पुग्नुपर्थ्यो। आफैं बाटो बनाउँदै चुचुरोतर्फ लाग्नुपर्थ्यो। अहिले लुक्लासम्म जहाज चढेर जान सकिन्छ। कतिपयले हेलिकोप्टरसमेत प्रयोग गर्छन्।'

सन् १९६० तिर उनी आफैं पनि बनेपाबाट २३ दिन हिँडेर सगरमाथा पुगेको अनुभव छ। फर्किएर आउँदा अर्को २३ दिन लाग्थ्यो। पहिला सात भारीको आवा बोकेर बेसक्याम्प जानुपर्नेमा अहिले हलुका गोजीमा राख्ने मोबाइल आइसकेका छन्। यस्तै, हिमाल आरोहण सुरु हुनुअघि आइसफल डाक्टरले रोप टाँगेर बाटो बनाउँछन्। गाइडले पर्याप्त तालिम दिन्छन्। जसले आरोहीलाई सहज बनाएको छ।

विश्वकै डरलाग्दो एयरपोर्टमा उडान अनुभूति

लुक्लाको तेन्जिङ हिलारी एयरपोर्ट विश्वकै खतरनाक एयरपोर्टमध्येमा पर्छ, जहाँ सिजनमा दिनमै ४१२ वटासम्म उडान अवतरण हुन थालेका छन्। यो विमानस्थल सबैभन्दा व्यस्त विमानस्थलमा पर्छ। सगरमाथा आरोहण र अवलोकन गर्न जाने बढेसँगै जहाज र हेलिकोप्टर कम्पनीलाई यात्रु ओसार्न भ्याइ-नभ्याइ हुने गर्छ। पर्यटकले विश्वकै खतरनाक विमानस्थलमा उडान अवतरण गरेको अनुभव गर्न पाउँछन्।

लुक्ला विमानस्थलमा सन् २०२२ को तुलनामा २०२३ मा हवाई यात्रु २३.८४ प्रतिशतले बढेको बताइएको छ। २ मे २०२३ मा जहाज र हेलिकोप्टर गरी ४१२ वटा उडान अवतरण भएका थिए। यस्तै, २ अप्रिलमा २५२, ३ अप्रिलमा ३७०, ४ अप्रिलमा २९१, १० अप्रिलमा ३०१, १३ अप्रिलमा ३१५, १४ अप्रिलमा ३१८ उडान अवतरण भएको तथ्यांक छ।

लुक्ला विमानस्थलका अनुसार अप्रिलमा तीन हजार ६१७ उडान अवतरणमार्फत २६ हजार ८१ यात्रुले सेवा पाएका थिए भने मेमा तीन हजार ७६ उडान अवतरणमार्फत २१ हजार ७९१ जनाले सेवा लिएका थिए। सगरमाथा आरोहणको सिजन सिजन अप्रिल र मेमा कुल ४७ हजार आठ सय यात्रुले हवाई सेवा लिएको तथ्यांक छ।

आङछिरिङ भन्छन्, 'बरु काठमाडौंमा ट्याक्सी पाउन गाह्रो पर्ला, तर सिजनमा खुम्बु क्षेत्रमा हेलिकोप्टर पाउन गाह्रो छैन।' हेलिकोप्टर कम्पनीको ६० प्रतिशतभन्दा बढी व्यापार खुम्बु क्षेत्रमा हुने अल्टिच्युड एयरका सञ्चालक प्रतापजंग पाण्डेले बताए। खुम्बु क्षेत्रमा उडान गरेर हेलिकोप्टरले करिब ३० करोड रुपैयाँको कारोबार गरेको उनको भनाइ छ। सिजनमा हेलिकोप्टर माउन्टेन फ्लाइटमा व्यस्त हुने गर्छन्।

सगरमाथामा पाँचजना राखेर एउटा माउन्टेन फ्लाइट गरेको करिब पाँच हजार डलरसम्म पर्ने निमानुरुले बताए। यो प्याकेजमा लुक्लाबाट उडेको हेलिकोप्टर सगरमाथाअगाडि पुगेर एभरेस्ट भ्यु वा कोङ्देको होटेलमा ल्यान्ड गर्छ। त्यहाँ हिमाल हेर्दै ब्रेकफास्ट गरेर फर्किन पाइन्छ। यदि सगरमाथा हेरेर कालापत्थर र गोक्यो लेकमा ल्यान्ड गरी फोटो खिचेर फर्किन चाहे एउटा उडानको सात-आठ हजार डलरसम्म लाग्छ। हेलिकोप्टरमा सगरमाथा हेरेर विश्वकै अग्लो ठाउँमा ब्रेकफास्ट गरी फर्किंदा प्रतिव्यक्ति १५ सय डलरसम्म खर्च हुने कोरा टुर्सका सञ्चालक अमात्य बताउँछन्।

नेपाली पदयात्री पहिले बेवास्ता, अहिले रोजाइमा

पहिला खुम्बु क्षेत्रमा शेर्पाबाहेक अरू नेपाली भेट्न मुस्किल पर्थ्यो। हिमाल चढ्नेदेखि पदयात्रा गर्नेसम्म गोरो अनुहार हुन्थे। कोभिडअघिसम्म पनि नेपाली पदयात्रीलाई खुम्बुका होटेल व्यवसायीले वास्ता गर्दैनथे। 'डलर फेयर'मा यात्रु बोक्न पल्किएका वायुसेवा कम्पनीले वास्ता गर्ने त कुरै भएन। त्यसवेला सरकारी 'लेजर अफिसर'मात्र खुम्बु पुग्थे। उनीहरूको फुर्तीफार्ती अर्कै हुन्थ्यो। र, अझै पनि हुने गर्छ। उनीहरूले होटेलमा खाएको पैसा तिर्दैनथे। उल्टै व्यवसायीलाई अनावश्यक दुःख दिन्थे।

स्थानीय व्यवसायीलाई लाग्थ्यो, सबै नेपाली यस्तै हुन्छन् होला। त्यसैले उनीहरूले नेपालीलाई वास बस्ने दिँदैनथे। डलरमा झार्ने पर्यटक राख्थे। तर, समय सधैं एकनास रहँदैन। कोभिड महामारीपछि विदेशीहरू आउन ठप्प भयो। नेपालीमा घुमफिर गर्ने संस्कृति विकास भयो। विदेशीले भन्दा नेपालीले बढी खर्च गर्थे।

कोभिडले थलिएका होटेललाई राम्रै टेवा दिए। जसले नेपाली घुमन्तेलाई हेर्ने नजर फेरियो। 'नेपालीहरू कोठा भाडामा बार्गेनिङ गर्छन्, तर खानपिनमा मनग्ये खर्च गर्छन्, विदेशीको ठ्याक्कै उल्टो हुन्छ,' आङछिरिङ शेर्पा सुनाउँछन्, 'अहिले खुम्बुका व्यवसायीले विदेशीभन्दा नेपाली पाहुना खोज्न थालेका छन्।' तर, वायुसेवा कम्पनीले अहिले पनि नेपाली यात्रुलाई हत्तपत्त टिकटचाहिँ बिक्री गर्दैनन्।

संसद्...

पृष्ठ १ बाट क्रमशः

हप्ताको क्यालेन्डर कार्यान्वयनमा लगिसकेपछि प्रि-बजेट छलफलका लागि अर्को क्यालेन्डर बनाउने समझदारी दलहरूबीच बनेको छ।

रास्वपा प्रमुख सचेतक सन्तोष परियारले अब संसद् क्यालेन्डरसहित अघि बढ्ने र यसले संसदीय गतिविधि नियमित हुने बताए।

सचेतकहरूसँगको बैठकमा विद्युतीय हाजिरीलाई अनिवार्य कार्यान्वयन गरेर जाने निर्णय पनि भएको छ। हाल विद्युतीय र रजिस्ट्रर गरेर दुवै हाजिरीको विकल्प सांसदलाई थियो।

संघीय संसद् अधिवेशन २२ गते अपराह्न ४ बजे बोलाइएकाले शीर्ष नेता अर्को बैठकमा बोल्ने तय पनि बैठकले गरेको छ।

यसका लागि २४ गते बैठक राख्ने समझदारी छ। बैठकमा सभामुख घिमिरेले संसदीय मैत्री समूह गठनका नाम दिन दलहरूको ध्यानाकर्षण गराएका थिए। विभिन्न देशसँग मैत्री समूह स्थापित गर्न नाम माग गरेकोमा कांग्रेस, एमाले र माओवादीले सांसदको नाम दिएका छैनन्।

राष्ट्रिय सभाको क्यालेन्डर स्वीकृत

संघीय संसद्को २२ माघबाट सुरु हुने हिउँदे अधिवेशनका लागि राष्ट्रिय सभाले क्यालेन्डर स्वीकृत गरेको छ। राष्ट्रिय सभा कार्यव्यवस्था तथा परामर्श समितिको बैठकले राष्ट्रिय सभाको आगामी अधिवेशनको माघ र फागुनको सम्भावित कार्यतालिका स्वीकृत गरेको हो।

बैठकले संसद्को अधिवेशनको प्रारम्भ र अन्त्य हुने दिनबारे संसद् लाई पूर्वजानकारी गराउनुपर्ने निर्णयसमेत गरेको छ। यसले कार्यतालिका बनाउन सहज हुने विश्वास लिइएको छ। संसद्को आउने अधिवेशनमा सरकारले कतिवटा, के-कस्ता विधेयक दर्ता गराउने हो सो विषयको जानकारी पनि संसद् अधिवेशन प्रारम्भ हुनुभन्दा अगावै संसद्लाई जानकारी दिन आग्रह गर्ने निर्णय बैठकले गरेको छ।

यसैगरी राष्ट्रिय सभामा लामो समयदेखि विचाराधीन अवस्थामा रहेको अध्यागमन विधेयक फिर्ता लिने वा अगाडि बढाउने विषय टुंग्याउन सरकारलाई आग्रह गरिएको राष्ट्रिय सभाका सचिव सुरेन्द्र अर्याललले जानकारी दिए।

मोटरसाइकल हरायो

मिति २०८०/१०/०७ गते अ. दिउँसो १२:३२ बजेको समयमा का.जि. टोखा न.पा.-३ बानियाँटारबाट मेरो निम्न व्यहोरा भएको कालो निलो रंगको **220CC** पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : सुमन खड्का
मो.सा.नं.: बा प्र. ०२-०४७-प ४६६०
चेसिस नं. : MD2A13EX4NCM84117
इन्जिन नं. : DKXCNM38390
सम्पर्क न. : 9861312670

सवारी कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/१०/२०)

यस नेचुरल बचत तथा ऋण सहकारी संस्था लि.मा तपशिलका ऋणीले सवारी खरिद कार्य गर्ने प्रयोजनको लागि लिएको सवारी कर्जाको भाखा नाघेको तथा सहकारीसँग कर्जा लिदाको समयमा गरेको सम्झौता एवं तमसुक बमोजिम संस्थालाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना समेत नतिरी नबुझाइ संस्थाले पटक पटक लिखित तथा मौखिकरुपमा कर्जा चुक्ता गर्न ताकेता गर्दा पनि बेवास्ता गरि कर्जा चुक्ता गर्न कुनै प्रयत्न नगरेकोले तपाईहरु ऋणीको नाममा यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुले बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज हर्जाना समेत चुक्ता गर्नुहोला। अन्यथा संस्थाको विनियम, ऋण लगानी तथा असुली नियमावली सहकारी ऐन २०७४ सहकारी नियमावली २०७५, बागमती प्रदेश सहकारी ऐन २०७६, बागमती प्रद

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालहरू
शनिबार २० माघ ०८०
nayapatrikaofficial @naya_patrika

दुई कविको दोस्ताना

• राजु स्याङ्तान



चार दशकदेखि सँगै रहेका कवि विमल निभा र श्यामलले सहरमा कति जोर जुत्ता फटाए लेखाजोखा छैन । तर, चप्पल लगाउनेहरूका बारेमा कविता भने लेखिरहे

यी एकजोर कविले सहरमा कति जोर जुत्ता फटाए त्यसको लेखाजोखा छैन । जुत्ता किन फटाए भने उनीहरूले चप्पल खासै लगाएनन्, तर चप्पल लगाउनेहरूका बारेमा भने इमानदारितापूर्वक जीवनभर कविता लेखिरहे । यी जोर कविले करिब चार दशक सँगसँगै घामपानी सहे । प्रगतिशील कविताको क्षेत्रमा आफ्नो अलग्गै उचाइ बनाए, अलग्गै बाटो खने । आज पनि उनीपछिका कविहरू यी दुईका कविता अगाडि राखेर बहस गरिरहेका हुन्छन्, 'यी बूढाहरूले उतिवेलै यस्तो शक्तिशाली कविता कसरी लेखे ? हाम्रो पुस्ता के भएको ?'

बहसको टेबलमा कहिलेकाहीँ सिनियर र जुनियरको तुला-तराजु बोकेर पनि कवि, समीक्षकहरू बस्छन् । बागबजारका गल्लीहरूमा, भृकुडीमण्डपका चियामण्डपमा चर्काचर्की हुन्छ, 'यी दुई कविमा को सिनियर ? कुनचाहिँ कविले भयंकर कविता लेखे ?' कोही श्यामलको पक्षमा दिलोज्यान दिएर तर्क पेश गर्छन् । कोही विमलको पक्षमा पाखुरी सुर्किन्छन् । तर, चिया अड्डामा त्यसको छिनोफानो हुँदैन । किनकि, त्यो रामशाहपथको अड्डा होइन । चियाको बलमा गफ ठोकेर अन्तिममा चियाकै पैसा तिराउन दाताहरू कुरिरहने विवश अड्डा हो । न्याय नपाए 'गोर्खा' जानू भनेजस्तै चिया अड्डामा निसाफ नपाएको मुद्दा चाबहिलस्थित साहित्यकार खगेन्द्र संग्रौलाको घरसम्म पुग्छ । संग्रौला एक डोज ट्विट् गरेर सुत्ने तरखरमा हुन्छन् । कतैबाट उजुरी पुग्छ, 'श्यामल र विमलमा को ठूलो कवि ?' संग्रौला एकछिन सोचमग्न हुन्छन्, अनि ओछ्यानतिर लाग्छन् ।

दुई कविको जम्काभेट

त्यो पञ्चायतको रजगज चलिरहेको समय थियो । नारायणहिटीको श्रीपेच महेन्द्रबाट वीरेन्द्रमा सरेको थियो । जसजसको टाउकोमा श्रीपेच सरेपछि नेपाली जनताको भोको आङमा भने बज्रिरहेकै थियो पञ्चायतको कोर्रा । पार्टीहरू भूमिगत थिए ।

त्यही सेरोफेरोमा हरिहर अधिकारी गाउँतिर व्यस्त थिए । ०१६ मा जन्मिएका उनी ०३१ देखि ०३३ सम्म दैलेखमा पढाइरहेका थिए । 'रूपरेखा' पत्रिका पाल्पाबाट दैलेखसम्म पुग्थ्यो । साहित्यमा रुचि राख्ने हरिहर खोजीखोजी साहित्यिक पत्रिका पढ्थे । त्यही पत्रिकामा हरिहरले विमलका कविता पढे । दैलेखबाट हरिहर नेपालजन्म भरे । उनको राजनीति र साहित्यमा सक्रियता बढ्न थाल्यो । नेपालगन्जमा हरिहर र मण्डलेहरूबीच लडाइँ-झगडा चलिरह्यो । पढाइ बिग्रने सम्भावना देखेपछि उनी काठमाडौं पसे ।

२००९ मा नेपालगन्जमा जन्मिएका विमलकृष्ण श्रेष्ठ सानैदेखि बुबासँगै विभिन्न ठाउँमा पुगे । किनकि उनका बुबा नेपाल बैंकका हाकिम थिए । विमलको बाल्यकाल भद्रपुरमा बित्यो । कलेज जीवन विराटनगरमा । वीरगन्जमा पनि बिते उनका मनग्य दिनहरू । ०२४ सालमै एसएलसी गरेका विमलको त्यतिवेलैदेखि साहित्यप्रति रुझान थियो । स्थानीय पत्रिकाहरूमा कविता छापे । 'एउटा मजदुर आफ्नो इतिहासको तीन अध्याय लेख्छ,' त्यो कवितालाई उनले आफ्नो यात्राको आरम्भिक विन्दु मानेका छन् । विमल ३० सालमा काठमाडौं आए । नारायण ढकाल र राजवसँग उनको साहित्यिक मित्रता बढ्यो । उनीहरू मिलेर 'लहर' पत्रिका प्रकाशित गर्न थाले ।

यी दुई कवि एकाध वर्षको फरकमा काठमाडौं पसे । त्यसपछि कविताको यात्रामा निरन्तर हिँडिरहे । यी दुईको पहिलो भेट कहाँ भयो ? कसरी भयो ? रोचक के छ भने पहिलो भेटबारे दुवै कवि बोल्न आवश्यक ठान्दैनन् । किन ? थाहा छैन । विमल त्यो क्षणलाई भुल्न नै श्रेयस्कर ठान्छन् । श्यामल त्यो भेटको प्रसंगतिर मोडिन इच्छुक देखिँदैनन् । दुई कविको दोस्तानामा त्यो भेटमा खास भएको के थियो ? पहिलो भेटबारे यी दुईले बोल्न नचाहने पनि साहित्यवृत्त करिब जानकार छ । लेखक शार्दुल भट्टराई भन्छन्, 'उहाँहरू दुईबीच पहिलोपटक ०३६ सालतिर चिनजान भएको हो ।' भट्टराईका अनुसार एक दिन विमल कतै गइरहेका थिए । धरहराको फेदमा पुग्दा ढाका टोपी लगाएका, दुब्लो एकजना नौजवान टिठोसँग विमलको जम्काभेट भयो । मीनबहादुर विष्टलाई उद्धृत गर्दै उनले आफ्नो परिचय दिए, हरिहर अधिकारी । अन्तिममा हरिहरले दुईवटा कविता विमललाई थमाए । उनीहरू चिया पनि नपिई उभिएरै बात मारे अनि छुट्टिए । घर पुगेर विमलले कविता पढे । कविता मन पऱ्यो । त्यसवेलाका चर्चित पत्रिकामा छपाए । भट्टराई भन्छन्, 'श्यामलजीको यात्रा त्यसरी सुरु भयो । सुरुमा विमलजीले प्रोमोट गरेजस्तो देखिन्छ । तर, श्यामलजी राम्रो कविको रूपमा आउनुभयो । मेरोभन्दा तिम्रो कविता राम्रो भनेर दुईजनाले ईर्ष्या गरेको कहिल्यै सुनिनँ ।' तर, विमल त्यो दिनलाई चर्चा गर्न आवश्यक ठान्दैनन् । भन्छन्, 'आज श्यामलजीको कविताको जुन उचाइ छ त्यो उचाइको अघि यस्तो कुरा गर्दा अपमान गरेजस्तो हुन्छ । त्यो सन्दर्भलाई बिर्सनु नै श्रेयस्कर हुन्छ ।'

०३६ सालतिर हरिहर पनि थपिएपछि चारजनाको समूह भयो । आख्यानकार राजवले हरिहरको नाम फेरेर श्यामल राखिदिए । ती चारजनालाई खगेन्द्र संग्रौलाले 'ग्याङ अफ फोर' नै भनिदिए । तर, त्यो शब्दावलीसँग कविहरू सहमत छैनन् । चीनको सांस्कृतिक क्रान्तिताका बदनाम चारजना चिनियाँ कम्युनिस्ट पार्टीका नेताहरूको समूहलाई पहिलोपटक 'ग्याङ अफ फोर' भनियो । विमल भन्छन्, 'किन चीनतिर जोड्नु । हाम्रो सम्बन्ध अर्कै हो ।'

चारजना जुटेपछि उनीहरूले 'दृष्टि' पत्रिकामा काम गरे । भूमिगत माले पार्टीसँग नजिक त्यो पत्रिकामा नारायण ढकाल सम्पादक थिए । श्यामल नक्षत्र शर्माको नामबाट सोही पत्रिकामा लेखहरू लेख्थे । विमल त्यही पत्रिकामा 'देब्रे कुना' कोलम लेख्थे । पत्रिकामा काम गर्दै साहित्यसाधनामा चारैजना लागिरहे । सुरुमा नारायण पनि कविता लेख्थे । एक दिन कविता लेखेर हौसिँदै विमललाई देखाए । सीधासीधा बोल्ने विमलले नारायणलाई सीधै भनिदिए, 'के ठाडो कविता लेखेको यार ?' त्यसपछि नारायणले कवितै लेख्न छाडे । उनको साधना आख्यानतिर बढ्यो । समयको एउटा कालखण्डपछि चारजना साथी विधागत रूपमा दुईतिर बाँडिए- विमल र श्यामल कवितातिर । राजव र नारायण आख्यानतिर ।

चारैजनाले पालैपालो आफ्ना रचनाहरू प्रकाशित गरिरहे । नेपाली प्रगतिशील साहित्यमा यी चारजनाको रचनाले महत्त्ववूर्ण भूमिका खेल्यो, खेलिरहेको छ । पिपलबोट उनीहरू भेट्ने, राजनीतिक गफ गर्ने, रचना सिर्जनामाथि बहस गर्ने थलो बन्यो । उनीहरूले कैयन् चिसा साँझ र घमाइला दिन विमलको पुस्तक पसलमा गफ गर्दै बिताए । चिया अड्डामा छलफल गर्दागर्दै, गल्लीहरूमा हिँड्दाहिँड्दै समय बितेर गयो । गल्लीहरूमा लखरलखर हिँडिरहेको वेला समूहबाट एकजना अचानक गायब भए । मानिसहरूले 'हल' नभिलेको जोडी देखे । र, पछि थाहा पाए, काँठे ढकाल सांसद पो भएछन् । संसद् छिरेको नारायण एकाध वर्षपछि फेरि उही गल्लीमा, उही समूहसँग 'हल' बाँधेर हिँडेको देखिए । एकाध समयपछि फेरि एकजना गायब भए । मधुशालामा दारु टक्र्याउने भट्टीवालले तीनजनालाई मात्रै दारु दिए । सोधनी भयो, 'खै त अर्को मान्छे ?' दारु पिउँदै श्यामलले भनिदिए- साझा प्रकाशनको जिएम बन्न गए ।

यी चारजनाको यात्राबाट हराउने र भेटिने उपक्रम चलिरह्यो । चारमध्ये दुईजनाको जीवनमा एउटा घटना यस्तो पनि घट्यो, जसले उनीहरूलाई अझै नजिक बनायो । त्यो घटना यस्तो रहेछ-

त्यो ०६२/६३ को आँधी आउनुअघिका याम थिए । हाल नागार्जुननिवासी मनुखे दरबारमार्गमा गजधम्म बसेका थिए । उता जंगलतिर सपना सजाएका यात्रीहरू बमबारुदसँग खेल्दै थिए । यता सात राजनीतिक दल रत्नपार्कमा जुटेर निर्णायक आन्दोलनको तरखर गर्दै थिए । एक दिन बजारमा हल्ला फिँजियो, 'कवि विमललाई कुटेछन् ।' विमल कुटिएकोमा मण्डलेहरू हर्षित भए । प्रगतिशील साहित्यकारहरू दुःखी भए । '...त्यो शंकास्पद व्यक्ति यतिवेला ठीक हाम्रै पछाडि थियो । त्यस संदिग्ध व्यक्तिको इसारामा विमलको नाकमा मुक्का बजाऱ्यो । विमल दाहिनेतर्फ फर्के । म उनको पछिपछि कोतको दाहिने हुँदै ढोका टोलतिर छिर्ने गल्लीमा बेतोडले दौडिरहेको थिएँ,' त्यो घटनाबारे श्यामलले लेखेका छन्, 'मैले उनको रगत बगिरहेको नाकमा मेरो आजै किनेको हाते रुमालले छोपेँ । हामी दुवै यस्तो अवस्थामा दौडिरहेका थियौँ, कि कसैले पनि हाम्रो हालतबारे सोध्ने साहस गरेन । त्यो संदिग्ध हामीलाई अझै लखेटिरहेको थियो ।'

'अफगानिस्तान'मा ट्रयाँक यात्रा

कवि, जाँड र किस्सा के कविता लेखनका अनिवार्य सर्त हुन् ? यसबारे साहित्यिक दुनियाँमा फरक विचार हुन सक्लान् । अग्रज कविहरू भन्छन्, 'कविलाई किस्साले भन्दा कवितैले सम्झेको जाती । कविको कविताभन्दा पहिला उसका किस्साहरू मस्तिष्कमा भन्किनु कदापि राम्रो होइन ।' अनि जाँड ? हो, किस्साको जन्मदाता जाँड पक्कै हुन सक्छ । त्यही भएर कविहरू कविता लेख्नभन्दा जाँडको डब्कामा अक्षर खोज्न लालायित भएका हुन् ? कवि साहित्यकार भन्नेबित्तिकै यिनीहरूले जाँड बेस्सरी पिउँछन् भन्ने बिम्ब किन दिमागमा झुन्डिन्छ ?

कवि, किस्सा र जाँडबाट यी दुई अग्रज कवि पनि अलग छैनन् । यी चारजनाको समूहमा एउटा शब्द चर्चित छ- अफगानिस्तान । घडीको घन्टे सुई जुनसुकै अंकमा पुगोस् । अफगास्तिान सुन्नेबित्तिकै यी चारजनाका लागि त्यो सुई गोधुली साँझ बनेर आइदिन्छ । मस्तिष्कमा एउटा रसिलो बिम्बले डेरा जमाउन थाल्छ । खास के हो अफगास्तिान भनेको ? तालिवानले राज गरेको देश सुन्नेबित्तिकै यी कविहरूको अनुहारमा किन मृदु मुस्कानले डेरा जमाउँछ ? उपकुलपतिको अग्लो बोस कुर्सीबाट यता आगन्तुकको कुर्सीमा सरेर, चस्मालाई नाकको डाँटीमा अड्याउँदै कवि विमल मुसुमुसु हाँस्दै सुनाउँछन्, 'त्यो भनेको टेन्सन हुँदा भ्यालीबाहिर कतै गएर मस्तले जाँड खाई आराम गरेर आउँ भनेको हो ।' मानिसलाई आराम चाहिन्छ । आठ घन्टा काम आठ घन्टा आरामकै लागि दुनियाँमा कत्राकत्रा आन्दोलन भए । आराम गर्न कविहरू मदिरा र मन्द हावा चल्ने ठाउँ रोज्दा रहेछन् । यसलाई अन्यथा लिनु कदापि न्यायोचित नहोला । तर, कवि विमलको चित्त दुखाइरहेछ । भन्छन्, 'त्यो अफगास्तिानको यात्रामा मलाई कहिले लगेनन् । पसलमा बस्नुपरेकाले म जान पाइनँ । पसल नभएको भए म पनि अफगानिस्तानको यात्रामा निस्कन्थेँ होला ।'

मधुशालाका स्थायी बासिन्दा पछिल्लो समय श्यामल र विमल एकसाथ कम भेटिएको अनुभव सुनाउँछन् । मनमुटाव भएर हो ? दुई कविको एउटै स्वर छ, होइन । विमल भन्छन्, 'अहिले त मनले यसो मदिरा पिउँ भने पनि स्वास्थ्यले दिँदैन । उहिले चार प्लेट मःमः खाइँन्थ्यो, अहिले एक प्लेट पनि गाह्रो हुन्छ । त्यसैले साँझको ट्रयाँके भेटघाट कम हुँदै गएको छ । मनमा खटपट भएर होइन ।' श्यामल पनि विमलको कुरामा सही थाप्छन् । भन्छन्, 'अब रुचि हुँदाहुँदै उमेरलगायतले काम गर्नेरहेछ ।'

आख्यानकार ढकाल सन्ध्याकालीन जाँडे भेटघाटलाई अन्यथा लिन नहुने विचार राख्छन् । भन्छन्, 'साँझ भेट हुँदा अनेक अनुभूति साटासाट गर्न पाइन्छ । सन्ध्याकालीन भेटघाट एउटा पब्लिक स्पेयर पनि हो ।' शारीरिक इनर्जी नआए पनि वैचारिक



इनर्जीका लागि मदिरा आवश्यक ठान्छन् कवि विमल । उनी सटिक निष्कर्ष सुनाउँछन्, 'मदिरा अति खाने पनि अतिवाद हो, खानैहुन्न भन्ने पनि अतिवाद हो ।'

निःसन्देह यी दुई कविले शक्तिशाली कविताका डोबहरू नेपाली साहित्यमा छाडेकै छन् । सँगै कतिपय रमाइला, कतिपय अति नरमाइला जाँडे किस्साहरू पनि छाडेका छन् । यसको मार कविहरूलाई वास दिने छानालाई परेको छ, कविताभन्दा किस्सा निर्माण गर्न मरिहत्ते गरिहिँड्ने नयाँ पुस्तालाई परेको छ ।

सम्बन्धमा घामछाया

दुई कवि आपसमा खुब मिले । झर्झराउँदो युवा वयदेखि आँखाको दृष्टि कमजोर हुने वयसम्मै यिनीहरू मिले । यिनीहरू मिलेरै प्रगतिशील कविताका नयाँ उचाइ थपे । यी दुईका कविताको गोहो पछ्याउँदै धेरै नयाँ पुस्ता आए । कविहरू आज पनि सगर्व भनिरहेका छन्- श्यामल र विमलको कविता नपढेको भए म कवि हुँदैनथेँ ।

उनीहरूसँग संगत गर्नेहरू भन्छन्, 'सामान्यतया, कविहरूमा सँगैको साथीले राम्रो कविता लेख्यो भने ईर्ष्या गर्ने बानी हुन्छ । तर, यी दुई कविमा ईर्ष्या गरेको कहिले सुनिएन । आपसमा मिलेर लेखे ।' ढकाल भन्छन्, 'श्यामलजी विमलजीलाई एकदमै सम्मान गर्नुहुन्छ । तर, त्यो सम्मान उचनिचवाला होइन, समान साथीका रूपमा हो ।' विमल पनि श्यामललाई सम्मान गर्छन् । श्याममलाई विमल नेपाली कविताका महत्त्वपूर्ण हस्ताक्षरका रूपमा लिन्छन् ।

श्याममलाई विमलको 'एउटा मजदुर आफ्नो इतिहासको तीन अध्याय लेख्छ' कविता निकै मन पर्छ । विमललाई पनि श्यामलको 'संकटकालमा संभोग' कविता औधि मनपर्छ । विमलले आफ्ना कैयौँ व्यंग्यमा श्याममलाई मिसाएर उडाएका छन्, तर प्रेमले । श्यामलले पनि विमलका बारेमा मनग्य लेखेका छन् । श्यामलले एक दैनिक पत्रिकामा लेख्दै विमलका बारेमा भनेका छन्, 'एक घोर असफल व्यापारी विमल निभा खासमा मित्रहरूलाई हानि पुऱ्याउनै नसक्ने प्राणी हुन् ।' यता विमलको

> नेपाली कविताका महत्त्वपूर्ण घुम्ती हुन् कवि भूपि शेरचन । त्यो घुम्ती मुस्ताङको टुकुचेबाट सुरु हुन्छ र दरबारमा गएर बिलाउँछ । नेपाली प्रगतिशील कविका लागि त्यो घुम्ती कहिले चुनौती बनेर आइदिन्छ, कहिले सपना बनेर छाइदिन्छ । चुनौती ठानेर कविता लेख्नेहरू माइतीघर मण्डलातिर भेटिन्छन् । सपना ठानेर कविता लेख्नेहरू कमलादीतिर भन्किरहेको देखिन्छन् । तर, यी दुई कविले भूपि हिँडेको बाटोलाई चुनौती ठाने या सपना ?

श्यामलप्रति यति प्रेम देखिन्छ कि आफ्नो एउटा कवितासंग्रहको एक संस्करण नै श्यामलको नाममा समर्पित गरेका छन् ।

श्यामलको मिलनसार बानी र सुन्दर कविता लेख्ने पक्ष विमललाई धेरै मन पर्छ । विमल भन्छन्, 'श्यामलजी मित्रता कायम राख्न सक्ने मान्छे हो । संख्यात्मक रूपमा थोरै कविता लेखे पनि कविताको आफ्नो स्तरलाई घट्न दिनु भएन ।'

श्यामल पनि विमलको भावनात्मक पक्ष निकै रुचाउँछन् । भन्छन्, 'म हरेक विषयलाई विश्लेषण गर्न थाल्छु । विमलजी कुनै विषय मन परेपछि भावुक भइहाल्नुहुन्छ । उहाँको त्यो बानी मन पर्छ ।'

घामछाया प्रकृतिमा मात्रै कहाँ हुन्थ्यो र ? प्रकृतिका मसिना कण हामी मानिसका सम्बन्धमा पनि कहिले उज्यालो घाम लाग्छ, कहिले अँध्यारो छाया पर्छ । द्वन्द्वात्मकतामा विश्वास राख्ने यी दुई प्रगतिशील कविका जीवनमा पनि कहिले घाम लाग्यो, कहिले छाया पऱ्यो । श्यामलसँग कविताको बाटो यति नजिकबाट सँगै हिँडे पनि विमल आफ्नो साहित्यिक जीवनको सुरुवाती समयका मित्रहरूमा भने नारायण र राजवलाई नै राख्न चाहन्छन् । भन्छन्, 'मेरो सुरुवातका साहित्यिक मित्रहरू नारायणजी र राजवजी नै हो । श्यामलजी पछि जोडिनुभयो ।'

दुईकविले जीवनभर चप्पल लगाएनन्, चप्पल लगाउनेहरूका बारेमा इमानदारितापूर्वक कविता लेखे । यो लाइन किन दोहोऱ्याइयो भने यी दुई कवि नेपाली राजनीतिका घृणित दृश्यका सधैँ आलोचक रहे । तर, राजनीतिक परिदृश्य बदलिएको भन्दै यी दुई राजनीतिक नियुक्तिमा पनि हामफाल्न छाडेनन् । विमल साझा प्रकाशनको महाप्रबन्धक बने, अहिले नेपाल प्रज्ञा प्रतिष्ठानको उपकुलपति छन् । श्यामल राष्ट्रिय समाचार समितिका अध्यक्ष भए ।

यी दुई कवि पूर्वप्रधानमन्त्री केपी ओलीले गरेको संसद् विघटनका बारेमा फरक मत राख्छन् । कवि श्यामल भन्छन्, 'त्यो संसद् जसले प्रधानमन्त्रीलाई कामै गर्न दिएन, त्यस्तो संसद् किन राख्ने ?' कवि विमल भन्छन्, 'ओलीलाई मान्नु भनेको पतनगाथामा सामेल हुनु हो । नेपाली वामपन्थी आन्दोलनमा ओली र प्रचण्डले जति क्षति गरेको छ त्यो पूर्ति गर्न हाम्रो पुस्ता त गयोगयो अर्को पुस्ताले आफ्नो आयु सकाए पनि प्रतिस्थापित गराउन सक्ला नसक्ला गाह्रो छ । यिनीहरूले यति 'महान्' क्षति गरेको छ ।'

प्रचण्डलाई वामपन्थ खत्तम पार्ने व्यक्ति माने पनि विमल उनकै सरकारले नियुक्त गरेको प्रतिष्ठानमा उपकुलपति छन् । यो त विरोधाभास भएन ? विमल तुरुन्तै भन्छन्, 'मैले यहाँ बसेर कुनै नराम्रो काम गरेको छैन । यो एक वर्षमा एउटा कवितासंग्रह लेखिसकेँ । कवितामा सम्झौता गरेको छैन ।' वामपन्थ पतन गराउने नेताहरूसँग आफ्ना नजिकका साथीहरू लहसिएको देख्दा विमललाई दुःख लाग्छ । भन्छन्,'दुःखभन्दा बढ्दा दिगमिग लाग्छ ।' विमल तुरुन्तै सचेत देखिन्छन् र मुस्कुराउँदै भन्छन्, 'तर श्यामलजीसँग मेरो दोस्ती कम नगराइदेऊ है ।' श्यामलले व्यक्तिगत रूपमा ओलीलाई माने पनि कविता नै लेखेर भक्तिगान नगरेको विमलको ठम्याइ छ ।

भूपि हिँडेको बाटो

नेपाली कविताका महत्त्वपूर्ण घुम्ती हुन् कवि भूपि शेरचन । त्यो घुम्ती मुस्ताङको टुकुचेबाट सुरु हुन्छ र दरबारमा गएर बिलाउँछ । खास गरी नेपाली प्रगतिशील कविहरूका लागि त्यो घुम्ती कहिले चुनौती बनेर आइदिन्छ, कहिले सपना बनेर छाइदिन्छ । सपना ठानेर कविता लेख्ने भातृसंगठनको लेखक संघ हुँदै 'प्रगतिशील लेखक संघ' सम्म आइपुग्छन् र राजकीय मात्रै मेटिएको नेपाल... प्रज्ञा प्रतिष्ठानको भऱ्याङमुनि भन्किरहेका देखिन्छन् । चुनौती ठानेर कविता लेख्नेहरू माइतीघर मण्डलातिर भेटिन्छन् । यी दुई कविले भूपि हिँडेको बाटोलाई चुनौती ठाने या सपना ?

एकेडेमीमा आइपुग्नुलाई समयले तानावाना बुनेको ठान्छन् विमल । भन्छन्, 'एकेडेमीमा आउनुलाई पलायन नै भयो भन्न नमिल्ला । मेरो अडानमा कमजोरी भने देखिएकै हो । यद्यपि, अहिले पनि म प्रतिपक्षीय विचारबाट च्युत भएको छु भन्ने लाग्दैन ।' सरकारले चलाएको साहित्यिक संस्थामा जाने कि नजाने भन्ने बहसको विषय हुन सक्ने उनको मत छ । भन्छन्, 'वामपन्थीहरूमा संसदीय व्यवस्थालाई मान्ने कि नमान्ने भन्ने अलमल छ । त्यही अलमलले मलाई पनि छोएको हो कि भन्ने लाग्छ । मेरो पाँचौँ कवितासंग्रह आएपछि हेर्नुहोला । मैले आफ्नो बाटो भुलेको छैन ।'

त्यो समयमा भूपिभन्दा धेरै बदमास नेताहरू भएको कवि श्यामलको मत छ । नेपाली वाम-आन्दोलनलाई नेताहरूले दरबारमा बुझाएको श्यामलको निष्कर्ष छ । भूपिले भनेको दुई क(कवि र कम्युनिस्ट)को प्रसंगलाई बिम्बमा नबुझी सीधा रूपमा बुझेको श्यामलको भनाइ छ । भन्छन्, 'नेताहरूले कलाको भाषै बुझ्नेनन् । भूपिले यी दुई जोखिमपूर्ण छन् मात्रै भनेका हुन् ।' आन्दोलन मात्रै गर्ने, तर सरकारी निकायमा पुग्न नचाहने तरिका ठीक नभएको उनको धारणा छ । भन्छन्, 'त्यहाँ पुगेर भष्ट्राचार नगर्नु, जनविरोधी काम नगर्नू । भूपिदाइ गएर पनि जनविरोधी काम गरेनन्, विमल गएर पनि नराम्रो काम गरेका छैनन् ।'

मूल विषय मान्छेको विचारप्रतिको निष्ठा ठान्छन् साहित्यकार शार्दुल भट्टराई । भन्छन्, 'कुर्सीमा गएर आफूलाई बिक्री गरेको छ कि छैन मूल विषय यो हो । भूपिले आफूलाई बिक्री गरेका हुन् । श्यामलजी र विमलजीको मामलामा त्यो होइन । दुवैजना विचारप्रति कठोर हुनुहुन्छ । विमलजी अझै कठोर हुनुहुन्छ ।' विचारप्रति प्रतिबद्ध रहेर कुर्सीमा टिक्दा केही नहुने उनको मत छ । आख्यानकार ढकालको पनि मत भट्टराईसँग मिल्दोजुल्दो छ । कविहरू रासस र एकेडेमीमा गएको विषयलाई पञ्चायतकालमा भूपि एकेडेमीमा गएको जसरी मूल्यांकन गर्न नमिल्ने उनी बताउँछन् । भन्छन्, 'क्रान्ति पूरा भएको छैन । सत्ता मात्रै बदलियो, व्यवस्था उस्तै छ भन्ने कोणबाट जानुहुन्न भन्न सकिएला । तर, विमलजी उपकुलपति हुन भएको विषयलाई भूपिसँग जोडेर मूल्यांकन गर्न मिल्दैन ।'

अघिल्ला पुस्ताका दुई कविले भूपि हिँडेको पछिल्लो बाटोलाई धेरै गम्भीर रूपमा लिएको देखिन्न । संसद्समेत प्रतिपक्षविहीन हुँदै गएको परिवेशमा अग्रज कविहरूबाट यस्तो धारणा आउनु गम्भीर विषय हुन सक्छ । सडकमा उभिनुपर्ने वेला सत्ताको भऱ्याङ उक्लिएर जनविरोधी काम नगरे पुग्छ भन्ने लाइनमा उनीहरू देखिन्छन् । भूपि हिँडेको पछिल्लो बाटो फराकिलो हुँदैगयो भने माइतीघरमा उभिने चन्द्रवीर तुम्बापोहरू, अस्मितावादीहरू हिँड्ने बाटो झनै चुनौतीपूर्ण हुने पक्का छ ।

०००

संग्रौला बिहान सबैरै उठेर वनकाली घुम्छन्, गुह्येश्वरी पुग्छन्, कैलाशडाँडा एक फन्का लगाएर घर आइपुग्छन् । त्यसपछि बेलुकीको उजुरीबारे सोच्न थाल्छन्, 'विमल र श्यामलमा आखिर को भयानक कवि ?' स्वयं कविहरूलाई चासै छैन, तर लोकलाई चिन्ता भयो । दुईजनाको कद नाप्न इन्चिटेप लिएर सहरमा मानिसहरू दौडिएको देखेपछि संग्रौलाले जुक्ति निकाले र कुनै समारोहमा भनिदिए- श्यामल हाम्रो समयको राम्रो कवि । विमल हाम्रो समयको ठूलो कवि ।

राम्रो अभिनेता बन्न समाज बुझ्नैपर्छ

नेपाली रंगमञ्च र सिने जगत्को चर्चित नाम हो, माओत्से गुरुङ । उनको अभिनय दर्शकले निकै रुचाएका छन् । उनी अभिनेता मात्रै होइनन्, निर्देशक पनि हुन् । उनले गुरुङ भाषाका आधा दर्जनभन्दा बढी सिनेमा निर्देशन गरिसकेका छन् । उनको लेखनमा रहेको 'पुरानो डुंगा' दर्शकमाझ अझै चर्चित छ । उनी निर्देशित सिनेमा 'दयारानी' प्रदर्शनमा आउँदै छ । यसै सेरोफेरोमा पवन बराइलीले उनीसँग संवाद गरेका छन् :



सिने-संवाद

माओत्से गुरुङ
अभिनेता तथा चलचित्र निर्देशक

'दयारानी' कस्तो सिनेमा हो, दर्शकले कसरी ग्रहण गर्लान् ?

'दयारानी'मा समाजको कथा छ । हाम्रो समाजमा पुरुष मानसिकता कतिसम्म हाबी हुन्छ र, आफ्नो कमजोरी छोपेर पुरुषार्थ देखाउन कतिसम्म गिर्छ भन्ने कुरा देखाउँछ । अझै पनि निसन्तानदम्पतीलाई समाज र परिवारले वंश धान्न दबाब दिने गर्छ । बच्चा भएन भने विभिन्न प्रश्न गरिन्छन् । छोरा नै हुनुपर्छ भन्ने मानसिकता अझै हटेको छैन । यसैको सेरोफेरोमा रहेर बनाएको नितान्त पारिवारिक सिनेमा हो यो । यो सिनेमा रिलिज गर्न चारपटकसम्म समय सारेको छु । ठूलो सिनेमासँग जुध्योस्, जसले गर्दा आफैं तर्सिएँ । रिलिज गर्ने वेला कोभिड-१९ ले थला पाऱ्यो । बिस्तारै कोरोना मत्थर भयो । तर, मचाहिँ अभिनयमा व्यस्त हुन थालैं । अन्तिममा सिनेमा रिलिज गर्न डराउन नहुनेरहेछ भन्ने निष्कर्षमा पुगैं । कस्तो प्रभाव पार्ला ? आफ्नो ठाउँ छ, तर सिनेमा रिलिज गर्न डराएर नहुँदोरहेछ भन्ने लाग्यो ।

आत्मसन्तुष्टका लागि सिनेमा बनाउनुहुन्छ कि व्यावसायिक सफलताका लागि ?

कस्ता खालका तत्त्व आवश्यक पर्छ र सिनेमा चल्छ भन्ने पूर्वानुमान गर्न नसक्ने निर्देशक हुँ । आजसम्म थुप्रै भाषिक सिनेमा निर्देशन गरैं । ती सबै मेरो बुझाइले गरैं । फिल्मेकरका आ-आफ्नै धारणा हुन्छन् । जुन विषय उठान हुनुपर्छ भन्ने लाग्छ, त्यही विषयमा सिनेमा बनाउँछु । विषयवस्तु महत्त्वपूर्ण हुन्छ । समाजको समस्या सिनेमामा उठाउनुपर्छ भन्ने लाग्छ । भोलि बजार बुझेर सिनेमा बनाएँ भने बेग्लै कुरा हो । आजसम्म मलाई लागेको विषयमा सिनेमा बनाइरहेको छु ।

नेपाली सिनेमालाई मूलधार र वैकल्पिक धार भनेर छुट्याइएको पाइन्छ । यो विषय तपाईंलाई कस्तो लाग्छ ?

सिनेमामा मूलधार र वैकल्पिक धार भन्ने नै हुँदैन । बजारमा जुन चल्छ, त्यसलाई मूलधार भनियो । जुन चल्दैन त्यसलाई अलग धार भनियो । हाम्रो विचार पनि यसरी नै निर्देशित भएको छ । बजार कसको कब्जामा हुन्छ भन्ने कुरा निश्चित हुँदैन । व्यावसायिक सिनेमामा पनि कलापक्ष हुन्छ । मूलधार र वैकल्पिक धार भनेर सिनेमालाई वर्गीकरण गरिनुहुँदैन ।

तपाईं सिनेमा निर्देशनसँगै अभिनय पनि गर्दै हुनुहुन्छ । रंगमञ्चमा पनि तपाईंको सहभागिता देखिन्छ । सबैतिर छरिँदा हराउँछुजस्तो लाग्दैन ?

पछिल्लो समय सिनेमामा व्यस्त भएँ । जसले गर्दा नाटकमा काम गर्न पाएको छैन । मैले 'अटल बहादुरको आतंक'पछि कुनै नाटकमा अभिनय गर्न पाएको छैन । तर, पोखरामा फेरि रंगमञ्च जुर्मुराउँदै छ । नाटकका लागि पोखरा उर्भरभूमि हुँदै छ । अनुप बराल सर पोखरा फर्किएर नाटकघर निर्माण गर्दै हुनुहुन्छ । म पनि उत्साहित छु । अब नाटकका लागि समय छुट्याउँछु ।

'मलामी'लगायत दर्जनौं नाटकमा अभिनय गरिसक्नुभयो । थुप्रै भाषिक सिनेमा पनि बनाउनुभयो । नाटक र सिनेमा कुनमा काम गर्दा बढी सन्तुष्टि मिल्छ ?

सिनेमामा अभिनेता र निर्देशकको रूपमा काम गरिरहेको छु । लेखन, निर्देशन र अभिनयमा मेरो रुचि छ । हुन त कतिपयले नाटक र सिनेमा एउटै हो भन्छन् । तर, मेरो बुझाइमा नाटक र सिनेमा एउटै होइन । नाटक नाटक नै हो, सिनेमा सिनेमा नै हो । यसमा केही मिल्दाजुल्दा पक्ष हुन्छन् । तर, धेरै कुरा फरक हुन्छन् । सिनेमाको सेट र नाटकको स्टेज फरक हुन्छ । त्यसैले यी दुई कुरालाई तुलना गर्नुहुँदैन । रंगकर्मीको हिसाबले नाटकमा काम गर्दा नाटकमै रमाउँछु । सिनेमामा काम गर्दा सिनेमामै रमाउँछु ।

तपाईंको अनुभवमा राम्रो अभिनेता बन्न के-के आवश्यक पर्छ ?

सिनेमा 'पुरानो डुंगा'को भक्ते पात्र अझै मेरो दिमागमा घुमिरहन्छ । भक्तेजस्तो पात्र मैले अब सिनेमामा गर्न पाउँदिनँ कि जस्तो लाग्छ । सिनेमाका अरू पात्र पनि दिमागमा आइरहन्छन् । म अझै पनि कताकता 'पुरानो डुंगा'तिरै हराउँछु । मेरो दिमागमा दृश्य र पात्र अझै मेटिएको छैन । 'दलन' टेली सिरियलको सदमान पात्रलाई अझै सम्झन्छु । त्यो पात्र सम्झिँदा अझै रोमाञ्चित हुन्छु । आजसम्म त्यस्तो खालको पात्र मैले पाएको छैन । गाउँको नेताको भूमिका थियो । त्यो पात्र निकै चुनौतीपूर्ण थियो । मलाई चुनौतीपूर्ण चरित्र निर्वाह गर्न मन लाग्छ । त्यसैले सफल कलाकार बन्नका लागि समाज बुझ्न जरुरी छ । मैले जसरी बुझैं त्यसरी नै अरूले पनि बुझ्नुपर्छ भन्ने होइन । यद्यपि, तपाईं समाज नबुझी राम्रो अभिनेता बन्न सक्नुहुन्न । समाजलाई बुझ्नैपर्छ । कलाकारले मात्रै होइन, सिने क्षेत्रमा लागेका सबैले समाज बुझ्नुपर्छ ।

तपाईं अधिकांश समय पोखरामै भेटिनुहुन्छ । तपाईंको अनुभवमा एकजना सर्जकका लागि काठमाडौं ठीक कि पोखरा ?

मेरो अधिकांश समय पोखरामै बित्छ । केही प्राविधिक कामका लागि मात्रै काठमाडौं आउँछु । सिर्जनाका लागि केन्द्रमै बस्नुपर्छ भन्ने धारणा बनाउनुहुँदैन । मोफसलमा बसेरै धेरै अग्रजले राम्रो काम गरिरहनुभएको छ । संसारभरका मान्छे पोखरा आएर बसिरहेका छन् । तर, हामीचाहिँ पोखरा छोडेर बाहिर किन जाने ? मेरो अपनत्व जोडिएको सहर भएकाले पोखरामा जसरी सजिलै सास फेर्न सक्छु अन्य ठाउँमा अलि गाह्रो हुन्छ । तपाईंको सोच कस्तो छ ? यसमा पनि निर्भर हुन्छ । अरूले इज्जत दिनुपर्छ भन्ने लाग्दैन, सामान्य नागरिक भएर हिँड्छु । यसैमा रमाउँछु ।

दीपक बज्राचार्यलाई छोरी चेरिसाको प्रश्न



'मन मगन'मा नेपाली मौलिक बाजा किन प्रयोग गर्नुभयो ?

ड्रम र गितारमा मात्रै म्युजिक गऱ्यो भने आफ्नो पहिचान गुम्छ । मैले आजभन्दा १० वर्षअघि जुन कुरा महसुस गरेको थिएँ, हिजोआज अरू म्युजिसियनले पनि सोच्न थालेका छन् । म्युजिकमा आफ्नोपन चाहिन्छ भन्ने सबैले बुझेका छन् । यो ट्रेन्ड अब हट्नेवाला छैन ।

तपाईंलाई संगीत क्षेत्रमा प्रवेश गर्न कत्तिको गाह्रो भयो ?

अहिले तिमीलाई जति सजिलो छ, त्यतिवेला मलाई त्यति नै गाह्रो थियो । किनकि, अहिलेजस्तो संगीतका लागि 'एक्स्पोजर' नै थिएन । अहिले युट्युबबाट संगीत सिक्ने समय आयो । इन्टरनेटमा म्युजिक सिक्न थुप्रै स्रोत छन् । त्यो वेला म्युजिक सिक्ने ठाउँ पनि हुँदैनथ्यो । साथीहरूसँग आफ्नो आइडिया सेयर गरिन्थ्यो । त्यसरी नै एक-अर्कासँग सिक्दै, सिकाउँदै अघि बढ्यौं ।

मानौं तपाईं अहिले १५-१६ वर्षको हुनुहुन्छ । परिवारको सदस्य(हजुरबुबा-आमा)ले तपाईंलाई म्युजिकमा लाग्नै दिनुभएन रे ! यस्तो वेला म्युजिकै रोज्नुहुन्थ्यो कि अरू कुनै बाटो रोज्नुहुन्थ्यो ?

मलाई कतिपयले संगीतमा लागेर पश्चत्ताप लाग्दैन भनेर पनि सोधिरहेका हुन्छन् । मेरो जीवनमा म्युजिकभन्दा अर्को विकल्प थिएन । मलाई म्युजिकमा भन्दा अरू कुनैमा सन्तुष्टि मिल्दैन । त्यसैले परिवारले साथ नदिए पनि म म्युजिकलाई नै रोज्थें । मैले अर्को जन्म लिन पाएँ भने पनि म्युजिक नै रोज्न चाहन्थें ।

आज तपाईंको गीत-संगीत जुन उचाइमा छ, यो सबै मामू (आमा) विना सम्भव थियो ?

तिम्रो मामू (अमिरा) बाट मेरो म्युजिकको करिअर सुरु भएको हो । मैले 'लिट्लन्स ब्यान्ड'मा हुँदा अंकल (मेरो साथी) हरूसँग मिलेर 'काली काली' एल्बम निकालैं । त्यसवेला रहरै रहरमा एल्बम निकालियो । तर, त्यो ब्यान्डलाई निरन्तरता दिन सकिएन । ब्यान्डका साथीहरूले आ-आफ्नो बाटो रोजे । त्यसपछि म एक्लै भएँ । लामो समय म्युजिकमा एक्लै लागिपरैं । एक्लै भएपछि तिम्रो मामूको नाम जोडेर 'ओ अमिरा' गीत बनाएँ । यो गीतलाई दर्शकले अत्यधिक मन पराइदिनुभयो । वास्तवमा अमिरा नामले मेरो करिअरलाई युटर्न गराईदियो । त्यसैले, अमिरा नाम मेरो भाग्यसँग जोडेर आउँछ । अहिले मेरो जीवनमा तिमीहरू (तिमी र भाइ) छौ । सायद मेरो जीवनमा अमिरा नआएको भए यो सबै सम्भव थिएन । मेरो सांगीतिक करिअर र जीवन के हुन्थ्यो कल्पना गर्न सक्दिनँ ।

तपाईंको सांगीतिक यात्रामा ब्यान्ड सदस्यहरू प्रायः सबै अलग हुनुभयो । अहिलेसम्म तपाईंसँग कोही पनि पुरानो साथी हुनुहुन्न । एक्लै हुँदा कत्तिको गाह्रो भयो ?

मेरो करिअर 'लिट्लन्स ब्यान्ड'बाट सुरु भयो । यो ब्यान्डमा म कान्छो सदस्य थिएँ । दुर्भाग्यवश सबैजनाले ब्यान्ड छाडेर फरक-फरक बाटो रोज्नुभयो । त्यो वेला परिस्थिति नै त्यस्तै थियो । त्यसपछि म एक्लै भएँ । मेरो भर्खर करिअर सुरु भएको थियो । मैले म्युजिक छोड्न सकिनँ । मैले पछि रिक्की र बिक्की (मेरा भान्जा)हरूलाई ब्यान्डको सदस्य बनाएँ । उनीहरू सानै थिए । मैले उनीहरूलाई म्युजिक सिकाएँ र ब्यान्डको सदस्य बनाएँ । एउटा समूह बन्यो । त्यसपछि कन्सर्ट गर्न थाल्यौं । बिस्तारै अरू नयाँ सदस्य थपिए । उनीहरूबाट पनि धेरै कुरा सिक्दै अघि बढ्न पाएँ । त्यसवेला मलाई गाह्रो पनि थियो ।

म्युजिकमा लागेको तीन दशक भयो । आजका दिनसम्म मेरो ब्यान्डका पुराना साथीहरू सँगै भइदिएको भए अझ धेरै गर्न सकिन्थ्यो जस्तो लाग्छ । विदेशतिरको कुरा गर्ने हो भने ३०-४० वर्षदेखि ब्यान्डको सदस्य एउटै हुन्छ । उनीहरूको ब्यान्ड देख्दा मलाई लोभ लाग्छ । मेलाई पनि ती साथी भइदिएहुन्थ्यो भन्नेचाहिँ लाग्छ ।

तपाईं लामो समय वेस्टर्न म्युजिकलाई आफ्नो करिअर बनाएर हिँड्नुभयो । तर, पछि 'मन मगन'मा नेपाली मौलिक बाजा प्रयोग गर्नुभयो । वेस्टर्न म्युजिक र नेपाली म्युजिकमा के फरक पाउनुभयो ?

मेरो जनराको म्युजिक मन पराउने सीमित हुनुहुन्छ । तर, जसरी मैले 'इथनिक म्युजिक' प्रयोग गरेर 'मन मगन' बनाएँ, त्यसपछि मेरो म्युजिक सुन्ने थपिएजस्तो महसुस हुन्छ । अहिले 'मन मगन' स्कुलका बच्चाहरूले पनि सुन्छन् । दीपक बज्राचार्य को हो चिन्दैनन् । तर, उनीहरूले म्युजिकलाई मन पराएका छन् । यसमा नेपाली मौलिक संगीत भएर नै मन पराउनुभएको हो नि !

साप्ताहिक राशिफल

२० माघ (शनिबार) - २६ माघ (शुक्रबार)



सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको सुरुमा नियम र अनुशासनलाई बेवास्ता गर्दा अवसर र लाभ गुम्न सक्ने योग रहेको छ । विनाकारण दुःख पाउने समय चलेकाले विशेष सावधानी अपाउनुपर्नेछ । बिहीबारदेखि पराक्रम बढ्दै जाँदा अधुरा काम बन्ने तथा नयाँ काम पाउने योग भए पनि संयमता अपनाउनुपर्नेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

व्यापारमा केही कठिनाइ आउने हुँदा साझेदारीमा काम गर्नेहरूले सतर्कता अपनाउनुपर्नेछ । धार्मिक तथा पारिवारिक यात्राको योग छ । वैवाहिक तथा मांगलिक कार्यमा अवरोध आउने योगफल रहेको छ । साताको अन्त्यमा शुभ समाचार सुन्न पाइने र गरेको कार्यमा सफलता पनि मिल्नेछ ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

वैदेशिक र राजनीतिक कार्यमा सफलता मिल्नेछ । बन्धुबान्धवबाट प्राप्त विशेष सहयोगले अधुरा कार्य बन्नेछन् । प्राविधिक काममा सफलतासँगै स्थानान्तरण योग रहेको छ । बिहीबारदेखि पराक्रम बढ्नुको साथै काममा सफलता मिल्नेछ । व्यापारमा लाभ हुनेछ ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

जागिरमा पदोन्नतिको योग रहेको छ । वैदेशिक रोजगारीमा आउने नयाँ प्रस्ताव अगाडि बढाउँदा भाग्यले पूर्ण साथ दिनेछ । साताको अन्त्यमा कार्यालयमा उच्च अधिकारीबाट सहयोग मिल्नेछ । व्यापार-व्यवसायमा आर्थिक लाभ हुनेछ ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

आत्तिएर गरिएका कार्यले हानि पुऱ्याउनेछ । एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । उत्साह र उमंग सिर्जना हुनेछ । कला, साहित्य तथा संगीतमा रुचि बढ्नेछ । प्रेम सम्बन्ध पनि कसिलो हुनेछ । साताको अन्त्यमा सेयरबजारबाट सोचेअनुरूप लाभ नहुने योग छ ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

आदर्श व्यक्तित्वसँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ । अध्ययन-अध्यापनको क्षेत्रमा राम्रो खबर सुन्न पाउनुहुनेछ । मंगलबार र बुधबार कमजोर भएको अनुभूति हुनुका साथै घरायसी झमेलामा परिनेछ । साताको अन्त्यमा रमाइलो पारिवारिक यात्राको योग रहेको छ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

साताको सुरुमा रमाइलो यात्राको योग छ । मित्र वा आफन्तबाट सहयोग मिल्नेछ । वैदेशिक कार्य अधि बढ्नेछ । बिहीबार मनमा निराशा र शरीरमा आलस्य आउने योग छ । साताको अन्त्यमा सौन्दर्यतामा धन खर्च हुनेछ । धार्मिक मांगलिक कार्यमा सरिक हुने मौका मिल्नेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

दाम्पत्य सुखमा रमाउने साता रहेको छ । प्रतिष्ठा र पदोन्नतिको सम्भावना छ । व्यावसायिक क्षेत्र लाभप्रद नै रहनेछ । पढाइमा सफल हुन थप मिहिनेत गर्नुपर्ला । व्यापारमा गरेका प्रयास फलदायी रहनेछन् । साताको अन्त्यमा धन मनग्य कमाउने अवसर मिल्नेछ ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

स्वास्थ्य कमजोर हुनुको साथै काममा बाधा आउने योग छ । खर्च बढ्ने भएकाले संयमता अपनाउनुहोला । निर्णयको अभावले काम बिग्रन सक्ने हुनाले महत्त्वपूर्ण काम गर्दा विचार पुऱ्याउनु उचित हुनेछ । बिहीबारदेखि नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

साताभर दौडधुप गर्नु परे पनि प्रसिद्धि र सम्मानमा वृद्धि हुनेछ । सेयरबजारबाट फाइदा मिल्नेछ । छोटो दूरीको लाभदायक र धार्मिक यात्राको योग छ । अरूलाई प्रभावित पारेर काम बन्नेछ, तर आहारविहार र स्वास्थ्यप्रति सचेत रहनु बेस हुनेछ । कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन् ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

यात्रा गर्ने अवसर मिल्नेछ । व्यापारमा लाभ मिलने योगछ । भाग्यले साथ दिनेछ । बुधबार वृहस्पतिबार सेयरबजारमा पनि उतारचढाव आउला । धार्मिक र सांस्कृतिक महत्त्वको क्षेत्रमा भ्रमण हुनेछ । व्यापारमा लाभ हुनुको साथै भाग्यले साथ दिने हुँदा मनोबल पनि बढ्नेछ ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

गलत विचार आउनाले काम बिग्रनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । जोश-जाँगर र हिम्मत बढ्नेछ । जीवनसाथीको सल्लाहमा गरिएको कार्यबाट अधिक सफलता मिल्नेछ । बुधबारबाट शैक्षिक क्षेत्र कमजोर रहनेछ । प्रेममा बाधा आउनले बन्न लागेको काम बिग्रन सक्छ ।

समीक्षा




महेश पौड्याल

महाकवि विद्यापतिको उल्लेखविना हिन्दी र मैथिली साहित्यको अध्ययन अपूरो हुन्छ । महान् साहित्यकार रवीन्द्रनाथ ठाकुरलगायत धेरै साहित्यिक मनिषीहरूले विद्यापतिलाई आफ्नो प्रेरणाको स्रोत मान्ने गरेका छन् । उनका रचना नीति, सूक्ति र उच्च मानवीय मूल्यका अनमोल अभिलेख हुन् । तर पनि, विद्यापतिको अध्ययन र चर्चाले पाउनुपर्ने जति महत्ता नपाएको अनुभव हुन्छ ।

विद्यापति अध्ययनमा उल्लेख्य टेवा पुऱ्याउने एउटा काम साहित्यकार धीरेन्द्र प्रेमर्षिले उनको संस्कृतमा लिखित कथाहरूको सँगालो 'पुरुष-परीक्षा' लाई नेपालीमा अनुवाद गरेका छन् । अम्बर प्रकाशनद्वारा बजारमा ल्याइएको उक्त कृतिका चार खण्डमा विद्यापतिका ४४ कथाहरू संकलित छन् । यस अनुवादले विद्यापति अध्ययनमा टेवा पुऱ्याउने, विद्यापतिबारे कतिपय भ्रमको निवारण गर्ने, तथा संस्कृतिमा निकै पातलो मानिएको कथा परम्परालाई समृद्ध तुल्याउने कार्य गर्ने अपेक्षा गरिएको छ । आचार्य विष्णु शर्माको पञ्चतन्त्र (इ. ६००) तथा नारायण पण्डितको हितोपदेश (इ. १२००), सँगै विद्यापतिको पुरुष-परीक्षा (इ. १४००) अध्ययनका लागि उपलब्ध भएको छ । यो आफैंमा स्तूत्य कार्य हो । भारतमा अंग्रेज शासनका बखत इन्डियन सिभिल सर्भिसेसको पाठ्यक्रममा 'पुरुष परीक्षा'लाई पाठ्यपुस्तकको रूपमा समावेश गरिएको थियो ।

कथाहरू पारावर नामक राजा र सुबुद्धि नामक ऋषिबीचको संवादमा आधारित छन् । पारावरले आफ्नी छोरीका लागि कस्तो वर योग्य होला भनेर सोध्दा, सुबुद्धिले 'पुरुष' खोज्नुहोस् भन्छन् ।



> मेरो लक्ष्यभन्दा तिम्रो लक्ष्य ठूलो पनि हुन सक्छ। महत्त्वाकांक्षा बोकेर संगीतमा आउनेहरूका लागि संगीत अझै सानै छ। संगीत क्षेत्रमा लागेर खान-लाउन पुग्दैन भन्न खोजेको होइन। मैले त्यो वेला सीमित स्रोत-साधनबीच म्युजिकलाई करिअर बनाएँ। म गीत-संगीतमै रमाएँ। तर, तिमी संगीतमा मात्रै खुसी नहुन पनि सक्छ्यौ। त्यसैले यो विषयमा तिमी आफैं निर्णय गर।

अहिले नेपाली संगीतमा परम्परागत बाजाको प्रयोग निकै बढेको देखिन्छ। तपाईंको विचारमा यो ट्रेन्डले निरन्तरता पाउला ?

मैले पप म्युजिक सुरु गर्दा ड्रम र गितार बजाएर गीत बनाउने ट्रेन्ड थियो। त्यो वेला ड्रम र गितार नै नयाँ लागेको थियो। म्युजिकमा ड्रम र गितार फेसन बनेको थियो। त्यसवेला नेपालमा वेस्टर्न म्युजिकको लहर नै आएको थियो। त्यसरी नै पप म्युजिक स्थापित भयो। अहिले समय बदलिएको छ। सोसियल नेटवर्कले संसार सानो बनाएको छ। यसको प्रभाव पनि हुन सक्छ, नयाँ पुस्ताले आफ्नो पहिचान आफैं खोजिरहेका छन्। हामीले पप म्युजिकबाट करिअर सुरु गर्यौं, त्यही हाम्रो पहिचान बन्यो। तर, नेपाली म्युजिकमा केही परिवर्तन हुन सक्छ। जसरी हामीले वेस्टर्नलाई नेपाली फ्युजनमा ढालेर 'मन मगन' बनायौं। त्यसरी नै संगीतमा अन्य ट्रेन्ड पनि आउन सक्छ। तर, हामीले आफ्नै मौलिक संगीतका काम गर्नुपर्छ। ड्रम र गितारमा मात्रै म्युजिक गऱ्यो भने आफ्नो पहिचान गुम्छ। मैले आजभन्दा १० वर्षअघि जुन कुरा महसुस गरेको थिएँ, हिजोआज अरू म्युजिसियनले पनि सोच्न थालेका छन्। अहिले गितार बजाएर मात्रै गीत बनायो भने हाम्रो म्युजिक होइन भन्न थालिसके। राष्ट्रियता, संस्कृति र आफ्नो माटो समेटिएको म्युजिकलाई सबैले मन पराउन थालेका छन्। म्युजिकमा आफ्नोपन चाहिन्छ भन्ने सबैले बुझेका छन्। यो ट्रेन्ड अब हट्नेवाला छैन।

तपाईले एक दशकअघि 'लेट्स द वर्ल्ड डान्स इन नेपाली म्युजिक' अभियान सुरु गर्नुभएको थियो। त्यो अभियान कति सफल भयो जस्तो लाग्छ ?

मैले 'लेट्स द वर्ल्ड डान्स इन नेपाली म्युजिक' भनेर अभियान सुरु गर्नुअघि नेपाली मौलिक संगीत छँदै नभएको होइन। तर, पप संगीतलाई फ्युजन गरेर फरक तरिकाले प्रस्तुत गर्न खोजेको हो। पप संगीतबाट नयाँ कामको सुरुवात भएको थियो। अहिले कम्तीमा हरेक पप म्युजिकमा नेपाली मौलिक बाजा समावेश हुन थालेका छन्। हरेक म्युजिकमा सारंगीको धुन सुन्न पाइन्छ। नेपाली माटोको म्युजिक सुन्न पाइन्छ। केही हदसम्म म सफल भएँ जस्तो लाग्छ।

नेपाली म्युजिकलाई अन्तर्राष्ट्रियस्तरसम्म पुऱ्याउन कस्ता चुनौती देख्नुहुन्छ ?

अहिलेको संगीतमा भाषिक अवरोध छैन। सामाजिक सञ्जालमा प्रतिस्पर्धा गर्ने जमाना आएको छ। 'गाम नाम स्टाइल...' जस्ता कहिल्यै नसुनेको भाषाको गीत पनि हामीले सुन्यौं। यो गीतले संसारभर तहल्का मच्चायो। हामीले 'मन मगन'बाट नयाँ सुरुवात गर्यौं। यसले सफलता पनि पायो। तर, 'मन मगन'पछि अरू गीत ल्याउन सकिएन। यस्ताखाले संगीत भएको गीत निरन्तर आउनुपर्छ। अनि हामी पनि आफ्नो मौलिक संगीत लिएर संसारभर जान सकिन्छ। यो गीतमा बजेका बाजा र देखाइएको दृश्य नेपाली संस्कृति नै हुन्। 'मन मगन'जस्तो गीत अफ्रिकन, अमेरिकन, युरोपिनले बनाउँदैनन्। त्यसैले नेपाली मौलिक संगीत पनि संसारभर चर्चित हुने सम्भावना छ। हामीले एउटा कोसिस गऱ्यौं। विदेशीले थोरै मात्रै सुने होलान्। तर, अधिकांश नेपालीले सुन्नुभयो। आफ्नो संस्कृति समेटेर नेपाली संगीत सिर्जना गर्न थाल्यो भने पक्कै पनि विश्वव्यापी रूपमा हामी पुग्न सक्छौं।

तपाईं संगीतमा सम्भावना प्रशस्तै छ भन्नुहुन्छ। यदि मैले म्युजिकलाई 'करिअर' रोजें भने तपाईं के भन्नुहुन्छ ?

मेरा लागि गम्भीर प्रश्न हो यो। मेरो मनले तिमीलाई म्युजिकमै लाग भन्छ। तर, दिमागले चाहिँ म्युजिकमा नलाग भन्छ। त्यसैले तिमी आफैं निर्णय गर भनिरहेको हुन्छु। म तिम्रो संगीतमा पनि सम्भावना देख्छु। तर, पनि संगीतभन्दा बढी रुचि अरूतिर छ भने तिमी च्वाइस गर्न सक्छौ। मैले म्युजिकमा करिअर छैन भन्न खोजेको त होइन। तर, मेरो लक्ष्यभन्दा तिम्रो लक्ष्य ठूलो पनि हुन सक्छ। महत्त्वाकांक्षा बोकेर संगीतमा आउनेहरूका लागि संगीत अझै सानै छ। संगीत क्षेत्रमा लागेर खान-लाउन नपुग्ने पनि हुँदैन। मैले सीमित स्रोतसाधानबीच म्युजिकलाई करिअर बनाएर हिर्डें। म गीतसंगीतबाट खुसी नै छु। यो सबै संगीतबाट गरेको हुँ। तर, तिमी म्युजिकमा मात्रै खुसी नहुन पनि सक्छ्यौ। त्यसैले यो विषयमा तिमी आफैंले निर्णय गर्ने कुरा हो।

म्युजिकबाट रिटायर्ड भएपछि के गर्ने योजना छ ?

जुन वेलासम्म म उफ्रिन सक्छु, त्यसवेलासम्म मेरो जीवनका घडीका काँटा चलिरहेको हुन्छ। अहिले त ठिकै चलिरहेकै छ। तर, रिटायर्ड भन्ने शब्दले मलाई चिन्तित पनि बनाउँछ। तर, मजस्तो भाग्यमानी कम हुन्छन् होला। मैले चाँडै विवाह गर्ने। तिमी र भाइ पनि हुर्किसकेका छौ। त्यसैले म रिटायर्ड हुनुअघि तिमीहरू आफ्नै खुट्टामा उभिन जरुरी छ। म रिटायर्ड भएपछि तिमीहरूलाई अहिलेको जस्तो सपोर्ट गर्न सक्छु-सक्दिनँ थाहा छैन। त्यसैले संगीतबाट रिटायर्ड हुनुअघि तिमीहरूलाई ठाउँमा पुऱ्याउनुपर्ने चुनौती छ। म्युजिकबाट रिटायर्डमेन्ट भएपछि हामीसँग केही पनि हुँदैन। मभन्दा अग्रज दाइहरूको समयमा म्युजिकलाई प्रोफेसन नै मानिँदैनथ्यो। कम्तीमा हामीले गीत गाउँदा पैसा तिर्नुपर्छ भन्ने कल्चरको विकास भएको छ। अहिले नयाँ पुस्तालाई सजिलो पनि भएको छ। उनीहरूले नयाँ तरिकाले इभेन्ट डिजाइन गरेर सोहरू गर्ने परिपाटीको विकास भएको छ।

नेपाली संगीत क्षेत्रको राम्रो पक्ष र नराम्रो पक्ष के हो ?

मैले संगीत सुरु गर्ने समयमा पप गीतहरू धेरै आउँथे। पप गायकको ठूलो भिड थियो। तर, बिस्तारै फिल्टर भएर गयो। मेरा समकालीन साथीहरू पाँचजना पनि औंलामा गन्न गाह्रो हुन्छ। पप म्युजिकमा त्यसवेला पाँच हजारजना थिए। आज पनि संगीतमा आउँनेहरूको जमात बाक्लो छ। राम्रो हिपप म्युजिक पनि सुन्न पाइन्छ। अरू थुप्रै जनराका राम्रा गीतहरू पनि सुन्न सकिन्छ। अहिले म्युजिक सिकेर आउने संख्या पनि बढ्दो छ। अहिलेका नयाँ पुस्ताले म्युजिकमा राम्रो काम पनि गरेका छन्। तर, अहिले गीत-संगीतमा विकृति पनि उत्तिकै मौलाएको छ। कतिपयले रक्सी पिएर कन्सर्ट गर्ने र संगीत क्षेत्रमा बदनाम गरिरहेका पनि छन्। कलाकारले स्टेज कार्यक्रममा खराब शब्द प्रयोग गरेर जथाभावी बोल्ने गरेको पनि देख्छु। यसले हामी कलाकारलाई हेर्ने दृष्टिकोण पनि अर्कै भयो। यही डरले पनि मैले मेरो ब्यान्डलाई चाहिँ मेन्टेन गराएको छु। हाम्रो ब्यान्डमा कसैले रक्सी पिउँदैन। म पनि पिउँदिनँ। अरूलाई पनि पिउन दिन्नँ। यसै पनि हामी कलाकारलाई गलत संस्कारबाट हुर्किएको भनिन्छ। कतिपयमा गीत गाउनेहरू अनुशासन नभएको, रक्सी पार्टी गर्ने, अनुशासनहीन हुन्छन् भन्ने बुझाइ पनि छ। हामी कलाकार सभ्य हुनुपर्छ। यो खालको विकृति पहिले-पहिले पनि थियो, अहिले पनि छ। तर, बिस्तारै फिल्टर भएर जान्छ। राम्रो र नराम्रो छुट्टिन्छ।

हाम्रो परिवारमा सबैभन्दा महत्त्वपूर्ण व्यक्ति को हो ?

तिम्रो मामू (अमिरा)नै हो।

तपाईंलाई हामी (म र भाइ) ले के गरिदिएहुन्थ्यो जस्तो लाग्छ ?

मेरा छोराछोरीले यही गरून् भन्ने छैन। मलाई बुबाआमाले दुःख देख्न नपरोस् भनेर आशीर्वाद दिनुहुन्थ्यो। त्यसैले म पनि तिमीहरूको दुःख हेर्न नपरोस् भन्छु। मलाई विश्वास छ, तिमीहरू असल बन्छौ। राम्रै कर्ममा लाग्छौ भन्नेमा ढुक्क छु।

तपाईंको रुचि संगीतबाहेक अरू केमा छ ?

म्युजिकबाहेक मेरो जीवन अपूर्ण हुन्छ। बाँकी घुम्ने रमाउने छँदै छ। तर, म्युजिकबाहेक सोच्न पनि सक्दिनँ। किनभने जीवनमा मैले छिटै म्युजिकलाई सोख बनाएँ। म्युजिक नै मेरो प्रोफेसन बन्यो।

● **पवन बराइली**

कतारमा नेपाली श्रमिकको परिचय बदल्दै यास्मिन



प्रवासतिर

धनुषाको ढल्केवर चौकदेखि ४० किलोमिटर दक्षिणमा पर्छ जलेश्वर बजार। हुलाकी राजमार्गसँग जोडिएको महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका-२ मा बस्दै आएका एक मुस्लिम परिवारमा वि.सं.२०४५ मा लालबाबु कवारी र सुनैता खातुनको जेठो सन्तानको रूपमा यास्मिनको जन्म भयो।

त्यस वेला मधेशी वा मुस्लिम समुदायमा विवाह हुन अहिले जस्तो सहज थिएन। विभिन्न सामाजिक कुरीतिसँग जुध्दै यास्मिनले संघर्ष गरिरहिन्। उनीपछि चार भाइबहिनी जन्मिए। यास्मिन शिक्षामा अगाडि बढ्न थालेसँगै भाइबहिनीलाई पनि सहज हुँदै गयो। बालविवाहको बलियो प्रभावबीच यास्मिन समाजका कुरीतिसँगै जुध्दै पढिरहिन्। उनलाई बुबाआमाले सक्दो साथ दिए। उच्च शिक्षाको अवसर प्राप्त गरिन्। हुन त त्यस वेला उनलाई विवाहको दबाब नआएको होइन। तर, बुबा प्रगतिशील विचार राख्ने भएकाले छोराछोरीलाई शिक्षा आर्जन गराउन जुटे। पढाइमा अब्बल यास्मिन यसैलाई अवसरको रूपमा रूपान्तरण गर्न कम्मर कसेर जुटिन्।

बुबा लालबाबु सम्झिन्छन्, 'यास्मिन जेठी छोरी भएकाले विवाहको प्रेसर सानै उमेरमा आएको थियो। आफू त्यसतर्फ ध्यान नदिई पठनपाठनमा छोराछोरीलाई अगाडि बढाउन लागें।' त्यही भएर उनले जलेश्वर नगरपालिका-२ मा रहेको शिशु निकुञ्ज इंग्लिस विद्यालयबाट आधारभूत तहको शिक्षा आर्जन गर्न पाइन्। बुबा प्रगतिशील विचारधाराका भएकाले उनी बुर्कामुक्त बाँधिनुपरेन।

खुलापनको अनुभूति गर्न पाएकी यास्मिन माध्यमिक तहको शिक्षा आर्जन गर्न काठमाडौं लागिन्। त्यसवेला उनका बुबा झापामा प्रशासकीय अधिकृत थिए। काठमाडौंको मैतीदेवीमा रहेको न्यू समिट इंग्लिस बोर्डिङ स्कुलबाट एसएलसी उत्तीर्ण गरिन्। त्यसपछि थप पढ्न भारततर्फ लागिन्। भारतको राजस्थानबाट व्यवस्थापन संकायमा स्नातक गरिन्।

बुबाको बलियो साथ र प्रोत्साहनले अगाडि बढ्ने अवसर पाएको यास्मिन बताउँछिन्। 'बुबा मेरो ठूलो प्रेरणाको स्रोत हुनुहुन्छ,' यास्मिन भन्छिन्। व्यवस्थापनमा स्नातक पूरा गरेकी यास्मिन रोजगारका निम्ति काठमाडौं फर्किइन्। त्यसपछि रोजागरीका क्रममा सन् २०११ मा किंग्सफिसर एयरवेजमा आबद्ध भइन्। गेस्ट सर्भिस एजेन्टका रूपमा उनले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा किंग्सफिसर एयरवेजमा आबद्ध भएर काम गरिन्। त्यहाँ उनले करिब डेढ वर्षजति काम गरिन्। त्यहाँ काम गर्दै गर्दा उनको विवाह धनुषाको विदेह नगरपालिका-६ का रुस्तम राइनसँग भयो। विवाह हुँदा यास्मिनका श्रीमान् कतार बस्दै आएका थिए। राइन कतारमा इलेक्ट्रिकल इन्जिनियरको रूपमा कार्यरत छन्।

विवाहपछि उनको जीवनमा नयाँ आयाम थपिने क्रम सुरु भयो। श्रीमान् कतारमा बस्दै आएकाले उनी पनि उतै सर्नुपर्ने अवस्था आयो। त्यहीबीचमा उनले कतार एयरवेजमा 'कस्टमर सर्भिस एजेन्ट'का रूपमा काम गर्ने अवसर पाइन्। त्यसपछि किंग्सफिसर एयरवेजमा काम छाडिदिइन्। आफ्ना इन्जिनियर श्रीमान्सँगै कतारमा बस्न नेपाल छाडिन्।

कतार यास्मिनका निम्ति नयाँ गन्तव्य थियो। इन्जिनियर श्रीमान्को गृहणीका रूपमा मात्रै बस्नुपर्ने हो कि भन्ने भय पनि उनको मनमा थियो। डरका बीच उनी दृढ इच्छाशक्तिका साथ अगाडि बढिरहिन्। कतार आएर केही महिना गृहिणी बनेकी उनी आफ्नो हुनर पस्किन सुरुमा जागिर खोज्न थालिन्। यही क्रममा उनी एक म्यानेजमेन्ट ट्रेनिङ सेन्टरमा आबद्ध भइन्। त्यहाँ उनले रिसेप्सनिस्टको रूपमा काम गरिन्। रिसेप्सनिस्टका रूपमा कार्यरत यास्मिन आफूमा रहेको दृढता र कामप्रतिको जवाफदेहिताले गर्दा सो कम्पनीको मुख्य प्रशासनिक व्यक्तिको भूमिकामा बढुवा भइन्। वर्ष दिनभित्र कतारजस्तो देशमा आफ्नो पकड जनाउन थालिन्। त्यसपछि उनी सहायक अपरेसनल प्रबन्धक भइन्। त्यहाँ उनी करिब पाँच वर्ष काम गरिन्। त्यहाँ रहँदा उनले कतारका प्रभावशाली

> यास्मिनको सबैभन्दा ठूलो सपना कतारमा नेपालीमाथि लाग्दै आएको 'लेबर' ट्यागलाई बदल्नु हो। भन्छिन्,'नेपालीमाथि लाग्दै आएको लेबरको ट्याग बदल्न प्रयास गरिरहेकी छु। हामीमाथि अरूले हेर्ने नजर फेरिँदै छ।'

कम्पनीका सिइओहरू र प्रबन्धकहरूसँग व्यावसायिक सम्बन्ध बनाउन सफल भइन्। त्यसपछि उनले युकेबाट डिप्लोमा इन हेल्थ एन्ड सेफ्टीमा लेबल-६ को कोर्स पूरा गरिन्।

गृहिणीदेखि प्रशिक्षकसम्म

यास्मिन अहिले कन्सल्टेन्सी सञ्चालन गर्दै छिन्। १० वर्षअघि श्रीमान् रुस्तमले फ्यामिली भिसाको सदुपयोग गर्दै यास्मिनलाई कतार आउन आग्रह गरेकी थिइन्। गृहिणीको रूपमा कतार प्रवेश गरेकी उनले आफ्नै व्यवसाय सुरु गरिन्। आफूसँग भएको सीप, ज्ञानलाई उनले उपयोग गर्न एउटा प्लेटफर्मको रूपमा कम्पनी सुरु गरिन्।

कतारमा केही नेपालीले होटेल, रेस्टुरेन्ट, म्यानपावर सप्लायर्स, ट्राभल्स र टुर्सजस्ता व्यवसाय अपनाएका छन्। यास्मिन अरूभन्दा पृथक् रूपमा कन्सल्टेन्सी खोलेर प्रशिक्षण दिनमा तल्लीन छिन्। यास्मिनले अरूभन्दा भिन्न सुरक्षासम्बन्धी प्रशिक्षणमा आफूलाई अभ्यस्त बनाएकी छिन्। निर्माण र व्यवस्थापनको क्षेत्रमा काम गर्नेलाई उनले प्रशिक्षण दिँदै आएकी छिन्। जसअन्तर्गत विगत १० वर्षमा यास्मिनले सात लाख मजदुरलाई, ६ हजारभन्दा बढी म्यानेजर, इन्जिनियरलगायतलाई सुरक्षित रूपमा काम गर्न र लिडरसिपको तालिम दिएकी छिन्।

टुटिस म्यानेजमेन्ट ट्रेनिङ सेन्टरमा पाँच वर्ष काम गरेपछि नयाँ कम्पनीका अपरेसन म्यानेजरको रूपमा काम गर्ने प्रस्ताव यास्मिनलाई प्राप्त भयो। त्यस बखत उनी गर्भवती थिइन्। आफ्नो प्रभाव राम्रो छाड्न सफल भएकाले नयाँ कम्पनीले यास्मिनलाई गर्भवती भएको जानकारी हुँदा पनि काममा राख्न चाह्यो। उनले नयाँ कम्पनीमा पनि काम थालिन्।

उनी एक दिन घरमा बसेर कतारमा आफ्नै ट्रेनिङ कन्सल्टेन्सी सुरु गरे कस्तो होला भनेर सोच्दै थिइन्। उनले यो विचार आफ्नो पतिलाई सुनाइन्। पतिको साथ पाइन्। चुनौतीपूर्ण ठाउँ हुँदाहुँदै पनि आफूभित्र बढेको आत्मविश्वास र व्यावसायिक सम्बन्धको आडमा उनी आफ्नो नयाँ सपना साकार गर्न अगाडि बढिन्।

कतारमा उनले 'प्रशिक्षण र परामर्श केन्द्र' स्थापना गरिन्। जसका निम्ति कतारसँगै अन्तर्राष्ट्रिय विभिन्न संघसंस्थाको अनुमति आवश्यक थियो। आफ्नो व्यावसायिक सम्बन्धका आधारमा उनी कतारको सरकारीसँगै अन्तर्राष्ट्रिय अनुमतिहरू पाउन सफल भइन्। त्यसपछि एउटा कुर्सी र डेस्कबाट आफ्नो 'क्युएसटी ट्रेनिङ एन्ड कन्सल्टेन्सी' कम्पनी सुरुवात गरिन्।

उनको मुख्य ध्येय नै कतारमा बस्दा नेपालीमाथि लाग्दै गरेको 'लेबर' अर्थात् श्रम मजदुरको ट्यागलाई बदल्नु रहयो। त्यही भएर उनले कम्पनीलाई प्रशिक्षणलगायत सेवा प्रदान गर्नेमा केन्द्रित गरिन्। स्वास्थ्य र सुरक्षा, मानव संसाधन व्यवस्थापन, डकुमेन्ट कन्ट्रोलर, टिमवर्कजस्ता क्षेत्रमा आफ्नो कम्पनीलाई अगाडि सारिन्।

कतारले आयोजना गरेको सन् २०२२ को विश्वकप फुटबलका दौरान उनले धेरै क्षेत्रका व्यक्तिलाई सुरक्षा र व्यवस्थापनको प्रशिक्षण दिएकी थिइन्। कतारजस्तो देश, जहाँको व्यापार व्यवसायमा भारतसँगै शक्तिशाली देशका व्यक्तिको पहुँच र पकड छ, नेपालीलाई एउटा सामान्य लेबरका रूपमा गणना गर्ने त्यस्तो ठाउँमा आफू नेपाली भएर काम गर्न पाउँदा, उनीहरूलाई प्रशिक्षण दिन पाउँदा गर्वको अनुभूति हुने गरेको उनी बताउँछिन्। कतारको बजारमा आफूलाई नेपाली भनेर चिनाउन पाउँदा गर्व महसुस भएको उनी बताउँछिन्। उनी आफूलाई बुबा लालबाबुको कपिपेस्टको रूपमा अर्थ्याउने गर्छिन्। 'म बुबाको कपिपेस्ट हुँ, जस्तो लाग्छ,' यास्मिन भन्छिन्।

यास्मिनको सबैभन्दा ठूलो सपना कतारमा नेपालीमाथि लाग्दै आएको 'लेबर' ट्यागलाई बदल्नु हो। भन्छिन्, 'नेपालीमाथि लाग्दै आएको लेबरको ट्याग बदल्न प्रयास गरिरहेकी छु। हामीमाथि अरूले हेर्ने नजर फेरिँदै छ।'


● **सुरेन्द्रकुमार कामती**

पुरुषार्थ परीक्षणका लोकमान्य सूत्रहरू

पुरुष को हो त भन्दा, तिनका गुण बुझाउन यी कथा भनिएको छ। कथाका अनुसार पुरुष भनेको मूलतः वीरता, बुद्धिमत्ता, विद्वता र पुरुषार्थ (धर्म, अर्थ, काम, मोक्ष) जस्ता गुणले सम्पन्न मानिस हो।

पहिलो खण्डमा वीरताका कथा छन्, जसमा चार विशुद्ध कथा र चार प्रत्युदाहरण छन्। यी कथाका अनुसार कन्जुस्याइँबाट मुक्त हुनु शूरता हो। हित र अहित बुझ्न सक्ने सामर्थ्य भनेको विवेक हो। कामप्रतिको लगनशीलता उत्साह हो। यी तीनैथरी विशेषता भएको मानिसलाई वीर भनिन्छ। वीर चार प्रकारका हुन्छन्- राजा बलाह र विक्रमादित्यजस्तो दानवीर, दुस्मनको दूतलाई पनि जोगाएर आफू मर्ने योगिनीपुरका राजा हम्मिरदेवजस्तो दयावीर, मिथिलाका राजकुमार मल्लदेवजस्तो युद्धवीर, र हस्तिनापुर आसपासका योद्धा चाचिकदेवजस्तो सत्यवीर। यसै खण्डमा, यी वीरताका अभावमा गुण, वीरता र नैतिकताबाट च्युत भएका पात्रहरूका पनि केही कथा छन्। दरिद्रताका कारण चोर बनेको सरीसृपलाई विक्रमादित्यले शाल्मलिपुरको राजा बनाइदिन्छन्। तर, सुध्रिए पो ? उता परिभद्रजस्तो कापुरुष छ अर्को कथामा, जो युद्धका डरले राज्यै छाडेर भाग्छ। मथुराको कन्जुस व्यापारी गुढधन अनिकालमा छोराछोरीलाई पनि खान नदिएर मार्छ। आफू पनि अन्त्यमा माझीलाई सुनको पोको जिम्मा लाएर गंगा किनारमा मारिन्छ।

> भानुभक्तको व्यापकताभन्दा उनलाई सीमित घेराभित्र राखेर अध्ययन गर्ने परिपाटी बसाएर जो गल्ती हामीले गऱ्यौं, त्यो विद्यापतिको हकमा पनि हुन सक्छ।



दोस्रो खण्डमा बुद्धिमत्ताका १७ कथा छन्। काम पर्दा जसको बुद्धिमा स्फूर्ति आओस् र जाँगर चलोस्, त्यस्ता प्रतिभावान् व्यक्तिलाई तीक्ष्ण बुद्धि भएको व्यक्ति भनिन्छ भनेर पृष्ठ ३६ मा उल्लेख गरिएको छ। उदाहरणमा राजा पृथु र सुलोचनाले जंगलमा भेट्टाएका बालक विशाख छन्– जो बुद्धिको बलमा राजा हुन्छन्। जन्मले उनी तपश्शील नामक मुनी र तिलोत्तमा अप्सराका छोरा हुन्। जंगलमा फ्याँकिएका उनलाई सुलोचनाले भेटेर राख्छिन् तर पृथुले उनैलाई त्यागिदिन्छन्। त्यसैले, पृथुलाई हतकडी लगाउनु उनको बाध्यता बन्न पुग्छ। यो काम विशाखले गरिदिन्छन् र आफू राजा बन्छन्।

तेस्रो खण्डमा विद्वताका १४ कथा छन्। यस खण्डमा ज्ञान र चौध विद्याको चर्चा गरिएको छ। विद्यामा शस्त्रविद्या र शास्त्रविद्या प्रमुख मानिएका छन्। विद्या आर्जनका चार स्रोत बताइएको छ- संगत, अध्ययन, अभ्यास र बोध। भनिएको छ- नीचहरूको ढलीमली भएको फोहोरी गाउँमा, कुरौटेहरूको जगजगी भएको सहरमा, मूर्ख राजाको शासन भएको देशमा विद्वान्हरूले दुःख पाउँछन्।

चौथो खण्डमा पुरुषार्थका १५ कथा छन्। यो पुस्तकको मूल खण्ड हो र यसमा विविध प्रकारका पुरुषार्थका कथा छन्। कायस्थ बोधिले आफू सात्विक भएको परीक्षा गर्न आफैंलाई गंगामा समर्पण गर्छन् र तात्विक कहलिन्छन्। उता, गौडमा भने गंगामा गोहीको मुखमा परेको गाई बचाएर तामस आफू मर्छन्। आफूलाई नास्तिक मान्ने कम्पिलाका कुमार रत्नाङ्गद, अन्त्यमा ईश्वरीय सत्ताका समर्थक बन्छन्।

भानुभक्तको व्यापकताभन्दा उनलाई सीमित घेराभित्र राखेर अध्ययन गर्ने परिपाटी बसाएर जो गल्ती हामीले गऱ्यौं, त्यो विद्यापतिको हकमा पनि हुन सक्छ। भानुको लोककल्याणको दर्शनबारे हामीले बोल्दै बोलेनौं। विद्यापतिमा पनि यी दोष छन्, तर तत्-तत् समयको परिप्रेक्ष्यमा हेरिनुपर्छ।

झ्याप्पै !



रवि मिश्र
@rabimishra



म्युनिख ओलम्पिकको त्यो त्रासद बिहान

शारदाले भनेपछि मैले मुन्टो बटारेर सिसाबाट पल्लोपट्टिको अपार्टमेन्ट नियालें । त्यहाँ सिसाभित्र एकजना मानिस पिन थुतेको ग्रिनेड बुढीऔंलाले च्यापेर बसेको थियो । ऊसँगैका अन्य चारजनाको हातमा स्टेन गन थियो । दुईजना मरिसकेका थिए । उनीहरूको रगत बगिरहेको थियो । नौजनालाई पाता कसेर राखिएको थियो ।



संस्मरण

जितबहादुर केसी
कीर्तिमानी म्याराथन धावक

नेपालबाट छनोट भएर भक्तबहादुर सापकोटा र म म्युनिख ओलम्पिक १९७२ का लागि तीन महिनाअघि नै जर्मनी गयौं । पाकिस्तान, इन्डिया, बंगलादेश, श्रीलंकालगायत एसियाली देशका खेलाडीलाई कोलोन सहरमा राखिएको थियो । ओलम्पिक सुरु हुनुअघि त्यहाँ रहेका एसियाली देशका खेलाडीबीचको प्रतिस्पर्धामा म पहिलो भएँ । दुई घन्टा २३ मिनेटमै उक्त दौड पूरा गरेँ । त्यसपछि पत्रपत्रिकामा फोटोसहित मेरो नाम छापियो । त्यहाँका मानिसले खेलाडीलाई बेग्लै सम्मान गर्ने, जब कि नेपालमा त्यतिवेला खेलाडी, प्रशिक्षक, खेलसँग सम्बन्धित व्यक्तिलगायत सीमित केही मानिसलाई मात्रै म्याराथनबारे मतलब हुन्थ्यो ।

एकपटक काठमाडौंबाट चार-पाँचजना खेलाडी गोदावरीतर्फ कुद्न जाँदा स्थानीयले चोर भन्ने ठानेर कुकुर नै फुकाइदिएका थिए । काठमाडौंमा कहिले खाली खुट्टा त कहिले बाटा कम्पनीको सेतो जुत्ता (अहिले स्कुल जाने बच्चाले लगाउनेजस्तो) लगाएर कुद्दा भोगेका यस्ता कस्टकर अनुभव धेरै छन् । यसरी दुःखमा खेल्ने बानी परेकाले कोलोनमा म्याराथन जुत्ता लगाएर कुद्दा केही अफ्टेरोसमेत महसुस भएको थियो । त्यहाँको ट्र्याकसुट निकै स्तरीय थियो । काठमाडौं फर्किएपछि अन्य खेलाडी त्यो ट्र्याक देखेर छक्क परेका थिए । ट्रेनिङ राम्रो चल्दै थियो ।

ओलम्पिकको सुरु भएको पहिलो साता (उद्घाटन २६ अगस्ट) निकै रमाइलो रह्यो । हामी दुई खेलाडीसहित ओलम्पिकमा सहभागी हुन नेपालबाट राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव कुमार खड्गविक्रम शाह, उनकी पत्नी शारदा शाह (राजा महेन्द्रकी माइली छोरी), प्रशिक्षक लक्ष्मणविक्रम शाह तथा अन्य पदाधिकारीसमेत गरेर झन्डै आठजनाको टिम जर्मनीमा थियो । ओलम्पिक भिलेजमा उपलब्ध सुविधाको त के कुरा गर्नु ? हामी नेपालबाट गएकालाई अचम्म लाग्ने नै भयो । त्यही जमानामा पनि कफी, जुस, बियर जे खान मन लाग्यो, स्विच अन गरेपछि धाराबाट आउने मेसिन प्रत्येक कोठामा थियो । पर्दा खोलेपछि चारैतिर छर्लङ्गै देखिने सिसा र काठका घरमा हामी थियौं । प्रत्येकलाई अलग-अलग कोठाको व्यवस्था थियो । अन्डरग्राउन्डमा खेलाडीको रिफ्रेसमेन्टका लागि टेबुल टेनिस, ब्याडमिन्टनलगायत विभिन्न खेल खेल्न मिल्ने व्यवस्था थियो । आश्चर्य, हामीलाई मात्रै होइन, विदेशीलाई पनि हामी देखेर लाग्थ्यो । हाम्रो झन्डा, नेपाली दौरा-सुरुवाल, ढाकाटोपीलाई धेरैले तारिफ गर्थे । हाम्रोमा ड्युटी बसेको पुलिस मेरो टोपी देखेर लोभिएको थियो । ऊ भन्थ्यो, 'नेपाल फर्किंदा तिम्रो क्याप चिनो छाडेर जानू ।' मैले हुन्छ भनेको थिएँ ।

१०औं दिन उसै निद्रा परेको थिएन । अन्डरग्रान्डमा मानिस खेलिरहेको चर्को आवाजले झनै डिस्टर्ब भयो । राति १ बजेपछि दूध पिएँ । बल्ल निदाएछु । बिहान ४:३० बजे ढोका ढकढक गरेको चाल पाएपछि निद्रा फेरि खुल्यो । जाने वेला दिन्छु भनेकै छु, बिहानै-बिहानै टोपी माग्न किन आएको होला ?' मलाई त्यो पुलिससँग औधी रिस उठ्यो । ढोकामा आवाज थप चर्को सुनिएको थियो ।

झर्कंदै ढोका खोलेको त शारदा सरकारले ढकढक्याउनुभएको रहेछ । 'उता हेर्नुस् त,' शारदाले भनेपछि मैले मुन्टो बटारेर सिसाबाट पल्लोपट्टीको अपार्टमेन्ट नियालें । त्यहाँ सिसाभित्र एकजना मानिस पिन थुतेको ग्रिनेड बुढीऔंलाले च्यापेर बसेको थियो । ऊसँगैका अन्य चारजनाको हातमा स्टेन गन थियो । दुईजना मरिसकेका थिए । उनीहरूको रगत बगिरहेको थियो । नौजनालाई पाता कसेर राखिएको थियो । मृतक र बन्दी सबै इजरायली थिए ।

पिन थुतेको भनेको फायर खोल्न स्ट्यान्ड बाई भएको हो, बुढीऔंला निकाल्नासाथ त्यो ग्रिनेड पड्कनेवाला थियो । आर्मीको जागिरे भएकाले यति कुरा बुझ्न सक्थें, त्यहीकारण अरूभन्दा ज्यादा चिन्तित थिएँ, 'कतै ग्रिनेड हामीतिर फालिदियो भने ?'

सबै नेपाली हत्तपत्त बाहिर निस्किर्यौं । बाहिर त ठूलो संख्यामा सेना परिचालन भइसकेको रहेछ । अन्य देशका खेलाडी पनि निस्किएका थिए । अब त कोठामा फर्कन डर थियो । जर्मन सरकारले 'खेलाडीलाई नमार्नु हामी वार्ताद्वारा तिमीहरूका माग पूरा गर्न तयार छौं' भनेर ती आतंककारीलाई फकाइरहेको थियो । जर्मनीका गृहमन्त्रीले त 'बरु मलाई समात्, उनीहरूलाई छोडिदेऊ पनि भनेछन् ।' तर, उनीहरू मानिरहेका थिएनन् । इजरायलमा बन्दी बनाइएका दुई सयभन्दा धेरै प्यालेस्टिनी रिहा गर्नुपर्ने उनीहरूको माग रहेछ । तर, यो माग पूरा गर्न इजरायल सरकार तयार थिएन । खेलाडीलाई बन्धक बनाइराख्ने, मार्ने धम्की दिने, अनि जर्मनीमा दबाब सिर्जना गर्ने अतिवादीको योजना रहेछ ।

चाहेको भए जर्मनीले क्षणभरमै उक्त अपार्टमेन्ट नै ध्वस्त गरेर सबै आतंकवादीलाई खरानी पारिदिन सक्थ्यो, तर खेलाडी बचाउने प्रयास जारी थियो । हामीले भिलेजभित्रै टिभीमा यी सबै घटनाक्रम र समाचार नियालिरहेका थियौं । सहमति जुट्यो भन्ने खबर आयो । अतिवादीहरूले बन्धक बनाइएका खेलाडीलाई प्लेनमा बोकेर इजिप्टको कायरो लैजाने, उनीहरूलाई जर्मनीले अवरोध नगर्ने, उनीहरूले पनि खेलमा अवरोध नगर्ने ।

साढें ९ बजेतिर दुईवटा हेलिकोप्टर भिलेजमा आए । त्यसको एक घन्टापछि बन्धकलाई लिएर अतिवादीहरू हेलिकोप्टर चढे । नाइकेले ग्रिनेड बोकिरहेकै थियो, प्रशिक्षक तथा खेलाडीहरू बाँधिएकै अवस्थामा थिए । अन्य अतिवादीले बन्दुक ताकिरहेकै थिए । हामी ट्वाल्ल परेर यी सबै घटनाक्रम टिभीमा हेरिरहेका थियौं । म्युनिखसँग जोडिएको फुर्स्टनफेल्डब्रुकस्थित सैनिक विमानस्थलमा उनीहरूलाई लगिएछ ।

त्यहाँ अतिवादीहरूलाई घेरा हालेर जर्मन सैनिकले खेलाडी तथा प्रशिक्षक रिहा गर्न दबाब दिएछ । तर, यो प्रयास सफल भएन । अतिवादीहरूले सबै नौ खेलाडीलाई मारे, एक जर्मन प्रहरी पनि मारिएछन् । जर्मन सेनाले पनि अतिवादीमाथि गोली चलाएर तीनजनालाई ठहरै पारेछ । यी लास भेट्टाउन जर्मन कुकुरलाई धेरै समय लागेन । निकै चाँडो समाचारमा यो विवरण आइसकेको थियो । बाँकी दुई अतिवादी गायब थिए । भोलिपल्ट, उनीहरूलाई खोज्न ओलम्पिक भिलेजमा कुकुर तैनाथ गरिने भयो । जर्मन अधिकारीले हामीलाई तत्कालै बाहिर निस्कनुस् भने । त्यति धेरै खेलाडी बस्ने ठाउँबाट निस्कनका लागि दुईवटा मात्रै गेट खुला थियो । सबैजना तँछाड-मछाड गरिरहेका वेला अधिकारीहरूले फेरि निस्कनुपर्दैन भने । कुकुरहरूले ती दुई अतिवादीलाई सुँघेर पत्ता लगाइसकेका रहेछन् । घाइते अवस्थाका उनीहरूलाई भिलेजमा ल्याइयो ।

यसपछि ओलम्पिक कमिटीले शोकसभा राख्यो । खेलाडी बन्धक रहँदाको अवधिमा खेल सञ्चालन भएको थिएन । तर, उनीहरूको निधनलगत्तै खेल थालियो । 'आतंकवादले ओलम्पिक खेलको भावनामा अवरोध गर्न सक्दैन' भन्ने सन्देश दिन यस्तो निर्णय गरिएको रहेछ ।

> जर्मन अधिकारीले हामीलाई तत्कालै बाहिर निस्कनुस् भने । त्यति धेरै खेलाडी बस्ने ठाउँबाट निस्कनका लागि दुईवटा मात्रै गेट खुला थियो । सबैजना तँछाड-मछाड गरिरहेका वेला अधिकारीहरूले फेरि निस्कनुपर्दैन भने । कुकुरहरूले ती दुई अतिवादीलाई सुँघेर पत्ता लगाइसकेका रहेछन् । घाइते अवस्थाका उनीहरूलाई भिलेजमा ल्याइयो ।

घाइते आतंकवादीलाई ओलम्पिक अवधिभर भिलेजमै राखिएको थियो । नमरोस्, दुःख मात्रै पाइरहोस् भनेर दैनिक एक चम्चा खोले खान दिइन्थ्यो । जर्मन प्रहरीले उनीहरूको शरीरमा दुख्ने औषधि पनि छर्केर गएका थिए । उनीहरू चिच्याउँथे, शरीरमा किरा पर्न थालेको थियो, त्यही टिपेर खान्थे । बाहिरबाट प्रस्ट देखिने गरी खुला सिसाभित्रै उनीहरूलाई राखिएको थियो । निर्मम सजाय दिने जर्मन अधिकारीको नीति थियो ।

उत्साह खासै बाँकी थिएन । अन्तिम दिन (११ सेप्टेम्बर) म्याराथनको प्रतिस्पर्धामा २१ किलोमिटर दौडिएपछि म भक्लक्कै लर्डें । टाउकोमा कसैले भ्यास्प हिर्काएजस्तो लागेको थियो । देब्रे खुट्टा क्रयाम्प (ऐंठन) भएको रहेछ । चोटका कारण दौड पूरा गर्न नसके पनि मलाई पछुतो छैन । नेपालमा घाइते भएको भए खेलजीवन त्यतिवेलै सकिन्थ्यो । जर्मनीमा भएकाले उपचार राम्रै पाइयो ।

एक वर्षपछि फिलिपिन्सको मनिलामा भएको एसियन ट्र्याक एन्ड फिल्डमा काँस्य जितें, नेपाली खेल इतिहासकै पहिलो अन्तर्राष्ट्रिय पदक विजेता भनेर चिनिन पाउँदा खुसी लाग्छ ।


सिनेमा




हेनरी रोबर्टस्

शान्ति स्थापनामा कहाँ चुक्यो सिनेमा

सिनेमाले कहिल्यै पनि तानाशाहको मस्तिष्क बदल्दैन । तर, यसले देशका मानिसलाई प्रतिरोध गर्न प्रेरित गर्न सक्छ ।





> दुर्भाग्य, १९२४ मा ग्रिफिथले गरेको भविष्यवाणीभन्दा दुनियाँ आज निकै भयावह भइसकेको छ । हजारौंले अझै पनि विश्वभर भइरहेका युद्धमा ज्यान गुमाइसकेका छन् । सिनेमालाई अझै पनि दमनकारी र विस्तारवादीको सेवामा प्रयोग गरिएको छ ।

ह्याक्कै एक सय वर्षअघि कोलियर म्यागेजिनमा फिल्म निर्देशक डिडब्ल्यु ग्रिफिथले एउटा भविष्यवाणी गरेका थिए, 'सन् २०२४ मा एउटा महत्त्वपूर्ण जिम्मेवारी पूरा गर्न सिनेमाले ठूलो सहयोग गरेको हुन्छ । त्यो सभ्य दुनियाँबाट सबै सशस्त्र संघर्षलाई खतम गर्ने कार्य हो ।'

उनले थपेका थिए, 'यस्तो परिस्थिति निम्त्याउन सिनेमा सबैभन्दा शक्तिशाली पक्ष हुनेछ । मोसन पिक्चरको युनिभर्सल भाषाको प्रयोगले मानिसबीच भ्रातृत्वको साँचो अर्थ पृथ्वीभर स्थापित भएको हुनेछ ।'

विरोधाभासचाहिँ ग्रिफिथको १९१५ को फिल्म 'द बर्थ अफ अ नेसन' आफैंमा एउटा गहिरो रंगभेदी फिल्म थियो । यसले 'कु क्लुक्स क्लान' को पुनरुत्थानमा प्रत्यक्ष भूमिका खेल्यो, जसले धेरै उच्छृंखलता र हिंसा फैलायो । ग्रिफिथको शान्तिको पूर्वानुमान र राष्ट्र-राष्ट्रबीचको द्वन्द्व सही भएन । गाजा, युक्रेन, सुडान र अन्यत्रको वास्तविकताले युद्ध अझै पनि जीवनको पाटो हो भन्ने स्मरण गराउँछ ।

पछिल्लो सय वर्षमा सिनेमा धेरै फक्रिएको हुन सक्छ । तर, शान्तिदूतका रूपमा यसको भूमिकामा अझै सुधार आवश्यक छ । उल्टै यसलाई त सरकारहरूले आफ्नो सैन्य कारबाहीको पुष्टि गर्नका लागि निरन्तर प्रयोग गरेका छन्, कहिले सांकेतिक, धेरैजसो स्पष्ट प्रोपोगान्डाका रूपमा ।

रुसको संस्कृति मन्त्रालयले ती फिल्महरूलाई प्राथमिकता दिइरहेको छ, जसले युक्रेनमा रुसको युद्ध प्रयासलाई समर्थन गर्छन् । गत वर्ष रुसले 'द विटनेस' नामक फिल्म रिलिज गऱ्यो । युद्ध जारी रहँदा रिलिज गरिएको यो दुईघन्टे प्रोपोगान्डा प्रोजेक्टले किभमा बस्ने एक बेल्जियन भायलिनवादकको कथा बोल्छ । लेनिनले सिनेमालाई सबै कलामध्ये अत्यधिक महत्त्वपूर्ण भनेका थिए । र, पुटिनको सत्तामा पनि यसको विशेष ठाउँ छ ।

ठूलो जनसंख्यालाई प्रभावित गर्न सक्ने सिनेमाको शक्तिलाई यसका सुरुवाती दिनबाटै स्विकारिएको थियो । ग्रिफिथले आदर्शवादी अपिल गर्नुअघि नै फिल्मलाई राष्ट्रिय शक्तिको प्रवर्द्धन गर्ने र युद्धकालमा जनसमर्थन बटुल्ने माध्यमका रूपमा प्रयोग गरिएको थियो । उदाहरणका लागि, पहिलो विश्वयुद्धका दौरान बेलायत सरकारले युद्ध प्रयासलाई बाढावा दिन सिनेमाटोग्राफ कमिटी गठन गरेको थियो । यस कमिटीले निर्माण गरेको पहिलो डकुमेन्टी 'हाउ ब्रिटेन प्रिपियर्ड'ले बेलायतको युद्धमोह देखाएको थियो । उद्देश्य थियो, सैनिकको आत्मविश्वास बढाउने र दुस्मन सेनाको कमान्डमा डर सिर्जना गर्ने । त्यसले युवाहरूको हृदयमा राष्ट्रवाद जगाउने र उनीहरूलाई भर्ती हुन प्रेरित गर्ने काम गरेको कुरालाई नकार्न सकिन्न । लन्डनमा भएको प्रिमियरको दृश्यबारे एउटा पत्रिकाले लेखेको थियो, 'यदि कुनै कुराले भर्ती हुन सहयोग गर्न सक्छ भने यस्ता चलचित्रले भर्ती हुने सिपाहीको हृदयलाई पक्कै पनि आनन्दित पार्नुपर्छ ।'

दोस्रो विश्वयुद्धमा अमेरिकी सैनिकहरूले विदेशी भूमिमा लड्नुपरेको कुरालाई पुष्टि गर्न फ्रयांक काप्राले धारावाहिक नै तयार गरेका थिए । १९४२ देखि १९४५ सम्म 'हवाई वी फाइट' शीर्षकमा निर्माण गरिएका सातवटा फिल्म पक्कै पनि कुनै सरकारले आफ्नो युद्ध प्रयासको बचाउ गर्न मूलधारका फिल्म निर्देशकको सहयोग लिएर गरिएको कार्यको सबैभन्दा चर्चित उदाहरण हो ।

पहिले यी फिल्महरू सैनिकलाई मात्रै देखाउने योजना बनाइएको थियो । तर, राष्ट्रपति फ्रयांकलिन रुजवेल्टलाई युद्धमा समर्थन बटुल्नका लागि यी सिनेमा सर्वसाधारणलाई पनि देखाउनुपर्छ भन्ने महसुस भयो । यसरी, अमेरिकी आर्सनलमा क्यामेरा र स्क्रिम एक महत्त्वपूर्ण हतियार बन्यो । पछिल्लोपटक पनि अमेरिकाले आफ्ना सेनाको नाम चम्काउन चर्चित फिल्महरूको सहारा लिइरहेको छ । जब १९८६ मा टप गन दर्शकमाझ पुग्यो, तब अमेरिकी सेनामा भर्ती हुनेको संख्या पाँच सय प्रतिशतले बढ्यो । चलचित्र हेर्न जानेहरूलाई आकर्षित गर्नका लागि कतिपय सिनेमाघर अगाडि नै भर्ती केन्द्रका टेबुलहरू राखिएका थिए । टम क्रुजले हाम्फालेको दृश्य देशभरका हजारौं युवालाई सैनिक भर्तीकेन्द्रमा तान्न पर्याप्त थियो, भ्वाइसओभर र न्युजरिल फुटेज आवश्यक नै परेन । उत्कृष्ट प्रोपोगान्डाले आफूलाई कहिल्यै प्रोपोगान्डा भन्नुपर्ने आवश्यकता पर्दैन ।

तर, सिनेमाको प्रयोग पश्चिमाले मात्रै गरेनन् । अफ्रिका र दक्षिण अमेरिकामा उपनिवेशवादविरुद्ध चलेको संघर्षमा पनि फिल्मलाई प्रमुख हतियारका रूपमा प्रयोग गरियो । केही चलचित्र कुनै देशमाथि उपनिवेशले थोपरेको भावनात्मक र आर्थिक श्रमबारे केन्द्रित थिए, अन्य फिल्मले आन्दोलनको आह्वान गरेका थिए । ल्याटिन अमेरिकामा पुँजीवादविरोधी फिल्म अभियान चल्यो । उपनिवेशवादी शक्तिहरूले आफ्नो सामर्थ्यलाई थप सुदृढ बनाउन सिनेमाको प्रयोग गरेको थर्ड सिनेमाका ज्ञाताले राम्रोसँग बुझेका थिए । यो स्वाभाविक थियो, प्रतिक्रियामा प्रतिक्रान्तिकारी सिनेमा आयो ।

उपनिवेशविरुद्धको संघर्षलाई गिल्लो पोन्टेकोर्भोको १९६६ को फिल्म 'द ब्याटल अफ अल्जियर्स'ले उतारेको छ, यसले फ्रान्सेली उपनिवेशविरुद्ध अल्जेरियनले गरेको हिंसात्मक प्रतिरोधलाई देखाएको छ । फिल्ममा देखाइएका डरलाग्दा एक्सनलाई ब्ल्याक प्यान्थर र आइआरएले प्रशिक्षण निर्देशिकाका रूपमा प्रयोग गरेका थिए । यो फिल्मले हिंसालाई मलजल गर्न सक्छ भन्ने फ्रेन्च सरकारले राम्ररी बुझेको थियो, उसले फिल्मको प्रदर्शनमै प्रतिबन्ध लगाइदियो । केही सिनेमाले बेजोडसँग शान्ति र सहकार्यको आह्वान गरेका छन् । सन् १९४० मा रिलिज भएको 'द ग्रेट डिक्टेटर'को अन्त्यतिर चार्ली चाप्लिनले मानवताका लागि गरेको चिच्याहट र रुवाइ निकै चर्चित छ । यो फिल्मलाई चार्ली आफैंले लेखन, निर्देशन र निर्माण गरेका थिए ।

च्याप्लिनले एक यहुदी नाईको भूमिका निभाएका छन्, जसलाई भूलवश मानिस एडेनोइड हिन्केल भनेर भुक्किन्छन् । हिन्केल हिटलरको प्यारोडी गर्छन् । यी नाईले हिन्केलजस्तै बनेर एक सार्वजनिक भाषण दिन्छन्, तर उनले संघर्षका लागि उत्प्रेरित गर्नुको साटो उपदेश दिने अवसर उपयोग गर्छन् । भन्छन्, 'सैनिकहरू ! आफूलाई क्रूरको हातमा जान नदिनुस् । जसले तिमीहरूलाई तिरस्कार गर्छ, गुलाम बनाउँछ । तिमीहरूको जीवनलाई रेजिमेन्ट गर्छ । के गर्ने, के सोच्ने र कस्तो महसुस गर्ने भनेर भन्छ । यस्ता अप्राकृतिक मानिससमक्ष आफूलाई नसुम्पिनू । मेसिनको दिमाग र हृदय भएका मेसिन म्यानसँग नसुम्पिनू । तिमीहरू मेसिन होइनौ, गाईवस्तु होइनौ, तिमीहरू मानिस हौ । तिमीहरूसँग मानवताप्रति आफ्नो हृदयमा प्रेम छ ।' च्याप्लिनको भाषण शान्तिको आह्वान मात्र थिएन । यो त तानाशाहविरुद्ध मानिसहरूलाई एकीकृत गर्ने रुवाई थियो । 'सैनिकहरू दासताका लागि नलड,' च्याप्लिन रुन्छन्, 'स्वतन्त्रताका लागि लड ।' उनका भावनाहरू काप्राको फिल्म 'हवाई वी फाइट' मा व्यक्त भएजस्तै छन् । र, यी दृश्य आज हेर्दा पनि कुनै भावुक व्यक्तिको मन रुन सक्छ ।

दुर्भाग्य, १९२४ मा ग्रिफिथले गरेको भविष्यवाणीभन्दा दुनियाँ आज निकै भयावह भइसकेको छ । हजारौंले अझै पनि विश्वभर भइरहेका युद्धमा ज्यान गुमाइसकेका छन् । र, सिनेमालाई अझै पनि दमनकारी र विस्तारवादीको सेवामा प्रयोग गरिएको छ । सिनेमाले कहिल्यै पनि तानाशाहको मस्तिष्क बदल्दैन । तर, यसले देशका मानिसलाई प्रतिरोध गर्न प्रेरित गर्न सक्छ । सिनेमाको आविष्कार नभएको भए पछिल्लो एक शताब्दीमा कम वा बढी हिंसा हुन्थ्यो ? यो भन्न असम्भव छ । के निश्चित छ भने हामी सैनिक युद्धलाई निमिट्यान्न पार्नबाट धेरै टाढा छौं । आशा छ, अर्को सय वर्षमा हामी कम्तीमा थोरै नजिक हुनेछौं ।

(द गार्जियनबाट **अन्वेषण अधिकारी**को अनुवाद)

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २० माघ ०८०

नेपाल–भारत 'पिटुपी' विद्युत् व्यापार अन्योलमा

भारतमा २७ सय मेगावाट विद्युत् बिक्री गर्ने सम्झौता गरे पनि कार्यान्वयन अनिश्चित

मिलन विश्वकर्मा/नयाँ पत्रिका

लाइसेन्स नपाउँदा नेपाल र भारतका निजी कम्पनीबीच पिटुपी (प्राइभेट टु प्राइभेट) हुने भनिएको अन्तरदेशीय विद्युत् व्यापार अन्योलमा परेको छ। अहिले सरकारी स्वामित्वको नेपाल विद्युत् प्राधिकरणले मात्रै भारतमा विद्युत् व्यापार गर्दै आएकोमा नेपाल र भारतका निजी क्षेत्रले पनि एक-आपसमा विद्युत् खरिद-बिक्री गर्ने गरी विभिन्न सम्झौता गरिसकेका छन्। तर, नेपाली निजी क्षेत्रबाट स्थापित कम्पनीले सरकारबाट लाइसेन्स नपाउँदा पिटुपी मोडलमा गर्ने भनिएको नेपाल-भारत विद्युत् व्यापार अन्योलमा परेको हो।


प्रचलित 'विद्युत् ऐन, २०४९' अनुसार निजी क्षेत्रले विद्युत् व्यापार गर्न पाउँदैनन्। तर, सरकारले पहिलेदेखि नै निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न दिने आश्वासन भने दिँदै आएको छ। त्यसपछि स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)ले नेपाल पावर एक्सचेन्ज लिमिटेड (नेपेक्स) नामक कम्पनीसमेत स्थापना गरिसकेको छ। नेपाल इन्फ्रास्ट्रक्चर बैंक (निफ्रा)ले पनि विद्युत् व्यापार गर्ने कम्पनी स्थापना गरेको छ।

यसैगरी, व्यवसायी मोतीलाल दुगड, सन्दीप शाहसहितका समूहले पनि विद्युत् व्यापार गर्ने कम्पनी स्थापना गरेका छन्। तर, उनीहरूलाई सरकारले अझै विद्युत् व्यापारको लाइसेन्स दिएको छैन। उता नेपाल विद्युत् प्राधिकरणले स्थापना गरेको कम्पनीलाई भने पुस ०७८ मै लाइसेन्स दिइएको छ। तर, त्यसले विद्युत् व्यापारको काम भने गरेको छैन।

त्यसले गर्दा निजी क्षेत्रबाट भारतमा दुई हजार सात सय मेगावाट विद्युत् बिक्री गर्ने गरी भएको सम्झौताको कार्यान्वयन पनि अनिश्चित बनेको छ। भारतको मनीकरण पावर कम्पनीले नेपेक्समार्फत पाँच सय मेगावाट विद्युत् किन्ने गरी पुस ०७८ म समझदारी गरेको थियो। ०७९ को वर्षा ऋतुबाटै विद्युत् किन्ने गरी उक्त समझदारी भएको थियो। तर, नेपेक्सले लाइसेन्स नपाउँदा त्यो समझदारी कार्यान्वयनमा जान सकेको छैन।

त्यसपछि गत वैशाखमा इप्पानले आयोजना गरेको पावर समिटमा मनीकरणले नै नेपेक्समार्फत दुई सय मेगावाट विद्युत् किन्ने गरी अर्को सम्झौता गरेको थियो। सोही सम्मेलनकै अवसरमा भारतको वेदान्त लिमिटेडले नेपालबाट दुई हजार मेगावाट विद्युत् किन्ने गरी नेपेक्सलाई नै आशयपत्र पठाएको थियो। आगामी पाँच वर्षमा सोबराबरको विद्युत् किन्ने वेदान्तको आशयपत्रमा उल्लेख छ। तर, सरकारले लाइसेन्स दिन ढिलाइ गर्दा उक्त समझदारी अन्योलमा परेको नेपेक्सका प्रबन्ध निर्देशक आशिष गर्गले बताए।

'सरकारले प्राधिकरणको कम्पनीलाई लाइसेन्स दिइसक्यो। तर, निजी क्षेत्रको कम्पनीलाई अझै दिएको छैन। त्यसले गर्दा भारतीय निजी क्षेत्रसँग गरेको विद्युत् व्यापारसम्बन्धी सम्झौता कार्यान्वयनमा चुनौती भएको छ। हामी एकदमै निराश भएका छौं,' उनले भने, 'यसमा थप ढिलाइ भयो भने भारतीय पक्ष पनि बिच्किन सक्छ। तसर्थ, सरकारले निजी क्षेत्रलाई विद्युत् व्यापारको लाइसेन्स दिने काम द्रुत गतिमा अघि बढाउनुपर्छ।'



■ निजी क्षेत्रको व्यापारिक महत्त्व

सरकारी प्रक्रिया पूरा गर्नुपर्ने बाध्यताका कारण पनि नेपाल-भारत विद्युत् व्यापारमा पर्याप्त मात्रामा उपलब्धि हासिल गर्न सकिएको छैन। भारतसँग विद्युत् व्यापार सुरु भए पनि समयमै स्वीकृत नपाउँदा पछिल्लो दुई बर्खामै विद्युत् खेर गएको थियो। यस्तो अवस्था आउन नदिन पनि विद्युत् व्यापारमा निजी क्षेत्र आउन आवश्यक रहेको उपाध्यक्ष गर्गले बताए। 'अन्तरदेशीय विद्युत् व्यापारमा प्राधिकरणको योगदान ठूलो छ। तर, अब सरकारी निकायबाट मात्रै अन्तरदेशीय विद्युत् व्यापारलाई विस्तृत रूपमा विकास गर्न सकिँदैन। सरकारी प्रक्रिया पूरा गर्दा नै समय बितिसक्छ। समयमै आवश्यक निर्णय गर्नेलगायतका विषयमा नीति तथा प्रक्रियागत रूपमै ढिलाइ हुन्छ,' उनले भने, 'तर, हामीले समयमै उचित निर्णय लिन सक्छौं। हामी आफैं भारतमा गएर बजार विस्तार गर्न सक्छौं। त्यहाँको विद्युत् व्यापार कम्पनीसँग आवश्यक सम्झौता गर्न सक्छौं। सरकारलाई जस्तो धेरै प्रक्रिया पूरा गर्नुपर्दैन। त्यसो गर्दा विद्युत् खेर जाने समस्या पनि हुँदैन। तसर्थ, निजी क्षेत्रलाई विद्युत् व्यापारको लाइसेन्स दिनु देशकै लागि फाइदाजनक विषय हो।'

नेपेक्सका अध्यक्षसमेत रहेका इप्पानका निवर्तमान अध्यक्ष कृष्णप्रसाद आचार्यले अर्को विकल्प नहुँदा भारतीय पक्ष पर्खिन बाध्य भएको बताए। 'भारतलाई चाहिएको ग्रिन इनर्जी हो, जुन नेपालमा धेरै उत्पादन गर्न सकिन्छ। भारतलगायतका अन्य देशमा यसको उत्पादन सम्भावना न्यून छ। तसर्थ, भारतसँग नेपालबाहेक अर्को विकल्प छैन,' उनले भने, 'त्यसैले हामीले समयमै काम गर्न नसक्दा पनि उनीहरू पर्खेर बस्न बाध्य भएका छन्। तर, अब यसमा ढिलाइ हुनुहुँदैन। सरकारले कसरी हुन्छ, निजी क्षेत्रलाई तत्काल विद्युत् व्यापारको लाइसेन्स दिनुपर्छ।'

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले गत २७ भदौमा संसद्मा विद्युत् विधेयक, २०८० दर्ता गरेको छ। उक्त विधेयकमा निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न दिने व्यवस्था गरिएको छ। तर, त्यो विधेयक संसद्बाट तत्काल पारित भएर ऐनका रूपमा लागू हुने सम्भावना न्यून छ। त्यसमाथि निजी क्षेत्रले उक्त विधेयक फिर्ता गरेर प्रचलित 'विद्युत् ऐन, २०४९' बाटै विद्युत् व्यापारको बाटो खुला गर्न माग गरेको छ। त्यो अवस्थामा विशेष व्यवस्था तथा निर्णय गरेर भए पनि निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न दिनुपर्ने व्यवसायीको भनाइ छ।

भारतले १० वर्षमा नेपालबाट १० हजार मेगावाट विद्युत् किन्ने गरी सम्झौता गरिसकेको छ। अहिले प्राधिकरणले भारतमा ६ सय ५७ मेगावाटसम्म विद्युत् निर्यात गर्ने अनुमति पाएको छ। निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न दिएमा समयमै उक्त लक्ष्य प्राप्ति गर्न सकिने इप्पानका उपाध्यक्षसमेत रहेका आशिष गर्ग बताउँछन्।

■ लाइसेन्स दिने सरकारी गृहकार्य

यसअघि सरकारले ०७९ असोजमा अध्यादेश ल्याएर नै निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न दिने प्रयास गरेको थियो। ऊर्जा मन्त्रालयको प्रस्तावमा ७ असोज ०७९ को मन्त्रिपरिषद्ले विद्युत्सम्बन्धी अध्यादेश स्वीकृत गरेर राष्ट्रपति कार्यालयमा पेस गरेको थियो। १ असोज ०७९ बाट प्रतिनिधिसभाको कार्यकाल सकिएपछि सरकारले अध्यादेश ल्याउने प्रयास गरेको थियो। तर, तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले त्यो प्रमाणीकरण गरिनन्।

सरकारले ०५८ मा पनि विद्युत् व्यापार गर्ने अन्य संस्था ल्याउने नीति ल्याएको थियो। तर, तत्कालीन समयमा त्यसलाई कार्यान्वयन गर्न ल्याइएको विद्युत् विधेयक संसद्बाट फिर्ता भयो। दोस्रोपटक ०७७ मा नयाँ विद्युत् विधेयक बनाएर पुनः संसद्मा पेस गरिएको थियो। तर, त्यो पनि संसद्बाट पारित हुन सकेन। ०७८/७९ मा मन्त्रालयले यसका लागि कार्यविधि ल्याउन खोजेको थियो। तर, कानुन मन्त्रालयले कानुनी व्यवस्था नभएको भन्दै त्यसमा स्वीकृत दिएन। अहिले संसद्मा विचाराधीन विधेयकमा निजी क्षेत्रलाई विद्युत् व्यापार गर्न दिने नीति छ। तर, त्यो समयमै पारित हुनेमा निजी क्षेत्र विश्वस्त छैन।

कृषिदशक घोषणाको तयारीमा सरकार

मौलिक र परम्परागत कृषि प्रणालीलाई जोड दिने गरी दस्ताबेज निर्माण हुँदै

भोजराज भण्डारी/नयाँ पत्रिका

सरकारले कृषिदशक घोषणा गर्ने तयारीलाई तीव्रता दिएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले १० पुसमा राष्ट्रको नाममा सम्बोधन गर्दै ०८१-०९१ लाई कृषिदशक घोषणा गर्ने बताएका थिए। त्यसलाई अन्तिम रूप दिन कृषि तथा पशुपक्षी विकास मन्त्रालयले निजी क्षेत्र, मातहतका निकायहरूका प्रतिनिधि, प्रदेश र स्थानीय पालिकाहरूसँग छलफल गरेर दस्ताबेज निर्माण गरिरहेको छ।

यसअघि पनि विभिन्न समयमा आइरहेको नीति तथा कार्यक्रम र मन्त्रीहरूको योजनामा कृषिदशक घोषणाको योजना भए पनि कार्यान्वयनमा आउन सकेको थिएन। तर, यसपटक सरकारले कृषिदशकलाई कार्यान्वयन गर्ने लक्ष्यका साथ तयारीलाई तीव्रता दिएको कृषि तथा पशुपक्षी विकास मन्त्रालयकी प्रवक्ता सबनम सिवाकोटीले बताइन्। निजी क्षेत्र, कृषकका प्रतिनिधिहरू र लगानीका विषयमा छलफल गर्ने र दस्ताबेज बनाउने काम भइरहेको उनको भनाइ छ। उनले भनिन्, 'अहिले घोषणाका लागि छलफलको विषयवस्तुलाई दस्ताबेजीकरण गर्ने र त्यसका लागि एउटा सानो टिम बनाएर काम गरेका छौं, आगामी वैशाखसम्म एउटा विशेष कार्यक्रम गरेर दशक घोषणा गर्ने तयारी छ।' लगानी दशकमा कृषि बहुआयामिक पक्षहरूलाई समेटेर लाइभ स्टक क्षेत्र, गैरकृषि र निजी क्षेत्रलाई समेटेर अघि बढाइने उनको भनाइ छ।

कृषि मन्त्रालयका अनुसार दशकका लागि लगानीको स्रोत, वास्तविक किसानको पहिचान र उद्देश्यबारे छलफल भइरहेको छ। त्यस्तै, चालू आर्थिक वर्षको बजेटमार्फत उल्लेख भएका विषयवस्तुलाई पनि समेटेर लैजाने तयारी छ। नेपालमा कृषि उत्पादन गरेर वर्षैभर खान पुग्ने परिवारको संख्या ४५ प्रतिशत मात्रै रहेको कृषि गणना ०७८ को तथ्यांकले देखाएको छ। त्यो तथ्यांकअनुसार ३९ लाख ९९ हजार परिवार खेतीपातीमा आबद्ध छन् भने एक लाख ३२ हजार परिवारले पशुपक्षी पालन गरेका छन्।

■ बजेटका विषयवस्तुलाई पनि समेट्ने

कृषिदशक घोषणामा मन्त्रालयले चालू आर्थिक वर्षको बजेटमा प्रस्तुत भएका विषयवस्तुलाई पनि समेट्ने भएको छ। बजेटमा प्रधानमन्त्री कृषि आधुनिकीकरणअन्तर्गत सञ्चालित १६ वटा सुपर जोन, प्रदेश सरकारअन्तर्गत सञ्चालन हुने ६ सय ६० ब्लक र स्थानीय तहमा सञ्चालित एक हजार ५३ पकेट क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ। त्यस्तै, कृषिका रैथाने बालीलाई यो दशकमा पहिलो प्राथमिकतामा राखिने मन्त्रालयले जनाएको छ। जसमा परम्परागत र प्राकृतिक तथा पोषणयुक्त रैथाने खाद्यान्न बालीको बिउ संरक्षण गरी खेती विस्तार गरिनेछ। सरकारले जुम्लाको मार्सी धान, पाल्पा र सल्यानको अदुवा, गुल्मीको कफी, मुस्ताङको आलुलगायतका उत्पादनको ब्रान्डिङ बजारीकरणलाई १० वर्षमा प्राथमिकतामा राखेर काम गर्ने तयारी गरेको छ।

सरकारले कृषिदशक घोषाणा गर्नुअघि कृषिका संरचना र रणनीतिलाई परिवर्तन गर्न आवश्यक रहेको कृषिविज्ञ उद्धव अधिकारी बताउँछन्। उनी भन्छन्, 'दशकको रूपमा लैजानु एकदम राम्रो हो, तर कृषिसँग जोडिएको सिँचाइ, भूमिलगायत निकायलाई केन्द्रित गर्नुपर्छ।'

■ मोबाइल ल्याब भ्यान सञ्चालन गर्न मन्त्री भुसालको निर्देशन

काठमाडौं/ कृषि तथा पशुपक्षी विकासमन्त्री डा. बेदुराम भुसालले मोबाइल ल्याब भ्यान तत्काल सञ्चालन गर्न निर्देशन दिएका छन्। खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको अर्धवार्षिक प्रगति समीक्षालाई सम्बोधन गर्दै मन्त्री भुसालले लामो समयदेखि डम्पिङ साइटमा थन्किएका मोबाइल ल्याब भ्यानलाई सञ्चालन गर्न निर्देशन दिएका हुन्।



सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

बजारमा मानव स्वास्थ्यमा असर पार्ने गुणस्तरहीन खाद्य वस्तुको बिगबिगी बढेपछि सरकारले त्यस्ता वस्तुको गुणस्तर परीक्षणका लागि प्रयोगशालासहितका ती मोबाइल भ्यान किनेको थियो। झन्डै २४ करोड रुपैयाँ खर्चेर किनिएका ती भ्यान प्रयोगविहीन अवस्थामा छन्। मोबाइल भ्यान सञ्चालन गर्नुपर्ने कारणसहित भुसालले भने, 'तेस्रोपटक भन्दै छु, मोबाइल भ्यान तत्काल सञ्चालन गर्नुस्। यो भ्यान कुनै पनि तरिकाले सञ्चालन गर्नुपर्नेछ। चलाउन नसके हात उठाऔं, अर्को व्यवस्था हुन्छ।' मन्त्री भुसालले चलाउन नसक्ने भए त्यसको आधार प्रस्तुत गर्न निर्देशन पनि दिएका छन्। पटक-पटक भ्यान सञ्चालनका लागि मौखिक निर्देशन दिए पनि भ्यान सञ्चालन सुरु नभएको थाहा पाएपछि मन्त्री भुसालले पुनः निर्देशन दिएका हुन्।

उनले विभागले सम्पादन गरेको कामप्रति त्यति धेरै सन्तुष्ट नभएको बताए। समीक्षामा प्रस्तुत विषयभन्दा अझ बढी काम गर्न सकिने उल्लेख गर्दै जनतालाई केन्द्रमा राखेर कार्य सम्पादन गर्न निर्देशन दिए। जनतासँग खाद्यको विषय जोडिएको भन्दै विभागले काममा सक्रियता देखाउनुपर्ने उनको भनाइ थियो।

लेखा समितिले हमालमाथि छानबिन गर्न दिएको समय सकियो

तर, बुझाइएन प्रतिवेदन



काठमाडौं/ सार्वजनिक लेखा समितिले धितोपत्र बोर्डका निवर्तमान अध्यक्ष रमेशकुमार हमालमाथि छानबिन गर्न दिएको ३० दिनको समय सकिएको छ। समितिले ३० दिनभित्र प्रतिवेदन बुझाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग र सम्पत्ति शुद्धीकरण विभागलाई दिएको समय गत शुक्रबार सकिएको हो।

म्याद गुज्रिए पनि हालसम्म निर्देशन दिएका कुनै पनि निकायले समितिमा जवाफी प्रतिवेदन नबुझाएको सार्वजनिक लेखा समितिका सचिव एकराज गिरीले बताए। उनले भने, 'समय तोकेर दिएको अवधि सकिएको छ, अहिलेसम्म कसैले पनि प्रतिवेदन बुझाएका छैनन्।' सार्वजनिक लेखा समितिको १२ पुसमा बसेको बैठकले निवर्तमान हमालले आर्थिक चलखेल गरी अवाञ्छित र अपारदर्शी रूपमा विभिन्न कम्पनीहरूलाई प्रिमियम मूल्यमा आइपिओ (प्राथमिक सेयर)को अनुमति दिएर गैरजिम्मेवारीपूर्ण कार्य गरेको ठहर गरेको छ। समितिले उनको सम्पत्ति छानबिन गर्न सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागलाई ३० दिनभित्र कार्यप्रगति विवरण बुझाउन निर्देशन दिएको थियो।

त्यति मात्र होइन, समितिले तीन वर्षभित्र प्रिमियम मूल्यमा सेयर जारी गर्ने विभिन्न कम्पनीहरूले जारी गरेका प्रिमियम सेयरहरू औचित्यपूर्ण भए-नभएको र गैरकानुनी थियो-थिएन भन्ने विषयमा निष्कर्षमा पुग्न पनि निर्देशन दिएको थियो। छानबिनका क्रममा दोषी देखिएमा सम्बन्धित पदाधिकारीलाई कानुनबमोजिम कारबाहीको प्रक्रियामा लैजान पनि ३० दिनको समय दिएको थियो। नेपाल धितोपत्र बोर्डले पनि कानुनलाई संशोधन गरेको विषयमा समितिलाई जानकारी दिनुपर्नेममा हालसम्म कुनै जवाफ पठाएको छैन। धितोपत्र बोर्ड स्रोतका अनुसार कानुन संशोधन गरेको विषयमा समितिले मागेको जवाफका बारेमा एकपटक कर्मचारीहरू र कानुनविद्सँग छलफल गरेको छ। एक अधिकारीले भने, 'कानुन संशोधन गर्ने-नगर्ने सम्पूर्ण अधिकार अध्यक्षमा निर्भर हुन्छ, अब बोर्डले के पत्र पठाउँछ, अझै टुंगिएको छैन।'

साथै, समितिले बिमा कम्पनीहरूले प्रिमियममा सेयर बिक्री गर्न नेपाल बिमा प्राधिकरणले स्वीकृति दिनु बिमा ऐन र सर्वसाधारण लगानीकर्ताको हितविपरीत रहेको निष्कर्ष निकालेको थियो। समितिले प्राधिकरणलाई लगानीकर्ताको हितविपरीत रहेको भन्दै तत्काल सच्याउन निर्देशन दिएको थियो। प्राधिकरणले समितिको निर्देशन पाएपछि प्रिमियम मूल्यमा जारी भएको कम्पनीको सेयरबापतको रकमलाई जगेडा कोषमा राख्न निर्देशन दिएको छ।

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी १५ दिने सूचना

सूचना प्रकाशित मिति : २०८०/१०/३० गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

बोलपत्र पेश गर्ने अन्तिम मिति २०८०/११/०५ गते कार्यालय समय भित्र

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय लहान, सिराहाबाट तपसिलको कर्जा शीर्षक अर्न्तगत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दे-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दे-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि **१५ (पन्ध्र) दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनाने समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१) ऋणीको नाम : अरुण कुमार यादव बाबुको नाम : सुरज यादव बाजेको नाम : विहारी यादव ठेगाना : फुलकहाकट्टी-०५, सिरहा, हाल : धनगढीमाई-०५, सिरहा ना.प्र.नं. : १५३०४९/९७८, जारी मिति : २०६३/१०/११ जारी गर्ने कार्यालय : जि.प्र.का. सिरहा **कर्जा शिर्षक : हायर पर्चेज कर्जा** **कर्जा लिएको शाखा : लहान, सिराहा**	**क) नाम: सुरज यादव** बाबुको नाम: विहारी यादव बाजेको नाम : विरे यादव ठेगाना : फुलकहाकट्टी-०५, सिरहा हाल : धनगढीमाई-०५, सिरहा ना.प्र.नं. : ११२०/४५०/२ जारी मिति : २०४४/१२/०९ जारी गर्ने कार्यालय : जि.का., सिराहा **ख) नाम: श्री वती देवी यादव** पतिको नाम: सुरज यादव ससुराको नाम : विहारी यादव ठेगाना : फुलकाहाकट्टी-०५, सिरहा हाल : धनगढीमाई-०५, सिरहा ना.प्र.नं. : १५३०४९/९१६ जारी मिति : २०६३/१२/१० जारी गर्ने कार्यालय: जि.प्र.का., सिराहा
सुरक्षणमा रहेको धितोको विवरण: श्री सांग्रिला डेभलपमेन्ट बैंकको नाममा दर्ता कायम रहि ऋणी अरुण कुमार यादव भएको निम्नानुसारको सवारी साधन १ थान। **सवारी दर्ता नं.: प्र२–०१००१ च०४२१,** कम्पनीको नाम: टाटा मोटर्स लि. मोडेल : XENON - YODHA, सवारीको नाम : पिक अप बनेको साल :२०२१, हर्ष पावर/सि.सि. : २९५६ C.C. ईन्जिन नम्बर : 4SPCR10DYX616560, च्यासिस नम्बर: MAT464602MSR06697 सवारीको रङ्ग :सेतो, सवारीको प्रयोग : निजि	

शर्तहरु :

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०८२-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०८२-९२०६५०१०७०५०१ को "SADBL – Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदे जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय लहान, सिराहामा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथै सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाडौं

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मितिः २०८०/१०/२०

यस अस्पतालबाट मिति २०८०/०९/०९ गते प्रकाशित रासन सप्लाइको बोलपत्र आह्वान गरिएको सम्बन्धी सूचना (IFB No.: STIDH/NCB/1-2080/81) अनुसार प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपशील बमोजिमको बोलपत्र सारभूतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशील :


सि.नं.	बोलपत्र नं.	विवरण	छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अङ्क
1	STIDH/NCB/01-080/81	Rasan Supply	श्री बटुक भैरव सप्लायर्स, ललितपुर	रु. ३५,६९,८०५.६०/- (भ्याट सहित)

काठमाडौं, पोखरा, बिराटनगर, माडी, ठोरी, बारा लगाएत अन्य बिभिन्न शहरहरुमा रु. दश लाख देखि होमइस्टे र घडेरीहरुमा लगानीको लागी, इच्छुक लगानीकर्ताहरु हामीलाई सम्पर्क गर्न हुन अनुरोध गर्दछौं।
स्थलगत भ्रमणमा जाने आउने कम्पनीको खर्चमा गरिने जानकारी गराउँदछौं।
पोखरा सारांगकोटमा,
१०६ आना जग्गा तुरुन्त बिक्रिमा
रिसोट तथा होउजङ्गिको लागी उपयुक्त
सम्पर्क नं: ९८४१३६२६१३

शनिबार २० माघ ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

आधा घण्टाको अन्तरमा दोहोरो स्वर्ण जितेँ

२० वर्षपछि नेपालले दक्षिण एसियाली खेलकुद (साग) आयोजनाको अवसर पाएको थियो, जसमा नेपालले ऐतिहासिक प्रदर्शन गर्दै सर्वाधिक ५१ स्वर्ण जित्यो । धेरै खेलाडीले व्यक्तिगत रूपमा इतिहास रचे, जसमा तेक्वान्दोकी आयशा शाक्य पनि थिइन् । एकै संस्करणमा दुई स्वर्ण जित्ने पहिलो तेक्वान्दो खेलाडीको रेकर्ड उनले आफ्नो नाममा राखिन् । तेक्वान्दोमा तीन स्वर्ण जित्ने उनी पहिलो महिला खेलाडीसमेत हुन् । सन् २०१० मा ढाकामा पहिलो स्वर्ण हात पारेकी आयशाले नौ वर्षपछि स्वर्ण जित्दा बिलकुल फरक अनुभव गरिन् । उनले दुई वर्ष र ६ वर्षका छोरालाई छाडेर प्रशिक्षणमा होमिएकी थिइन् । परिवारलाई छाडेर प्रशिक्षण गर्नु र दोहोरो स्वर्ण जित्दाको क्षण उनले **श्रीलोचन राजोपाध्याय**लाई यसरी सुनाइन् :



१



२

१. १३औँ सागमा महिला एकल तीस वर्षमाथि स्वर्ण जितेपछि ।
२. सागको एकै संस्करणमा दोहोरो स्वर्ण जितेपछि छोरासँग खुसी साट्दै ।

> म आफ्नो गेम सकेपछि अर्काको हेर्न सक्दिनँ । मैले समर्थन गरेको टोली वा खेलाडी सधैँ हार्ने गर्छन् । दोस्रो खेलपछि एउटा कुनामा गएकी थिएँ । अन्तिम नतिजा आउँदा मैले सागमा इतिहास बनाएकी रहेछु ।

नेपालमा आयोजना भएको १३औँ दक्षिण एसियाली खेलकुद (साग)लाई लाइफ टर्निङ प्वाइन्टका रूपमा लिने गरेकी छु । यसै सागले मलाई वास्तवमा चिनाएको जस्तो लाग्छ । यसअघि पनि सागमा स्वर्ण जितेकी थिएँ । तर, मलाई आयषा शाक्य भनी तेक्वान्दोमा ब्रान्डिङ बनाउने १३औँ सागले गरेको हो । काठमाडौँमै आयोजना भएको सागमा प्राप्त दुई स्वर्ण सम्झँदा हर्षित र भावुक हुने गर्छु । खुसी यस अर्थमा छु कि, तेक्वान्दोमा मैले एकै संस्करणमा दुई स्वर्ण जित्दै इतिहास बनाएँ । १८ महिनाको दुधेबालकलाई छाडेर प्रशिक्षण गर्दाको क्षण सम्झँदा अहिले पनि असाध्यै भावुक हुन्छु । दुई बच्चाकी आमा भएर स्वर्ण जित्दाको महत्त्व फरक हुँदो रहेछ । यही नै एक खेलाडीको जीवनकथा हो । करिअरमा प्राप्त हुन त हरेक पदक विशेष नै लाग्छ ।

चाहे त्यो २००६ मा दोहा एसियाडमा जितेको कांस्य वा सन् २०१० मा ढाका सागमा जितेको पहिलो स्वर्ण । तैपनि, मलाई जीवनको सबैभन्दा यादगार क्षण सन् २०१९ को १३औँ साग लाग्छ । सागमा सहभागी हुनेक्रममा मैले घरमा दुई वर्ष र ६ वर्षका छोरालाई छाडेर प्रशिक्षण गरेकी थिएँ । सामान्य रूपमा बच्चालाई दुई वर्षसम्म दूध खुवाउनुपर्छ । तर, मैले सानोबाबुलाई दुई वर्षसम्म निरन्तर दूध खुवाउन पाइनँ । सागका लागि नेपाली तेक्वान्दो टोलीले नौ महिनाअघिदेखि नै प्रशिक्षण गरेको थियो ।

विशेष तयारी तीन महिनाको थियो । सानोबाबुलाई दूध खुवाउँदै-खुवाउँदै प्रशिक्षणमा जाँदा धेरै पीडाबोध भयो । त्यसवेला सानोबाबुलाई न्याय नगरेको जस्तो महसुस हुन्छ । मैले यो के गरेको होला ? सानो बच्चा छाडेर खेल्न गइरहेकी छु । कहीं मेरो निर्णय गलत थिएन ? सागमा राम्रो नतिजा आउँछ कि आउँदैन भन्ने प्रश्न उब्जिरहेको थियो । सागको अन्तिम छनोटपछि एक महिनाको क्लोज क्याम्प राखिएको थियो । क्लोज क्याम्पमा रहँदा कसैसँग भेटन नपाउने थियो ।

प्रशिक्षणका क्रममा दुईवटै बच्चाको सम्झना झलझली आउँथ्यो । कहिलेकाहीं क्याम्पबाट घर जाँदा सानोबाबुलाई नभेटी जान्थेँ । मलाई देखेपछि छोराहरू रुन्थे । भेट्दा र पछि छाड्दा कतै सानोबाबु बिरामी हुने होइन भन्ने लाग्थ्यो । बच्चा बिरामी हुँदा त्यसको असर आमाबुबामाथि नै हुन्छ । यसैकारण घर जाँदा कैयौँपटक बाबुहरूलाई नभेटी केवल अनुहार मात्र हेरी फर्कने गरेकी थिएँ । त्यसवेला म स्वयं पनि सम्हालिन सक्ने अवस्थामा हुँदिनथेँ । आमाको मन त हो । कुनचाहिँ आमालाई रहर हुन्छ, भर्खरका दुधेबालक छाडेर प्रशिक्षणमा जान । सागमा राम्रो नतिजा निकाल्न सकेसम्म बच्चासँग मैले डिस्टेन्स मेनटेन गरेकी थिएँ ।



पुम्से हेर्दा सहज, तर कठिन

सन् २०१६ को भारतमा आयोजना भएको १२औँ सागमा म झिनो अन्तरले स्वर्ण जित्न वञ्चित भएँ । त्यसवेला सागमा फेरि स्वर्णका लागि प्रतिस्पर्धा गर्छु भनी सोचिनँ । सिलोडमा रजतमै सीमित हुँदा अब मेरो तेक्वान्दो करिअर यहाँसम्मै भनी सम्झेकी थिएँ । १२औँ सागमा रजत विजेताहरूलाई एसियन च्याम्पियनसिपमा मौका दिइएको थियो । त्यहाँ पनि खेल गुमाएँ । त्यसपछि अब गेम छाड्नुपर्छ र भगवान्ले नै मलाई यहाँसम्म तेक्वान्दो खेल्न पठाएको भन्ने लागेको थियो । त्यही वेला हाम्रो घर निर्माण कार्य सुरु भएको थियो । लगातारजसो तेक्वान्दोमा सोचेजस्तो नतिजा नपाएपछि तेक्वान्दोबाट टाढिएँ । आठौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअघिसम्म म पूरै एक गृहिणीकै रूपमा घर हेर्न व्यस्त भएँ ।

यसैवेला आठौँ राष्ट्रिय खेलकुदको हल्ला चलेको थियो । प्रतियोतिगामा पुम्से समावेश थियो । आर्मीको महिला पुम्से टोलीमा एक खेलाडी आवश्यक रहेथ्यो । मलाई पहिलेदेखि नै पुम्से मन पर्थ्यो । आर्मीकै प्रमुख प्रशिक्षक दानबहादुर ऐरी गुरुले मलाई प्रस्ताव गर्नुभयो । उहाँले केवल टिम इन्ट्रीका लागि प्रस्ताव राख्नुभएको थियो । मैले मेरा श्रीमान् दीपक विष्टसँग छलफल गरेँ । केवल १० दिनको प्रशिक्षणमा आर्मीबाट बृहत् खेलकुदमा सहभागी भएँ । त्यहाँ मैले कांस्य जितेँ । तेस्रो स्थान हात पारेको हुँदा म फेरि तेक्वान्दोको राष्ट्रिय टोलीमा 'इन' भएँ । यही टोली साग गेमको तयारीमा जुटेको थियो । सागको क्लोज क्याम्पमा शतप्रतिशत मिहिनेत गरेँ ।

धेरै पछि पुम्से विधामा प्रतिस्पर्धा गर्न पाउँदा खुसी थिएँ । यसमा पनि कडा अभ्यास गर्न पाउँदा झनै खुसी भएँ । पुम्से हेर्दा सजिलोजस्तो लाग्छ, तर त्यतिकै कठिन छ । पुम्से एक किसिमले डेमोजस्तै हो । यसमा टाइमिङदेखि पावर कन्ट्रोल आवश्यक पर्छ । अनब्यालेन्स हुँदा महत्त्वपूर्ण अंक खोसिन्छ । पुम्से प्रदर्शनका क्रममा आवाज निकाल्नुपर्ने स्थानमा नआउँदा पनि अंक जान्छ । स-साना गल्तीमा समेत अंक खोसिने सम्भावना हुन्छ ।

स्वर्ण जित्ने कल्पना थिएन

टू बी अनेस्ट । मैले १३औँ सागमा स्वर्ण जित्छु भनी कल्पना नै गरेकी थिइनँ । प्रतिस्पर्धाको दिनमा मलाई एउटै मात्र डर थियो, एरिनाभित्र अनब्यालेन्स हुने । फेरि पुम्सेमा सामान्य स्टेप पनि बिर्सनुहुँदैन । साउन्ड गर्न बिर्सँदा ठूलो अंक काटिन्छ । जति मिस्टेक हुन्छ, त्यति नै अंक घट्दै जान्छ । स्टेपअनुसार साउन्ड गर्न बिर्सिए ३ अंक घट्छ । त्यो भनेको मेजर अंक हो । अनब्यालेन्स भएर लड्दा पनि ठूलो गल्तीका रूपमै लिने गरिन्छ । यही पक्षमा चिन्ता थियो । ३० वर्षमाथिको पुम्से विधाको एकलतर्फ मेरो पालो पहिलो थियो । खेल्नुअघि मैले जे सोचेकी थिएँ, त्यही भयो । खेल्नेक्रममा म अनब्यालेन्स हुन पुगेँ । त्यसवेला मेरो स्कोरिङ सात अंकमाथि थियो । सुरुवाती अंकमा म सहभागीमध्ये पुछारमा थिएँ । पुम्से बिग्रँदा हलको एक कुनामा खुबै रोएर बसेँ । कसैसँग बोल्न म लागेन । परिवार र स-साना दुई बच्चा छाडेर तेक्वान्दो खेल्न आउँदा पनि महत्त्वपूर्ण प्रतियोगितामा राम्रो गर्न सकिनँ । जीवनमा पुनः एकपटक खेल्ने मौका आएको थियो ।

त्यसमा राम्रो गर्न सकिनँ । यहाँसम्मको यात्रामा गरेको मिहिनेत क्षणमै समाप्त भयो । अब मेरो लाइफ फेरि समाप्त भयो भन्दै सम्झिरहेँ । तर, मलाई अरूले समर्थन गरिरहेका थिए । संयोगवश के भयो भने हाम्रो समूहमा सहभागी अन्य राष्ट्रका खेलाडीले पुम्से गर्ने बिर्से । सहभागी कसैले छाडेर गए । त्यसवेला मैले प्राप्त गरेको अंक विपक्षीहरूको भन्दा माथि रह्यो । बिस्तारै मेरो स्वर्णको चान्स बढ्यो । अन्तिम नतिजा ठ्याक्कै कल्पनाविपरीत थियो । एकैपटक हलमा सबैले 'आयषा'ले स्वर्ण जितिछे भनी चिच्याउँदै आए । म रोएर बसेको स्थानमा उनीहरूले खुसी मनाउन थाले । मलाई विश्वास लागेको थिएन । मेरो स्कोरिङ स्वर्ण पदक जित्ने काफी थिएन । सबैले मलाई तानेर एरिनामा लग्दै स्वर्णको खुसी मनाए । उफ ! त्यो पहिलो स्वर्णको क्षणको बयान अहिले पनि गर्न सक्दिनँ ।

३० मिनेटको अन्तरमा दोस्रो स्वर्ण जितेँ

पहिलो स्वर्ण जितेपछि मेरो दोस्रो खेल ३० मिनेटभित्र थियो । वास्तवमा दोस्रो स्वर्ण जित्दा मभन्दा आर्मीका सञ्जीव ओझा दाइको हात अत्यधिक थियो । उहाँले बारम्बार 'आयशा' गुरु दोस्रो स्वर्ण पनि आउँछ' भनी हौसला दिइराख्नुभयो । हामीलाई आधा घण्टा ब्रेक थियो । एकै दिन दोहोरो स्वर्ण जित्न म तयार नभए पनि करिअरकै बेस्ट दिने संकल्प गरेँ । सञ्जीव दाइ र म पार्टनरका रूपमा एरिनामा उत्रियौँ । हामीले पहिलोमा ८.८ र दोस्रो ८.९ स्कोर ल्यायौँ । औसतमा नेपालको अंक ८.९ रह्यो । सञ्जीव दाइ यस अंकमा स्वर्ण जित्न ढुक्क हुनुहुन्थ्यो । उहाँसँग मैले अगाडिदेखि नै अभ्यास गरेकी थिएँ । यसपटक कुनै डर भएन । हामीले आठ स्कोरभन्दा माथि ल्याउने योजनासाथ प्रदर्शन गरेका थियौँ । म आफ्नो गेम सकेपछि अर्काको हेर्न सक्दिनँ । मैले समर्थन गरेको टोली वा खेलाडी सधैँ हार्ने गर्छन् । दोस्रो खेलपछि एउटा कुनामा गएकी थिएँ । अन्तिम नतिजा आउँदा मैले सागमा इतिहास बनाएकी रहेछु । जुन मलाई थाहा थिएन । तेक्वान्दोमा तीन स्वर्ण जित्ने म पहिलो महिला खेलाडी भएँ । यसअघि म्याराथनमा वैकुण्ठ दाइले तीन र मेरा श्रीमान् दीपकले चार स्वर्णको रेकर्ड राख्नुभएको थियो । अहिले मेरा नाममा तीनवटा स्वर्ण आए । तत्कालै मैले घरमा ममी-ड्याडीलाई बाबुहरूलाई ल्याउनु भनेँ । गेम हुँदासम्म उनीहरूलाई नल्याउन भनेकी थिएँ । बाबुहरूलाई देखेपछि आफूलाई रोक्न सकिनँ । दुवैलाई अँगालो मार्दै हर्षको आँसु बगाएँ । दुई छोराको अनुहार देखेपछि सबै पीडा हरायो । अहिले पनि दुई बच्चाका लागि नै दुई मेडल जितेको जस्तो लाग्छ ।

■ आहा रारा गोल्डकप

आर्मी र थ्री स्टार उपाधिका लागि प्रतिस्पर्धा गर्दै



कास्कीमा रोहितराज पराजुली

२३औँ आहा रारा गोल्डकप फुटबल प्रतियोगिताको उपाधिका लागि शनिबार पोखरा रंगशालामा हुने त्रिभुवन आर्मी र थ्री स्टार क्लबबीच भिड्न्त हुँदै छ । आर्मी यसअघि चारपटक फाइनलमा पुग्दा पनि उपाधविहीन छ । थ्री स्टारले पाँचपटक ट्रफी उचालेको छ । थ्री स्टारको यो सातौँपटकको फाइनल यात्रा हो । ०७५ मा सम्पन्न प्रतियोगिताको फाइनलको टाइब्रेकरमा ५-४ ले आर्मीलाई थ्री स्टारले हराएको थियो । पाँच वर्षपछि आर्मीले फाइनलमा व्यहोरेको हारको बदला लिने अवसर निकालेको छ । यसपटकको फाइनल जसले जिते पनि रेकर्ड बन्नेछ । आर्मी पहिलो र थ्री स्टार छैटौँपटक उपाधि उचाल्नका लागि प्रतिस्पर्धा गर्नेछन् ।

आर्मीले प्रिक्वार्टरफाइनलमा राइजिङ स्टार फुटबल क्लबलाई १-० ले हराएको थियो । क्वार्टरफाइनलमा आर्मीले साबिक विजेता संकटामाथि ३-० र सेमिफाइनलमा चर्च ब्वाइज युनाइटेडलाई २-१ ले पाखा लगाएको थियो । थ्री स्टारले उद्घाटन खेलमा आयोजक सहारा क्लबलाई २-१ ले र क्वार्टरफाइनलमा भुटानको पारो फुटबल क्लबलाई २-० ले हरायो । सेमिफाइनलमा जावलाखेल युथ क्लबलाई १-० ले हराउँदै थ्री स्टारले अन्तिम दुईमा आफ्नो स्थान पक्का गरेको थियो ।

थ्री स्टार छैटौँ र आर्मी पहिलोपटक ट्रफी उचाल्ने योजनामा

उपाधि भिडन्तको एक दिनअघि शुक्रबार आर्मीका प्रशिक्षक मेघराज केसीले यसपटक आर्मीले उपाधि जित्ने दाबी गरेका छन् । 'आर्मी यसपटक इतिहास कोर्ने उद्देश्यसहित मैदान उत्रनेछ,' केसीले भने, 'जितका लागि टोली सक्षम छ । लगातार चार-पाँच महिनादेखि निरन्तर अध्यासमा खेलाडी छन् ।' यसअघि आफ्नै प्रशिक्षणमा थ्री स्टारले दुईपटक उपाधि जितेको स्मरण गर्दै उनले अब तेस्रोपटक आर्मीलाई ट्रफी दिलाउने आत्मविश्वास देखाए । 'यसपटकको संस्करणमा धेरै टोलीले समेत नयाँ खेलाडीलाई मैदानमा उतारे, फाइनल खेल दर्शकका लागि हेर्न लायक र रोमाञ्चक बनाउने हामी प्रयास गर्छौं,' केसी भन्छन् ।

गुरु र चेलाबीचको भिडन्त

पोखरा रंगशालामा आर्मी र थ्री स्टारबीच प्रतिस्पर्धा भइरहँदा टर्च लाइनमा रमाइलो दृश्य देख्न पाउने पक्का छ । थ्री स्टारका प्रशिक्षक विक्रम लामा र आर्मीका मेघराजले आ-आफ्ना खेलाडीलाई निर्देशन दिइरहनेछन् । यसमा रमाइलो पक्ष के भने मेघराज थ्री स्टारका पूर्वप्रशिक्षक हुन् । अहिले थ्री स्टारको प्रशिक्षकको जिम्मेवारी भूमिका निर्वाह गरिरहेका लामालाई समेत प्रशिक्षण गराए । यसकारण आजको भिडन्तमा गुरु र चेलाबीच श्रेष्ठताको लडाइँ हुनेछ । थ्री स्टारका प्रशिक्षक विक्रम लामाले आफ्नै गुरुविरुद्ध प्रतिस्पर्धा गर्न लागेकाले फाइनललाई एउटा अवसरका रूपमा लिने बताए । 'गुरुले सिकाएका पक्षहरूलाई मनन गरी सोहीअनुसार मैदानमा प्रस्तुत हुने प्रयास हुनेछ,' लामाले भने, 'उपाधिका लागि उत्साहित छु, यसका लागि मिहिनेत गरेको छु ।' फाइनलसम्मको यात्रामा भएका गल्ती सुधार भएको बताउँदै उनले उपाधि भिडन्तमा थप सुधार हुने जनाए ।

फ्रेन्च लिगमा सावित्राको उडान

नयाँ पत्रिका

नेपाली राष्ट्रिय महिला फुटबल टोलीकी स्ट्राइकर सावित्रा भण्डारीले फ्रान्सको शीर्ष डिभिजन लिग खेल्ने भएकी छिन् । फ्रान्सेली शीर्ष डिभिजन क्लब अन आभान्ट ग्वेङगाम्पले उनलाई एक वर्षको सम्झौता गरेको छ । 'क्लबसँग सम्झौता भयो । देशको प्रतिनिधित्व गरेको फ्रेन्च लिग खेल्दै छु । धेरै मिहिनेत गर्नुपर्छ,' सावित्राले फ्रान्सबाट नयाँ पत्रिकासँग भनिन् । क्लबले पनि एक भिडियो सन्देशसहित सावित्रालाई अनुबन्ध गरेको पुष्टि गरेको छ । क्लबका अनुसार उनको सम्झौता यो सिजनको जुनसम्म र त्यसपछिको पूरा सिजनसम्म रहनेछ ।

सावित्रा र क्लबबीचको सम्झौता रकम खुलाएको छैन । सावित्राले क्लबमा २८ नम्बर जर्सी लगाउनेछिन् । लमजुङकी सावित्रा यसै साता क्लबसँग सम्झौता गर्न फ्रान्स पुगेकी थिइन् । पहिलो दिनको प्रशिक्षणमा समेत उनी सहभागी भएकी छिन् । 'पहिलो दिन राम्रो भयो । आफ्नो तर्फबाट सक्दो राम्रो प्रयास गर्छु,' उनले भनिन् । सावित्रा फ्रान्सको लिग खेल्ने पहिलो नेपाली फुटबलर हुन् । दक्षिण एसियाको प्रतिनिधित्व गर्दै फ्रान्सको लिग खेल्ने पहिलो महिला खेलाडीसमेत बनेकी छिन् ।

> फ्रान्सेली शीर्ष डिभिजन क्लब अन आभान्ट ग्वेङगाम्पमा अनुबन्ध हुने सावित्रा पहिलो नेपाली खेलाडी

सावित्रा अनुबन्ध भएको ग्वेङगाम्प १२ खेलमा आठ अंक जोड्दै तालिकाको १०औँ स्थानमा छ ।

क्लबलाई रेलिगेसनबाट माथि उठाउन सावित्रालाई चुनौती हुन सक्छ । लिगमा अब अन आभान्ट ग्वेङगाम्पले १० खेल खेल्न बाँकी छ । सावित्रा गत वर्ष मात्र युरोपको शीर्ष डिभिजन लिग खेल्ने पहिलो नेपाली खेलाडी बनेकी थिइन् । एक वर्षको अन्तरालमा उनको दोस्रो सफलता हो । उनले इजरायली क्लब हापोयल रानानाबाट घरेलु लिग खेलेकी थिइन् । इजरायलले युरोपेली फुटबलको प्रतिनिधित्व गर्दै फुटबल खेल्ने गरेको छ । सावित्राले अन्तर्राष्ट्रिय फुटबलमा नेपालका लागि सर्वाधिक ४३ गोल गरिसकेकी छिन् ।

भारत हुँदै खुलेको ढोका

सावित्राको विदेशी लिग उडान भारतीय महिला लिग हुँदै सुरु भएको हो । भारतीय लिगमा उच्च प्रदर्शनसँगै उनको युरोपमा खेल्ने ढोका खुलेको हो । उनले भारतीय लिगमा गोकुलम केरेलालाई दुई तथा सेथु एफसीलाई एकपटक च्याम्पियन बनाइन् । सावित्राले सन् २०१८/१९ मा पहिलोपटक सेथु एफसीमा अनुबन्ध भएकी थिइन् । अहिले गोलरक्षक एन्जिला तुम्बापो सुब्बाले कप्तानी गरिरहेको सेथुबाट तत्कालीन समय सावित्रासहित अनिता बस्नेतले उपाधि नै जितेका थिए । सेथुबाट उपाधि जितेपछि सावित्रा अर्को २०१९/२० को सिजन गोकुलम केरेलामा आबद्ध भइन् । त्यसपछि पनि गोकुलम च्याम्पियन भयो । सन् २०२१/२० को सिजनमा घाइते हुँदा उनले लिग गुमाइन् । सन् २०२२/२३ को सिजनमा पुनः गोकुलमलाई उपाधि जिताउन उनी सफल भइन् । यसपछि उनी इजरायल हुँदै फ्रान्स पुगेकी हुन् । भारतमा तीन सिजन खेल्दा उनले सर्वाधिक ५९ गोल गरिन् । सावित्राले भारतीय उत्कृष्ट स्ट्राइकर बाला देवीकोले चार सिजनमा गरेको ४८ गोललाई उछिनेकी थिइन् ।



खेल संक्षेप

भारत एक सय ३२ रनले विजयी

काठमाडौं/ आइसिसी यू-१९ पुरुष एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगिताअन्तर्गत सुपर सिक्स-एक समूहमा नेपाल भारतसँग एक सय ३२ रनको विशाल अन्तरले पराजित भएको छ । दक्षिण अफ्रिकामा चलिरहेको प्रतियोगिताको शुक्रबार भारतले पहिलो ब्याटिङ गरी पाँच विकेटको क्षतिमा दुई सय ९७ रनको योगफल बनाएको थियो । प्रत्युत्तरमा नेपालले ५० ओभरमा नौ विकेट गुमाएर एक सय ६५ रन जोडेको थियो । भारतको ब्याटिङमा उदय सहरामले सय रन तथा सचिनले एक सय १६ रन बनाए । नेपालका लागि गुलसन झाले तीन विकेट लिए । प्रत्युत्तरमा नेपालका लागि कप्तान देव खनालले सर्वाधिक ३३ रन जोडे । आकाश चन्द र दुर्गेश गुप्ताले अन्तिम विकेटका लागि ४५ रनको साझेदारी गरेका थिए ।

बंगलादेशसँग नेपालको हार

काठमाडौं/ साफ यू-१९ महिला च्याम्पियनसिपको पहिलो खेलमा शुक्रबार नेपाल बंगलादेशसँग ३-१ ले पराजित भएको छ । खेलको ४०औँ मिनेटमा बंगलादेशकी सगोरिकाले १-० को अग्रता दिलाइन् । खेलको ४२औँ मिनेटमा बंगलादेशले दोस्रो गोलको अग्रता लियो । यसपटक मुन्की अख्तरले गोल गरिन् । नेपालका लागि खेलको ५४औँ मिनेटमा सुक्रिया मियाले २-१ का लागि गोल फर्काइन् । खेलको ५७औँ मिनेटमा सगोरिकाले व्यक्तिगोल गर्दा बंगलादेश ३-१ ले अघि रह्यो । प्रतियोगितामा नेपाल, बंगलादेश, भारत र भुटान गरी चार टोली सहभागी छन् । प्रतियोगितामा नेपालले आइतबार भुटानको सामना गर्नेछ । नेपालले मंगलबार भारतसँग खेल्नेछ ।

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com